# बुद्ध शासनको इतिहास

(प्रथम भाग)



प्रकाशक :

धर्मकीर्ति विहार

श्रीघः, नघल टोल

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाली भाषा)

१. बौद्ध दर्शन
२. पञ्चशील
३. शान्ति
४. नारी हृदय
५. पटाचार स्थविर चरित
६. बुद्ध शासनको इतिहास (भाग - १)
७. नेपाली ज्ञानमाला
८. बुद्ध र वहाँको विचार
९. बौद्ध ध्यान
१०. लक्ष्मी (प्र.सं.)
११. उखानको कथा संग्रह
१२. बौद्ध जगतमा स्वास्थ्य सेवा
१३. वेस्सन्तर जातक
१४. सतिपट्ठान भावना
१५. बौद्ध विश्वास (भाग-१)
१६. बौद्ध विश्वास (भाग - २)
१७. बौद्ध दर्पण
१८. महासतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान
१९. सप्त रत्न धन
२०. सफलताको कथा
२१. धर्म : एक चिन्तन
२२. मानव महामानव
२३. निरोगी
२४. जातक कथा
२५. प्रज्ञा चक्षु
२६. तथागत हृदय
२७. सतिपट्ठान विपस्सना
२८. बौद्ध प्रश्नोत्तर
२९. परित्राण (प्र.सं.)
३०. बुद्ध पुजा विधि र कथा संग्रह (प्र.स.)
३१. मैले बुझेको बुद्ध धर्म
३२. बुद्धको जीवनी र दर्शन
३३. आमा बाबु र छोराछोरी
३४. स्नेही छोरी
३५. परित्तसुत्त (पाली भाषा)
३६. मति राम्रो भए गति राम्रो हुनेछ
३७. बुद्ध र बुद्ध पछि
३८. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय" र बुद्धको जन्मभूति नेपालमा बुद्ध प्रति असहिष्णुता
३९. अ. धम्मवती
४०. बौद्ध ज्ञान
४१. संक्षिप्त बुद्ध जीवनी
४२. मिलिन्द प्रश्न (भाग - १)
४३. मिलिन्द प्रश्न (भाग- २)
४४. श्रमण नारद
४५. मानव स्वभाव
४६. महास्वप्न जातक
४७. बुद्ध पूजा विधि र कथा संग्रह (द्वि. सं.)
४८. बौद्ध ध्यान
४९. बौद्ध विश्वास (भाग - ३)
५०. बुद्धको अन्तिम यात्रा (प्रथम भाग)
५१. लक्ष्मी (द्वि.सं.)
५२. सम्यक शिक्षा
५३. परित्राण (द्वि. सं.)
५४. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
५५. बुद्ध पूजा विधि कथा संग्रह र परित्राण
५६. बुद्ध पुजा विधि र परित्राण
५७. बुद्ध पुजा विधि
५८. लक्ष्मी (तृ.सं.)
५९. बुद्धको शिक्षात्मक उपदेश
६०. शान्ति मार्ग
६१. पहिलो गुरुको हुन् ?
६२. क्षान्ति र मैत्री (प्र.सं.)
६३. दान पारमिता
६४. बुद्धको संस्कृति र महत्व
६५. बोध कथा र बौद्ध चरित्र
६६. मिलिन्द प्रश्न भाग - १ (तृ.सं.)
६७. संक्षिप्त बुद्ध वंश भाग-१ (द्वि.सं.)
६८. चिरं तिट्ठतु सद्धम्मो
६९. मिलिन्द प्रश्न भाग-२ (द्वि.सं.)
७०. संक्षिप्त बुद्ध वंश भाग-२ (प्र.सं.)
७१. संक्षिप्त बुद्ध वंश भाग-२ (द्वि.सं.)
७२. महास्वप्न जातक (तृ.सं.)
७३. बुद्ध पुजा विधि र कथा संग्रह (तृ.सं.)
७४. चित्त शुद्ध भए जीवन उज्ज्वल हुने छ (प्र.सं.)
७५. प्रौढ बौद्ध कक्षा र लक्ष्मी
७६. नक्कली देवता
७७. आमा बुबाको सेवा
७८. बुद्धको मूल उपदेश
७९. शाक्यमुनि बुद्ध
८०. मणिचूड जातक (द्वि.सं.)
८१. मानिसलाई असल बनाउने बुद्ध शिक्षा (प्र. सं)
८२. क्षान्ति र मैत्री (द्वि. सं)
८३. मती राम्रो भए गति राम्रो हुन्छ। (तृ. सं.)
८४. बुद्ध शासनको इतिहास प्रथम भाग (द्वि. सं.)

## Dharmakirti Publication

### (English)

1. Buddhist Economic and the Modern World
2. Dharmakirti Vihar Today
3. Dharmkirti Vihar
4. "Dharmakirti in Nut Shell"
5. Dhamma and Dhammawati

Downloaded from http://dhamma.digital

# बुद्ध शासनको इतिहास

(प्रथम भाग)

लेखक

भिक्षु अमृतानन्द महास्थविर

आनन्दकुटी

Dhamma.Digital

अनुवादकः

धर्मरत्न शाक्य

त्रिशूली

Downloaded from http://dhamma.digital

प्रकाशक :

धर्मकीर्ति बौद्ध अध्ययन-गोष्ठी

श्रीघः, नघल टोल

काठमाडौं

बुद्ध सम्वत् : २५४९

नेपाल सम्वत् : ११२५

विक्रम सम्वत् : २०६२

इस्वी सम्वत् : २००५

दोस्रो संस्करण १५०० प्रति

कम्प्यूटर डिजाईन

भरतकृष्ण महर्जन

पुरूषोत्तम लम्साल

नील सरस्वती छापाखाना

लाजिम्पाट, काठमाडौं

फोन : ४४३३०५४

Downloaded from http://dhamma.digital



पुस्तक दाता दिलमान शाक्य

Downloaded from http://dhamma.digital

# धर्मदान

"सबै दानलाई धर्मदानले जित्छ" भन्ने बुद्ध वचनलाई शिरोपर गरी प्रस्तुत पुस्तक "बुद्ध शासनको इतिहास" छापी धर्मप्रेमी महानुभावहरूलाई धर्मदान गर्न पाएकोमा हामीलाई खुशी लागेको छ।

पुस्तकमा उल्लेखित ज्ञानवर्धक शिक्षाहरू सिकी पाठकवृन्दहरूले आ-आफ्ना जीवनलाई मंगलमय बनाउन सकुन् भनी शुभकामना व्यक्त गर्दछौं।

**दिलमान शाक्य**
**मिश्री देवी शाक्य**
**शरदमान शाक्य सहित सपरिवार**
मिति- २०६२ मंसीर २९

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

'प्रस्तुत पुस्तक "बुद्ध शासनको इतिहास" पहिला पनि प्रकाशन भइसकेको पुस्तक हो । पाठकवृन्दको बढ्दो मागलाई ध्यानमा राखी यस पुस्तक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहारको तर्फबाट पुन: प्रकाशन गर्न पाएकोमा हामीलाई खुशी लागेको छ ।

पुस्तक प्रकाशन गर्नको लागि आवश्यक सम्पूर्ण आर्थिक भार दाता उपासक दिलमान शाक्य सपरिवारको तर्फबाट बहन गर्नु भएको छ । दाता परिवारको आयु आरोग्य कामना गर्दछौं । साथै पुस्तक समयमा नै प्रकाशन गर्नको लागि आवश्यक सहयोग पुऱ्याउनु भएकोमा नील सरस्वती छापाखानालाई धन्यवाद ज्ञापन गर्दछौं ।

**भिक्षुणी धम्मवती**
शासन धज धम्माचरिय
अग्ग महागन्थवाचक पण्डित
अध्यक्ष
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
धर्मकीर्ति विहार श्रीघ: न:घल
काठमाडौं नेपाल ।

मिति- २०६२ मंसीर ३०

Downloaded from http://dhamma.digital

*नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स*
*उनी भगवान अर्हत सम्यक् सम्बुद्धलाई नमस्कार*

# बुद्ध शासनको इतिहास

## प्रथम संगीति

पैंतालीस वर्षसम्म धर्म उपदेश गरी देव मनुष्यहरूलाई कल्याण मार्गमा राख्दै भगवान शाक्यमुनीन्द्र विक्रम पूर्व ४८७ वैशाख पूर्णिमा मंगलवारका दिन पञ्चस्कन्धलाई सधैंको निम्ति त्याग गरी केवल शान्त अमृत महानिर्वाण धातुमा अनुपादिशेष महापरिनिर्वाण हुनु भयो। भगवान परिनिर्वाण हुने बित्तिकै समस्त कुशीनगरमा रुवावासी चल्यो । आकाश गुञ्जायमान भयो । विरह नगर्ने कोही रहेन। आस्रव (चित्तमल) क्षय नभएका भिक्षुहरू "तथागत कति चाँडै परिनिर्वाण हुनु भएको" भन्दै छटपटिँदै रून थाले, विरह गरे, शोक गरे। आस्रव क्षय भइसकेका अर्हत भिक्षुहरूले "संस्कार कसरी नित्य होला, सबै संस्कार अनित्य छ भनी" स्वभाव धर्मलाई सम्झी धैर्य गरे। यतातिर मल्लराजकुमारहरू सबै भगवानप्रति अन्तिम गौरव दर्शाउन तत्पर भएर कुनै कता कुनै कता कुडी रहे। उतातिर आनन्द स्थविर अधीर भई एक्लै थाप्लोमा हात राखी भगवानको पाउमुनि बसेर "भगवान ! तपाँइले मलाई यत्ति चाँडै किन छाडी जानु भएको ?" भन्दै रोई रहे।

Downloaded from http://dhamma.digital

सात दिनसम्म तथागतको पञ्चस्कन्ध देहलाई पुष्प, धूप, प्रदीप द्वारा पूजा गरी महाउत्सव गरे । सुदूर देशदेखि भगवानको अन्तिम दर्शन गर्न जनताहरू भेला भए। उता महाकाश्यप महास्थविर पाँचसय भिक्षु परिवार (परिषद) को साथ पावाबाट कुशीनगर आइरहेका थिए। बाटोमा थकाइ लागेर एक ठाउँमा रूखको छाँयामा विश्राम गर्नुभयो । कुशीनगरतिरबाट एकजना आजीवक आइरहेको देखेर महाकाश्यप स्थविरले उनीसंग सोधे :–

"आवुसो ! तिमीले हाम्रो शास्तालाई चिनेका छौ ?"

"चिनेको छु। तपाईंहरूको शास्तालाई मैले राम्रैसंग चिनेको छु। तर खेदको कुरा यो छ कि उनी गौतम बुद्ध कुशीनगरमा मल्लहरूको सालवनमा सधैंको निम्ति महापरिनिर्वाण हुनु भएको आज सात दिन भयो । यो मैले लिइराखेको मन्दारपुष्प त्यहींबाट लिएर आएको हो ।

आजीवकको कुरा सुन्ने बित्तिकै आस्रव क्षय नभएका भिक्षुहरू रूखका हाँगा ढले झैं ढली लडीबुडी गर्दै विलाप गरे । आस्रव क्षय भैसकेका भिक्षुहरूले अनित्यतालाई संझी संवेग प्रकट गरे। भिक्षुहरूको यो रोदन क्रन्दन देखेर सुभद्र नाउँ गरेको एक वृद्ध भिक्षुले भने :–

"आवुसो ! तपाईंहरू किन अधैर्य भएर विलाप गर्नु हुन्छ ? उनी तथागत छउन्जेल हामीलाई कति गाहारो थियो ? जहिले पनि यसो गर्नु हुँदैन उसो गर्नु हुँदैन भनी हामीलाई वन्धनमा राख्नु हुन्थ्यो । अब हामी वहाँको वन्धनबाट मुक्त भयौं । अब हामीलाई त्यस्तो आज्ञा दिने छैन । अब हामीले जुन जुन नियम सजिलो छ मनपर्छ त्यो नियमहरू मात्र पालन गरौंला । गाहारो नियम छाडी दिउँला । रोई कराई रहनु किन ?



Downloaded from http://dhamma.digital

नरोउ नकराउ । हामीलाई रोक्ने कोही छैन , वहाँको वन्धनबाट हामी राम्रैसंग मुक्त भयौं ।"

"सुभद्र भिक्षुले भिक्षुहरूलाई यसरी सम्झाई रहेको देखेर संघका नायक हुनुभएका महाकाश्यप महास्थविरको मनमा यस्तो भयो : –

"अहो संसार ! भगवान परिनिर्वाण हुनु भएको केही दिनमा नै यस्तो भन्ने भिक्षुहरु भैसक्यो भने पछि झन के के भन्ने निस्कने होलान् । यदि मैले उनी तथागतको उपदेशलाई राम्रोसंग एकै सूत्रमा संकलन गरिन भने वहाँको धर्म चिरस्थाई हुन सकिदैन । धर्म प्रेमीहरूलाई धर्मको कुरा जान्न बुझ्न समेत दुर्लभ हुनेछ । समय झन झन बिग्रन्दै जानेछ, धर्मलाई भन्दा अधर्मलाई गौरव राख्नेछन्, विनयलाई भन्दा अविनयलाई गौरव राख्नेछन्, यस्तो भयो भने लोकहितको ठाउँमा लोक अहित हुनेछन् । त्यस कारण चतु प्रतिसम्भिदा लाभी पाँचसय अर्हत भेला भएर तथागतको विविध धर्मस्कन्धलाई एकत्रित गरी राख्यो भने अवश्यमेव लोक उपकार हुनेछ कर्तव्य पालन पनि हुनेछ । भगवान परिनिर्वाण हुने बित्तिकै नै वहाँको शासन नष्ट गराउनु कदाचित ठीक छैन । अहिले नै यसको उपाय नगरे पछि झन कष्ट हुनेछ । "

यति विचार गरी महाकाश्यप महास्थविर त्यहाँबाट कुशीनगर जानु भयो । कुशीनगर पुगिसके पछि भगवानको देह अग्निसंस्कार गर्न लगी राखेको ठाउँमा पुग्नु भयो । वहाँ चितामा चढाई राखेको भगवानको देहलाई अन्तिम वन्दना गर्दै तीन पटक परिक्रमा गरी श्री चरणमा तीन पटक ढोग गरे । यति कार्य सम्पन्न हुने बित्तिकै चितामा आफै आफ अग्नी प्रज्वलित भएर आए ।



Downloaded from http://dhamma.digital

अन्तिम संस्कारको काम समाप्त भएपछि महाकाश्यप महास्थविरले सबै भिक्षुहरू एकत्रित गरी बाटोमा भएको घटनाको वृतान्त बताई आफ्नो मनको विचार प्रकट गर्नु भयो । सबैको विचार वहाँको विचारमा सुप्रसन्न भयो । अनि महाकाश्यप महास्थविरले त्यस संघ सभामा एक कम पाँच सय भिक्षुहरू संगायना गर्नुको निम्ति छान्नु भयो । आनन्द भिक्षु एकजना मात्र अर्हत हुन बाकी रहेको हुँदा वहाँलाई छान्नु भएन । पछि सम्पूर्ण भिक्षुहरूले नै वहाँलाई नछानी (नचुनी) हुदैंन भन्ने प्रस्ताव राखे । कसैले त "आनन्द भिक्षु यद्यपि अर्हन्त होइन तैपनि वहाँ एक विरलै धर्म भण्डागारिक हुनुहुन्छ । तथागतको छायाँ समान हुनु भएको छ। वहाँ नभैकन धर्म संगायनाको काम पूर्ण हुनै सक्दैन" भनी भने । सबैले भनेपछि महाकाश्यप महास्थविरले आनन्दलाई पनि छान्नु भयो । यति निश्चित भएपछि संगायना कहाँ गर्ने भन्ने विषयमा छलफल भयो । राजगृहमा राजा अजातशत्रु हुनु भएको र देश पनि समृद्ध भएकोले जति पनि आवश्यक व्यवस्था छ त्यो राम्रोसंग प्रबन्ध गर्न सजिलो हुने विचार गरी सर्वसम्मतिबाट संगायना गर्ने स्थान राजगृह निर्णय भयो । संगायना गर्नलाई छानी राखेका पाँचसय भिक्षु बाहेक अरू कुनै एकजना भिक्षु पनि राजगृहमा वर्षावास गर्न नपाउने भन्ने सल्लाह पनि भयो । यति सल्लाह भइसकेपछि वैधानिक रूपले यो सल्लाहलाई पास गर्दै यसरी प्रस्ताव राखे –

ज्ञप्ति – प्रस्ताव (Resolution) "आवुसो संघहरू ! तपाईंहरू प्रसन्न हुनुहुन्छ भने फलाना फलानाहरू पाँचसय भिक्षुहरू र ाजगृहमा वर्षावास गरेर धर्म संगायना गर्नु पर्‍यो; अरू एकजना भिक्षुसम्म पनि त्यस ठाउँमा वर्षावास नगर्नु पर्‍यो ।" – यो सूचना भयो ।



Downloaded from http://dhamma.digital

महाकाश्यप महास्थविरले यति प्रस्ताव संघ सभामा राखेपछि अर्को भिक्षु एकजना उठेर त्यस प्रस्तावलाई पास गर्न यसो भन्नुभयो –

अनुश्रावण–"भन्ते संघहरू ! यदि तपाई संघहरू संगायनाको निम्ति छानिएका पाँचसय भिक्षुहरू सबै राजगृहमा वर्षावास गरी धर्म संगायना गर्नुको निम्ति प्रसन्न हुनुहुन्छ भने तथा त्यहाँ अरू भिक्षुहरू कुनै एकजना पनि वर्षावास नगर्नुमा अप्रसन्न नहुनु भए चूप लाग्नु होला, अन्यथा बोल्नु होला ।" – यो अनुश्रावण भयो ।

"दोस्रो पटक भन्ते संघहरू, तेस्रो पटक पनि भन्ते संघहरू ! यदि तपाई संघहरू, धर्म संगायना गर्नुको निम्ति प्रसन्न हुनुहुन्छ भने; अप्रसन्न नहुनु भए चूप लाग्नु होला, अन्यथा बोल्नु हवस ।"

यसरी प्रस्तावलाई तीन पटक सम्म दोहऱ्याई सुनाई सके पछि पनि कसैले केही नबोले पछि फेरी यसरी प्रस्तावलाई स्वीकृत ठहराए :–

धारणा–" राजगृहमा पाँच सय भिक्षुहरू मात्र बर्षावास गरी धर्म संगायना गर्नुमा र अरू कुनै एक जना सम्म पनि भिक्षुहरू वर्षावास नगर्नुमा संघहरूको प्रसन्नता छ , राजी छ, तसर्थ सबैले नबोलिकन चूप लाग्नु भयो । अतएव यो प्रस्ताव सर्व सम्मतिबाट पास (स्वीकृति) भयो । यसमा सबैको चित्त बुझेको भनी धारणा (विश्वास) गर्दछु ।"

यसरी वैधानिक रुपले प्रस्ताव पास भए पछि भिक्षुहरू कुनै राजगृह गए कुनै कता गए । राजगृहमा जाने स्थविरहरूको मनमा यस्तो विचार आयो –

" भगवानले जीर्ण भैरहेको विहारलाई पुनरुद्धार गर्नु उत्तम छ भन्नु भएको छ । तसर्थ हामीले पहिले भत्की बिग्री राखेको विहार सच्याउनु पऱ्यो ।"



Downloaded from http://dhamma.digital

यति विचार गरी वहाँहरूले भत्की बिग्री रहेको विहार सच्याउनु भयो। यसरी वहाँहरूले एक महिना बिताउनु भयो।

उता आनन्द स्थविर भगवानको चीवर र पात्र बोकेर आफ्ना परिवार सहित श्रावस्ती जानु भयो। उनी श्रावस्तिमा आउनु भएको समाचार पाएर नगर बासि उपासक उपासिकाहरू धेरै वहाँको अगवानीको निम्ति आए। भेट भएका सबैले उनी आनन्द स्थविर संग यसरी सोधे :- "भन्ते ! पहिले पहिले तपाईं भगवानको साथ जानु भएर भगवानकोसाथै फर्कनु हुन्थ्यो। अहिले मात्र तपाईंले भगवानलाई कहाँ छाडी आउनु भएको ? वहाँको पात्र-चीवर मात्र तपाईंले ल्याउनु भयो । आज भोली उनि तथागत महाकारुणिक भगवान कहाँ हुनु हुन्छ।"

महाजनहरूको मायालु प्रश्नले गर्दा आनन्द स्थविरका आँखामा आँसु उम्लेर आयो। वहाँको आँखाबाट आँसु बगेर आएको देखेर सबै सुंक्क सुंक्क गर्दै रोए । क्रमशः रोएको शब्द फैलिन्दै श्रावस्ति नगर सबै बिरह ध्वनिले गुञ्जियो । फेरि एक पटक भगवान परिनिर्वाण हुनु भएको दिनमा जस्तै महारोदन भयो । यसरी जनताहरुको अधीरता देखेर रूखमा बसेका चराचुङ्गीहरू पनि भुक्किएर टोलाएर शोक गर्न थाले। अन्तमा आनन्द स्थविरले सबै महाजनहरूलाई थरथर कम्प भएको ओंठ, बीच बीचमा अडकेको तर नम्र नरम स्वरबाट निम्न धर्मोपदेश गर्नु भई धैर्य गराउनु भयो :-

"उपासक हो ! शास्ताले हामीलाई बारम्बार भन्नु भएको छ कि प्रिय वस्तुबाट बियोग हुनु दुःख, अप्रिय बस्तु संग संयोग हुनु दुःख।



Downloaded from http://dhamma.digital

हो, सम्पूर्ण संस्कार अनित्य छ एक निर्वाण बाहेक अरू कुनै नित्य छैन । जति पनि जन्म भएका प्राणीहरू छन् मरणबाट अन्त नभइ हुंदैन । त्यसकारण वहाँको स्थुल देह पनि आफुले उपदेश गर्नु भएको बचनको प्रमाण भ्रैं सँधै सुखमय निर्वाण धातुमा सँधैको निम्ति परि निर्वाण हुनु भयो ।"

यसरी जनसमूहलाई अनित्य बर्णन गरी चित्त शान्त गराई उनी भगवानको गन्ध कुटीमा गई पहिले भगवान छँदा जसरी वहाँको सेवा टहल गर्ने हो त्यस्तैनै पानी तताइ दतिवन राखी पंखा हम्की भगवानको पलङ्ग मुनि बसेर सेवा टहल गरी रहे । यसरी आनन्द स्थविरले भगवान नभएको गन्धकुटीमा भगवान भएको बेलामा जस्तै सेवा टहल गर्दै एक सप्ताह बिताउनु भयो । पछि एक जना सब्रह्मचारी भिक्षुले धर्म संगायनाको निम्ति राजगृहमा जानु पर्ने कुरा उठाए । यो कुरा सुनेर वहाँको मनमा यस्तो भयो :-

"अहो ! बर्षाबासको समय नजिक आयो । म भने अर्हत हुन सकेको छैन । म एक जना मात्र अर्हत नभइकन कसरी संगायनामा जाने । भइगो, शोक मात्र गरेर के गर्नु वीर्य बढाई ध्यान गर्नु पऱ्यो ।"

यति मनमा राखी वहाँले स्वास्थ्यको विचारले दुधको बिरेचन लिनु भई राजगृहमा जानु भयो । अनि त्यहाँ क्रमश ध्यान गर्नु भयो । एकदिन वहाँले चंक्रमण मात्र गरी ध्यान गर्नु भयो । उत्सन्नबीर्य भएको हुनाले शरीर क्लान्त भयो । थकाई मार्ने बिचारले वहाँ आफ्नो कोठामा गई खाटमा पल्टिनुको निम्ति खाटमा बस्नु भयो । पल्टिनुको निम्ति भुइँमा रहेको गोडा उठाई जिउ धल्काउंदै शीर तकिया तिर लानु भयो ।



Downloaded from http://dhamma.digital

शीर, तकियामा परेको थिएन गोडा जमिनबाट उठी सक्यो । यस्तो अवस्थामा उनको आस्रव सबै क्षय भइ अरहत्त हुनु भयो ।

राजगृहमा राजा अजातशत्रुको संरक्षणमा वेल्भार पर्वतको सप्तपर्णी गुफामा संगायनाको निम्ति सबै भेला भए । एक मात्र आनन्दको ठाउँ खालि थियो । वहाँको अनुपस्थितिले गर्दा काम शुरू गर्न अप्ठ्यारो भैरहेको थियो । भिक्षु संघको बिचमा वहांको विषयमा चर्चा चल्यो । ठीक सोही बेलामा आनन्द स्थविर ऋद्धि बलले "सप्तपर्णी" गुफामा आइपुग्नु भयो । सभामा बसेका सबैको चित्त प्रसन्न भयो । संगायना कार्य प्रारम्भ भयो ।

त्यस संघ सभामा सबभन्दा बृद्ध भिक्षु महाकाश्यप महास्थविर हुनु भएकोले वहाँले सर्व प्रथम संघ सभालाई यस्तो सूचना दिनु भयो :–

'आवुसो संघहरू ! यदि तपाईंहरूको चित्त प्रसन्न भए तथागत शासनको आयुष्मान भएको बिनयलाई नै हामीले पहिले संगायना गर्नु पर्छ । अतएव मैले सबभन्दा पहिले विनय संबन्धि प्रश्न उपालि महास्थविर संग गर्दछु ।

उपालि महास्थबिरले पनि संघ सभालाई यस्तो सूचना दिनु भयो :–

"भन्ते संघहरू ! यदि तपाईं संघहरूको चित्त प्रसन्न भए महाकाश्यप महास्थबिरले सोध्नु हुने बिनय सम्बन्धि प्रश्नको उत्तर मैले दिन्छु ।"

दुबै महास्थविरहरूले परस्पर संघको सन्मुख प्रस्ताव राखेर संघ सभाको स्वीकृति लिएर-क्रमशः यसरी प्रश्न गर्नु भयो :–



Downloaded from http://dhamma.digital

"आवुसो उपालि ।" पाराजिका शिक्षा भगवानले कहाँ आज्ञा गर्नु भएको ?

"भन्ते ! राजगृहमा ।"
"कसको कारणमा ? "
"सुदिन्न कलन्दक पुत्रको कारणमा ।"
के सम्बन्धमा ?
"मैथुन धर्म सम्बन्धमा ।"

यसरी महाकाश्यप महास्थविरले उपालि महास्थविरसंग पाराजिकाको कुरा सोध्नु भयो, निदान सोध्नु भयो । व्यक्ति, स्थान, आपत्ति अनापत्ति हुने कुरा सोध्नु भयो । एउटा नियमको विषयमा सोध्नु पर्ने ठाउँ रहे सम्म कुरा सोध्नु भयो । वहाँले सोधिएका सबै प्रश्नको उत्तर उपालि महास्थविरले दिनु भयो । यसरी सोधी सके पछि सबै भिक्षुहरूले त्यसलाई आवृति गर्नु भयो । यसै प्रकारले महाकाश्यप महास्थविरले सारा भिक्षु नियम सोध्नु भयो । विनय सम्बन्धि सबै कुरा सोधी सके पछि महाकाश्यप महास्थविरले आनन्द स्थविरसंग धर्म–सूत्र सम्बन्धि प्रश्न गर्न संघ सभाको सन्मुख यसरी प्रस्ताव राख्नु भयो :–

'आवुसो संघहरू ! यदि तपाईंहरूको चित्त प्रसन्न भए मैले आनन्द स्थविरसंग धर्म-सूत्र सम्बन्धि प्रश्न गर्दछु ।"

आनन्द स्थविरले पनि यसरी प्रस्ताव राख्नु भयो :–

"भन्ते संघहरू ! यदि तपाईं संघहरूको चित्त प्रसन्न भए महाकाश्यप महास्थविरले सोध्नु हुने धर्म-सूत्रको उत्तर दिन्छु ।



Downloaded from http://dhamma.digital

यत्ति परस्पर प्रस्ताव राखी सके पछि संघको सम्मति लिएर महाकाश्यप महास्थविरले आनन्द स्थविर संग सबभन्दा पहिले ब्रह्म जाल सूत्रको विषयमा यसरी प्रश्न गर्नु भयो :-

"आवुसो आनन्द ! ब्रह्म जाल सूत्र शास्ताले कहाँ उपदेश गर्नु भएको ?

"भन्ते राजगृह र नालन्दाको बीच अम्बलट्ठिकाको राजागारमै ।"

"कसको कारणमा ?"

"सुप्रिया परिब्राजक र ब्रह्मदत्त माणवकको कारणमा ।"

यसरी महाकाश्यप महास्थविरले आनन्द स्थविरसंग निदान, व्यक्ति, स्थान सोध्नु भयो । सोधी सके पछि सबै संघहरूले आवृति गर्नु भयो ।

यसै गरी पाँच निकायका सूत्रहरू सोध्नु भयो ।

यसरी प्रत्येक सूत्रको विषयमा माथि भने झैं सोधी सके पछि हरेक सूत्रादिको आशय अनुसार सूत्रको नामाकरण गर्नु भयो । उस्तै उस्तै समान रूपको सूत्रहरू छुट्याई बर्ग छुट्याउनु भयो । लामो लामो सूत्रहरू सबै एकै ठाउँमा राखी निकाय नामाकरण गर्नु भयो । यसरी पछिका विद्वानहरूलाई धर्मसूत्र खोज्न सजिलो गर्न सम्झन सजिलो गर्न बर्ग, खण्ड, सूत्र निकाय छुट्याई नामकरण गर्नु भयो । यति गरी सके पछि सम्पूर्ण विनय र धर्म सूत्र आवृति गर्नु भयो । यस बेला देखी कसैले बिशेष रूपले विनय सिक्ने जान्ने इच्छा गरे, कसैले धर्म सूत्र जान्ने बिशेष इच्छा गरे । यही तरिकाले पछि पछि सम्म धर्म र विनयको परम्परा चली आए ।



Downloaded from http://dhamma.digital

तथागत परिनिर्वाण भैसके पछि वहाँले पैंतालीस बर्ष सम्म विभिन्न स्थानहरूमा उपदेश गर्नु भएको धर्मस्कन्धहरूलाई सर्व प्रथम संग्रह (संगायना) गरिएको यही नै हो। पाँच सय प्रतिसम्भिदा लाभ गरेका अर्हतहरू बसेर धर्म संग्रह गर्नु भएको हुंदा यस प्रथम संगीतिलाई पञ्चसतिक पनि भन्दछन्। भगवान बुद्धको मूल धर्मको जरा यही नै हो। यही संगायना परम्परा चली आएकोलाई स्थविर बाद भन्दछन्। यसको बाद मात्र बौद्ध धर्मको विभिन्न शाखा प्रशाखा उत्पन्न भएको हो। यसरी शाखा प्रशाखा उत्पन्न भएको पनि भगवान परिनिर्वाणको एकशय बर्ष जति पछि देखी हो। बुद्ध धर्मको प्राचीन अर्थात मूल इतिहास यही हो। यही प्रकारले धर्मको शाखा प्रशाखा निस्केकोलाई शासन वंसको कथा भन्दछन्।

महाकाश्यप महास्थविर आदि पाँच शय प्रतिसम्भिदा लाभि अरहन्त महास्थविरहरूले बुद्ध शासनको चिरस्थाई गर्न चौरासी हजार धर्मस्कन्ध सबै संग्रह गरी सके पछि आनन्द स्थविरले संघ सभामा यसरी निवेदन गर्नु भयो।

"भन्ते संघहरु! परिनिर्वाण समयमा भगवानले मलाई आज्ञा हुनु भएको छ कि- यदि आनन्द, संघको इच्छा भयो भने मेरो परिनिर्वाण पछि क्षुद्रानुक्षुद्र शिक्षा पद म्हास्नु। a

आनन्द तिमीले तथागतसंग क्षुद्राक्षुद्र शिक्षा पद भनेका के के हुन् भनी सोध्यो कि सोधेन ?

"सोधिन भन्ते।'

---

a *आकंखमानो आनन्द संधो ममच्चयेन खुद्दानुखुद्दकानि सिक्खा-पदानि समूहनेय्यः- महापरिनिर्वाण सूत्र।*



Downloaded from http://dhamma.digital

अनि यस विषयमा संघ सभामा भारी छलफल भयो। कसैले चार पाराजिका शिक्षा छाडी अरू सबै शिक्षापद क्षुद्रानिक्षुद्र शिक्षापद हुनु पर्छ भने। कसैले चार पाराजिका र तेऱ्ह संघादिशेष छाडी अरू सबै शिक्षापद क्षुद्रानुक्षुद्र हुनु पर्छ भने। फेरी कसैले पाराजिका, संघादिशेष तथा दुइ अनियत शिक्षा छाडी अरू सबै शिक्षापद क्षुद्रानुक्षुद्र शिक्षापद हुनु पर्छ भने। यसरी विविध विचार प्रकट गरे। अन्तमा चार पाराजिका, तेऱ्ह संघादिशेष दुइ अनियत, तीस निसग्गिय पाचित्तिय, बयान्नब्बे पाचित्तिय र चार पाटिदेशनीय छाडी अरू सबै शिक्षापद क्षुद्रानुक्षुद्र शिक्षापद हुनु पर्छ भने। यसरी क्षुद्रानुक्षुद्र शिक्षापद सम्बन्धि अनेक छलफल भएर पनि क्षुद्रानुक्षुद्र शिक्षा पदको विषयमा तथागतको धारण 'यहि हो' भन्ने निश्चय गर्न नसके पछि संघ सभाका नायक हुनु भएका महाकाश्यप महास्थविरले यस विषयको निर्णय यसरी गर्नुमा बुद्धिमान हुनेछ भन्ने सम्झी संघ सभालाई यसरी निवेदन गर्नु भयो:–

ज्ञप्ति (Proposal) प्रस्ताव- "आयुष्मान संघ! हाम्रो शिक्षा पदहरू गृहीगत पनि छन् फेरी गृहस्थहरूलाई यो पनि थाहा छ कि श्रमण शाक्यपुत्रहरूलाई यो योग्य यो अयोग्य भनेर। यदि हामीले क्षुद्रानुक्षुद्र शिक्षापद 'यहि हो' भनेर त्यसलाई म्हास्यौं भने लोकले हामीलाई यस्तो पनि भन्न सक्छ कि :– श्रमण गौतमले श्रावकहरूको निम्ति धुम्रकालिक शिक्षापद बनाइ दियो, गौतम रहुञ्जेल मात्र उनीहरूले गौतमका शिक्षा पालन गरे, गौतम परिनिर्वाण हुने



Downloaded from http://dhamma.digital

बित्तिकै पालन नगरे । a

अतएव मेरो विचारमा यदि सबै संघ सभाको एकै राय, एकै विचार भए संघहरूले भगवानले प्रज्ञप्त नगर्नु भएको शिक्षापद नबनाउने प्रज्ञप्तपारी राखेको शिक्षापद नविगार्ने बरू भगवानले बनाइ राख्नु भएको शिक्षापदहरू पालन गर्नु नै उचित होला जस्तो लाग्छ । b

यति भन्नु भई पुनः महाकाश्यप महास्थविरले यस प्रस्तावमा सबैको राजि छ कि छैन भन्ने निश्चित रूपले जान्न निम्न प्रस्ताब पेश गर्नु भयो ।

"आवुसो संघ ! यो अवस्था आफ्नो स्वीकृति दिने अवस्था हो । तसर्थ जसलाई भगवानले नबनाएका शिक्षापद नवनाउने, बनाइसकेको शिक्षापद नबिगार्ने बाकि बनाइराखेको शिक्षापदमा अवनत भइ ती शिक्षा पालन गर्नुमा राजि छ त्यसले चुप लाग्नु जसलाई राजि तथा सहगत छैन त्यसले बोल्नु ।" –यो अनुश्रावण भयो ।

---

a- *सन्तम्हाकं शिक्खापदानि गिहीगतानि । गिहीनोपि जानन्ति इदं वो समणानं सक्यपुत्तियानं कप्पति इदं वो नकप्पति । सचेमयं खुद्दानुखुद्दकानि सिक्खापदानि समूहनिस्साम भविस्सन्ति वत्तारो धुमकालिकं समणेन गोतमेन सावकानं सिक्खापदं पञ्ञत्तं याविमेसं सत्था आसि ताबिमे सिक्खापदेसु सिक्खिंसु, यतो इमेसं सत्था परि निब्बुतो नदानिमे सिक्खापदेसु सिक्खन्तीति । चूलवग्ग ।*

b- *यदि संघस्स पत्तकल्लं संघो अप्पञ्ञत्तं न पञ्ञापेय्य, पञ्ञत्तं न समुच्छिन्देय्य, यथा पञ्ञत्तेसु सिक्खापदेसु समादाय वत्तेय्य ।*

*–चूलवग्ग*



Downloaded from http://dhamma.digital

अनुश्रावण गरीसकेपछि प्रस्तावको बिपक्षमा कसैले केहि नबोले पछि महाकाश्यप महास्थविरले यो प्रस्तावलाई सर्वसम्मति बाट पास गरेको सम्झनु भई यसो भन्नु भयो ।

"संघको तथागतले नबनाएका शिक्षापद नबनाउने र बनाइराखेको शिक्षापद नबिगारी भएको शिक्षा सबै पालन गर्नुमा राजी छ सहमत स्वीकृति छ । तसर्थ संघहरू सबै चुप लाग्नु भयो अतएव यो प्रस्ताव सर्व सम्मतिबाट पास भयो भनि धारणा (निश्चय) गऱ्यौं ।" यो धारणा भयो ।

यसरी बुद्धद्वारा प्रज्ञप्त गर्नु भएको सम्पूर्ण शिक्षापद जस्ताको तेस्तै रक्षा गर्ने विषयमा निश्चय गरी सके पछि स्थविर भिक्षुहरूले आनन्द भिक्षुलाई यस्तो भन्नु भयो ।

१– आवुसो आनन्द ! यो तिम्रो दुष्कृत्य हो जुनकि तिमीले भगवान छँदैमा क्षुद्रानुक्षुद्र शिक्षा के हो भनी सोधी राखेनौ । अतएव यस बिषयमा तिमीले क्षमा प्रार्थना (देशना) गर ।

"भन्ते ! बिष्मृति भएर मैले त्यो कुरा भगवानसंग सोध्न सकेन । यसमा मैले दुष्कृत्य देखिन । तथापि तपाईंहरूको वचनलाई शिरोपर गरेर क्षमा प्रार्थना गर्छु । a

२–यो पनि तिम्रो दुष्कृत्य हो, आनन्द ! जुन तिमीले तथागतको वर्षाण–वस्त्र पाउले टेकेर सियौ । यस विषयमा पनि क्षमा प्रार्थना गर ।

"भन्ते ! त्यो वस्त्र मैले न त अनादर गरी कुल्चेको हो ।

---

a- *अपिचायस्मन्तानं सद्धाय देसेमि तं दुक्कटन्ति । -चूलवग्ग*



Downloaded from http://dhamma.digital

न मैले यसमा दुष्कृत्य देख्छु, तथापि तपाईंहरूको वचनलाई शिरोपर गरी क्षमा प्रार्थना गर्छु ।"

३–"आनन्द ! यो पनि तिम्रो दुष्कृत्य हो जुन तिमीले तथागतको शरीरलाई आँसुले भिज्ने गरी सबभन्दा पहिले रोइरहेकी नारीहरूले प्रणाम गरायौ । यसमा पनि तिमीले क्षमा प्रार्थना गर ।

"भन्ते ! मैले ती नारीहरूलाई अवेर नहोवोस् भन्ने विचारले तथागतको शरीर सवभन्दा पहिले प्रणाम गर्न दिएको हुँ । यसमा पनि मैले दुष्कृत्य देख्दिन । तथापि तपाईंहरूको वचनलाई शिरोपर गरी क्षमा प्रार्थना गर्दछु ।"

४–आनन्द ! यो पनि तिम्रो दुष्कृत्य हो जुन भगवानले त्यस्तो स्पष्ट रूपमा आज्ञा हुँदा पनि भगवानसंग एक कल्पसम्म जीवित हुन हवस् भनी प्रार्थना गरेनौ । यसको बारेमा पनि तिमीले क्षमा प्रार्थना गर ।

भन्ते ! मलाई मारले छोपी राखेको हुँदा मैले भगवानसंग त्यसरी प्रार्थना गर्न सकिन । यसमा पनि मैले दुष्कृत्य देखिन । तथापि तपाईंहरूको वचनलाई शिरोपर गरी क्षमा प्रार्थना गर्दछु ।

५–आनन्द ! यो पनि तिम्रो दुष्कृत्य हो जुन तथागतको धर्म–विनय (शाशन) मा नारीहरूलाई प्रव्रजित गराउने विषयमा प्रोत्साहन दियौ । यस विषयमा पनि तिमिले क्षमा प्रार्थना गर ।

"भन्ते ! मैले प्रजापति गौतमीलाई भगवानको मुमाको साखै बहीनि सम्झि भगवानको मुमा स्वर्गवास भएपछि भगवानलाई प्रजापति गौतमीले नै स्तनपान गराई पोषण गरे । ठूलो उपकार गरेको सम्झेर नारीहरूलाई तथागतको धर्म विनयमा प्रव्रजित गराउने प्रोत्साहन दिएँ ।



Downloaded from http://dhamma.digital

यसमा पनि मैले दुष्कृत्य देख्दिन तथापि तपाईंहरूको वचनलाई शिरोपर गरी क्षमा प्रार्थना गर्दछु । a

"भन्ते ! परिनिर्वाण समयमा भगवानले मलाई भन्नु भएको छ कि–छन्न भिक्षुलाई ब्रह्म दण्ड देउ ।"

"अनि आनन्द ! तिमीले तथागतसंग ब्रह्म दण्ड भनेको के हो भनी सोध्यौ त ?

सोधेको छु भन्ते ।"

त्यसो भए तिमीनै गएर छन्न भिक्षुलाई ब्रह्मदण्ड दिन जाउ ।"

"म एक्लै जान सक्दिन भन्ते । छन्न भिक्षु सारै चण्डाल छ ।"

"त्यसो भए अर्को भिक्षुहरू साथ लिएर जाउ ।"

यति कुरा सुनी सकेपछि आनन्द स्थविर धेरै भिक्षुहरू साथ लिएर कौशाम्वि नगरमा गई त्यहाँ उदेन राजाले प्रसन्नतापूर्वक दिएका सयकडौं चीवर दान लिई घोषितारामना छन्न भिक्षुकहाँ गई छन्न भिक्षुलाई तथागतले ब्रह्मदण्ड दिनु भएको सबै कुरा बताई ब्रह्मदण्ड दिए। छन्न भिक्षु ब्रह्मदण्डको कुरा सुनेर साह्रै दुखित भयो। शोक गऱ्यो; पश्चाताप गऱ्यो । पश्चातापको कारण मन खिन्न गरी बिरह भएर एकान्तमा बसी विदर्शना वृद्धि गरे ।

---

a– *आनन्द स्थविरलाई दोषी गरेको विषयमा सर्वास्तिहरूको विनय 'दुल्ला' भन्ने तिब्बति पुस्तकमा आनन्द स्थविर अर्हत हुनु अगावै नै वहाँलाई दोष लगायो भनी भनेका छन्–life of the Buddha, by Rockhill (1907)*



Downloaded from http://dhamma.digital

अन्तमा चित्तमल सबै नाश गरी अर्हत भयो । अर्हत भइसकेपछि वहाँ ब्रह्मदण्डबाट मुक्त भयो ।

तथागतको परिनिर्वाणपछि सर्बप्रथम राजगृहमा सप्तपर्णी गुफामा प्रथम संगायना भएको कुरा उभयपाक्षिक–थेरवादी र महायानी–बौद्ध लोकले निर्बिवाद स्वीकृति गर्छन । यहि विचार प्रकट गर्दै विलियम गाइगर महाशयले आफ्नो महावंश अनुवादको भुमिकामा यस्तो भन्नु भएको छ–The same is found in the later tradition Among the Northern Buddhist Sources dealing with the First Council I mention the Mahavastu. Here in agreement with southern tradition Kashyap is given as the originator of the council the number of the Bhikkhus taking part in it is stated to be 500 and the place the Saptaparna grotto near Rajagriha " a फाहियानले (४०० ई.) मा यहि भनेका छन । केवल ह्वयेन साँगले (६५० इ.) मा मात्र संगायनामा (१०००) एक हजार भिक्षुहरू छन् भनेका छन् भनी बिल महाशयको पुस्तकमा छ। b यो प्रथम संगायना निर्मल बुद्ध धर्मको जरा हो, जग हो, तथा मूल धर्मको भण्डार हो ।

१– भगवान परिनिर्वाण हुनु भएको दिन अथवा तिथि के हो ?

भगवान परिनिर्वाण हुनु भएको तिथि बैशाख पूर्णिमा हो अर्थात सूर्यमास नक्षत्र क्रमको हिसाबले बैशाख महिनाको १५ पन्ध्रौं दिनमा हो ।

---

a. *The Mahavansa, by Wilhelm Gieger p.tiv*

b. *Beal's Buddhist Records, i pp . lx-lxi 162, 164, Legge's records of Buddhistic Kingdoms. 85*



Downloaded from http://dhamma.digital

यो धारणा बर्मा, लंका, थाइलैण्ड, क्याम्बोडिया तथा भारत (बासी) सबैमा छन्। तिब्बतमा पनि यस्तै छ। मूल पाली तथा संस्कृत बौद्ध वाङ्गवमयमा यस्को प्रसस्त प्रमाण छन्। शासन बंसमा त बार समेत खुलेको छ जुन अनुसार बैशाख पुर्णिमा मंगलबार हो। समन्त पासादिकामा बैशाख पूर्णिमाको बिहान परिनिर्वाण हुनु भयो भन्ने भनी राखेको छ। a

जापानीहरूले फेब्रुअरी १५ तारिख मान्छन्।

b फ्लीट (Fleet) महाशयको कुरा हेर्दा तथागतको जीवनमा बैशाख पूर्णिमाको नाउँ धैरै पटक आएकोले गर्दा संकास्पद छ भन्ने आशय प्रकट गरिराखेको छ। यो फ्लीट महाशयको कमजोरी तर्क जस्तो लाग्छ। शायद वहाँको मनमा शंका जस्तो भएको कारण यस्तो भएको हुन सक्छ, जुन कारण वहाँले अगाडी राख्नु भयो– सर्वास्तिवादी हुयेन साँगले भगवानको परिनिर्वाण आठौं महिनाको शुक्ल पक्ष ८ का दिन भयो भनी बताएको छ रे। c तदनुसार गन्दा यदि बर्ष गन्ने तरिका भारतमा जस्तै भए देखि कार्तिक शुक्ल ८ हुन आउंछ। किन्तु बर्ष गन्ने क्रम सबै ठाउँमा एकनाश छैन।

---

a *विसाख पुण्णमि दिवसे पच्चूससमये अनुपादिसेसाय निब्बान धातुया परि निब्बुतो।– समन्तपासादिका*

b *"The day on which Buddha died" J.R.A.s. 1909.*

c *Beal's Buddhist Records of the Western World ii P. 33.*



Downloaded from http://dhamma.digital

अति दूर देशमा यस विषयमा अलि फरक भए पनि अखण्ड चली आएको भारतीय आचार्यहरूको परम्परागत धारणानुसार तथा मूलपालीको प्रमाणानुसार निर्वाण दिन र तिथि बैशाख पूर्णिमा नै हो, तसर्थ महावंशमा भनेको छः–

"कुसिनारायं यमकसालानमन्तरे वरे ।
वेसाख पुण्णमायं सो दीपो लोकस्स निब्वुतो a ॥

भगवान परिनिर्बाण हुनु भएको बेलामा बिम्बिसार राजा स्वर्गबास भएको आठ (८) बर्ष भएको थियो । अजात शत्रुलाई अभिषेक प्राप्त भएको उतिनै भयो b

बिम्बिसार राजा भगवान भन्दा पाँचबर्षको कान्छो थियो । पन्ध्रबर्ष हुंदा उनलाई राज्य प्राप्त भयो ।

अभिषेक प्राप्त गरी १६ बर्ष हुंदा राजा बुद्धको शरणमा गयो । त्यसपछि ३७ बर्ष सम्म राज्यगरी ६७ बर्षको उमेरमा स्वर्गवास भयो । c

(२) कुन महिनामा, कुन तिथिमा संगायनाको काम प्रारम्भ भयो तथा कति महिना बित्यो ?

समन्तपासादिकादि ग्रन्थमा भगवान परिनिर्वाण भई एक पक्षपछि d धर्मसंगायना गर्न महाकाश्यप महास्थविरले लाखौं भिक्षुहरूबाट ५०० प्रतिसम्भिदा लाभी अर्हत भिक्षुहरू छानियो भनी भनेका छन् ।

---

*a महावंश ३–२; दीपवंशमा पनि ५–१*
*b अट्ठवस्साभिसित्तस्स सम्बुद्धो परिनिब्बतो–(दीप वंश ३–३० महावंश २–३२, समन्त पासादिका पृ. ४२)*
*c महावंश २–२६, ३० दीपवंश ३–५६, ५९*
*d परिनिब्बाणतो अड्ढमासो अतिक्कन्तो– समन्तपासादिका पृ. ५*



Downloaded from http://dhamma.digital

यस विषयमा दीघ निकाय अर्थकथामा स्पष्टरूपले प्रत्येक कुरा अलग्ग अलग्ग यस्तो भनेका छन् –

"भगवान परिनिर्वाण भइसकेपछि एक हप्तासम्म वहाँको सुवर्ण देहलाई पूजा सत्कार गरे । एक हप्तासम्म चितामा आगो बल्यो । एक हप्तासम्म धातु पूजा गरे । – यसरी तीन हप्ता बिते b।"

तीन हप्ता बितेर एक्काइसौं (२१) दिनमा ज्येष्ठ मूल शुक्ल पक्षको पञ्चमिको दिन धातु बिभाजन गरे c ।

यही बेला महाकाश्यप महास्थविरले शुभद्र भिक्षुद्वारा प्रकाश भएको कुरा अगाडी राखी संगायनाको निम्ति ५०० भिक्षुहरू छान्नु भयो । भिक्षुहरू छानि सके पछि वहाँले यस्तो भन्नु भयो ।

"आवुसो गृष्मऋतु d डेढ महिना बाकि छ । त्यस पछि बर्षावास बस्ने दिन भयो । तसर्थ सबै यथासमयमा राजगृह पुग्नुपर्छ e ।

---

*b सुमङ्गलबिलासिनि पृ. ५*

*c जेट्ठमूल सुक्कपक्ख पञ्चमीयं पन धातुयो भाजयिंसु सुमङ्गल बिलासिनी ; पृ. ५*

*d फग्गुनस्स कालम्हा याव आसल्हि पुण्णमा । गिम्ह कालोति विञ्ञेय्यो अट्ठहोन्ति उपोसथा ।– विनयत्थ मञ्जुसा पृ. १३*

*e इदानि गिम्हानं दियड्ढो मासो उपकट्ठा च वस्सूपनायिकाति समन्त पासादिका पृ. ५*



Downloaded from http://dhamma.digital

यस सम्बन्धमा पनि दीघनिकाय अर्थकथाको निश्चयात्मक रूपमा बर्षाबास बस्न चालिस दिन मात्र बाकि छ भनि स्पष्टिकरण दिईराखेको छ । a

समन्त पासादिकामा सामान्य व्यवहारमा भनियो । दीघनिकाय अर्थ कथामा दिन गनेर निश्चितरूपमा भनियो । अतएव यथार्थ दिन बुझ्न पछिको कथानुसार निश्चय गर्नु पऱ्यो ।

यहाँ महिना गिन्तिको क्रम सुर्यमास क्रम होन बुद्ध शासनमा व्यवहार भइराखेको महिनाको हिसाब निम्न लिखित तालिका अनुसार जान्नु पर्छ । पालि साहित्यमा शासनिक कार्यमा तीन ऋतु मात्र ब्यवहार गरिएको छ । b

प्रत्येक ऋतुमा चार महिना र आठ उपोसथ हुन्छन् । प्रत्येक ऋतुको तृतीया र सप्तमी उपोसथ चातुद्दसी हुन्छन । वर्षात् ऋतुको प्रथम दिनमा प्रथम बर्षावास गर्ने । द्वितीय बर्षावास गर्ने दिन बर्षात् ऋतुको दोस्रो उपोसथको भोलीपल्ट हुन्छ । अर्थात यहाँ देखाइएको तालिका अनुसार श्रावण कृष्ण १ गते का दिन हुन्छ :-

---

*a आवुसो इदानिं तुम्हाकं चत्तालीस दिवसो ओकासो– सुमङ्गल विलासिनी पृ. ५*

*b चतुरो चतुरो मासा, कत्तिक कालपक्खतो ।*
*कमा हेमन्त, गिम्हान, वस्सान उतुयो ।– अभिधानप्पदीपिका ७८*



Downloaded from http://dhamma.digital

| उपोसथ हेमन्त ऋतु | उपोसथ गृष्म ऋतु | उपोसथ बर्षा ऋतु |
|---|---|---|
| १-कार्तिक कृष्ण -१५ | १- फागुण कृष्ण-१५ | १-आषाढ कृष्ण-१५ |
| २-मंसीर शुक्ल-१५ | २-चैत शुक्ल-१५ | २-श्रावण शुक्ल-१५ |
| ३-मंसीर कृष्ण-१४ | ३-चैत कृष्ण-१४ | ३-श्रावण कृष्ण-१४ |
| ४-पुष शुक्ल-१५ | ४-बैशाख शुक्ल-१५ | ४-भाद्र शुक्ल-१५ |
| ५-पुष कृष्ण-१५ | ५-बैशाख कृष्ण-१५ | ५-भाद्र कृष्ण-१५ |
| ६-माघ शुक्ल-१५ | ६-ज्येष्ठ शुक्ल-१५ | ६-असोज शुक्ल-१५ |
| ७-माघ कृष्ण-१४ | ७-ज्येष्ठ कृष्ण-१४ | ७-असोज कृष्ण-१४ |
| ८-फागुण शुक्ल-१५ | ८-आषाढ शुक्ल-१५ | ८-कार्तिक शुक्ल-१५ |

यसरी महापरिनिर्वाणको २१ सौं दिनको भिक्षुहरू छानेर उनी महास्थबिरहरू आफ्नो आफ्नो बाटो लागे। क्रमश संगायनामा जानुपर्ने भिक्षुहरु सबै आषाढको शुक्लपक्षमा राजगृहमा पुग्न गए। a अनि त्यहाँ महास्थबिरहरू सबै भेला भई आषाढ पूर्णिमाको दिन गृष्म ऋतुको अन्तिम उपोसथ गरी त्यसको भोलीपल्ट आषाढ कृष्ण प्रतिपदाको दिन बर्षाबास समाधान गर्नु भयो। यति बेला महास्थविरको बिचमा यस्तो सल्लाह भयो कि बर्षादको प्रथम महिना भरी बिहार प्रति संस्कारणादि गर्न पर्ने काम गरी दोस्रो महिनामा धर्म संगायना गरौं। b

---

*a उपागुं राजमहं, आसाल्हिं सुक्कपक्खम्हि, सुक्कपक्ख ठितत्थिका। सम्पन्न चतु पच्चयं॥ महावंश ३-१४*

*b हन्द मयं आवुसो पठमं मास खण्डफुल्ल पटिसंखरणं करोम, मज्झिम मासं सन्निपतित्वा धम्मंच विनयंच संगायिस्साम।– चूलपग्ग पृ. ४०६*



Downloaded from http://dhamma.digital

एक महिना भरी विहार प्रतिसंस्करण गरीसकेपछि स्थविरहरूले अजातशत्रु राजालाई संगायंना गर्ने ठाउँमा ५०० भिक्षुहरू बस्ने आसन तयार गर्न पऱ्यो भनी सूचना दिए । त्यसकारण समन्तपासादिकामा "थेरो पठमं मासं सव्ब विहारं पटिसंखरापेत्वा रञ्ञो आरोचेसि" भनेको a । अजातशत्रु राजाले यथा समयमा सबै आशन तयार गराई सकेपछि स्थविरहरूसंग निवेदन गरे, त्यसको भोलिपल्ट महास्थबिरहरू सबै भोजन समाप्त गरी नियमित स्थानमा गई संगायनाको कार्य प्रारम्भ गरे । त्यसकारण भनेको छः-

"वस्सानं दुतिये मासे, दुतिये दिवसे पन ।
रूचिरे मण्डपे तस्मि, थेरा सन्निपतिंसु ते b ।"

अर्थात बर्षाणको दोस्रो महिनामा, दोस्रो दिनमा, भव्य मण्डपमा स्थविरहरू संगायना भेला भए ।

दोस्रो महिना भनेको श्रावणलाई भनेको हो । दोस्रो दिन भनेको के त ? यसो भन्नुको मतलव के भने – अजात सत्रु राजाले संगायना गर्न आसन तयार गरी सके भनी भनेका दिन स्थविरहरूले आनन्द स्थविरलाई यसो भन्नु भयो – "आवुसो ! भोली संगायनाको कार्य प्रारम्भ हुने भैसक्यो । तिमी भने शैक्ष सकरनियनै छौ । शैक्ष समान भएर सम्मेलनमा जान योग्य छैन ।

---

*a* *महावंशमा पनि –"वस्सानं पठमं मासं सव्वसेनासनेसुपि । कारेसुं पटिसंखारं वत्वानाजातसत्तुनो ।–३–१६*

*b* *महावंश ३–२६*



Downloaded from http://dhamma.digital

अतएव अप्रमादी होउ a ।" स्थविरहरूको वचनले आनन्द स्थविर लाई प्रबल उत्साहित गरियो । वहाँले वीर्य गर्नु भयो अन्तमा वहाँले अरहत फल साक्षात्कार गर्नु भयो । उनी अरहत भएको भोलिपल्ट संघहरू संगायना गर्न भेला भयो त्यसकारण दोस्रो दिनमा भनेको हो ।

उपर्युक्त कुराले यो स्पष्ट भयो कि संगायनाको काम वर्षात ऋतुको दोस्रो महिनामा अर्थात श्रावणको कृष्णपक्षमा प्रारम्भ भयो तिथि के भने ? श्रावण कृष्णको पञ्चमि हो । यो तिथि सम्बन्धि कुरा अरू अरू ग्रन्थमा देखिंदैन किन्तु दीर्घनिकायार्थ कथामा देखिन्छ त्यसमा यस्तो भनेको छ –" अनि स्थविर भिक्षुहरू दोस्रो दिनमा पक्षको पञ्चमिको दिन धर्म सभामा एकत्रित भयो b ।

संगायनाको विषयमा दीपवंशमा पनि भगवान परिनिर्वाण भएर तीन महिना बिती चार महिना लागेको बेला भनी भनेको छ। यस हिसाबले भाद्र लागेको बेला भन्न सकिन्छ ।

---

*a स्वे आवुसो सन्निपातो त्वं च खो सेक्खो सकरणीयो तेन ते नयुत्तं सन्निपात गन्तुं अप्पपत्तो होहीति–समन्तापासादिका पृ. ७*

*b अथ थेरा भिक्खु दुतिय दिवसे पञ्चमीयं पक्खस्स कतभत्तकिच्चा पत्तचीवर पटिसापेत्वा धम्म सभायं सन्नि पतिंसु ।– सुमङ्गल विलासिनी, पृ. ८*

*सारार्थ दीपनि विनय टीकामा पनि 'धम्म सभायं सन्निपतिता' भन्ने पदको अर्थ बताएको ठाउँमा 'पक्खस्स पञ्चमियं सन्निपतिसु' भनी लेखी राखेको छ ।–पृ. ५०*



Downloaded from http://dhamma.digital

किन्तु त्यहिं नै फेरी दोस्रो वर्षावास गर्ने समयमा भनी राखेको वर्षानको दोस्रो महिना नै ठहर्न आउँछ a । तीन महिना नागेर चार महिना लागेको बेला भनेको सामान्य व्यवहारको हिसाब हुन सक्छ b ।

संगायनाको काम कुरामा कति महिना बित्यो भन्ने विषयमा जहाँ पनि सात महिना बित्यो भनी भनेका छन् । यथा :–

"सत्तमासेही निट्ठासि पठमो संगहो अयं
एवं सत्तहि मासेहि धम्म संगीति निट्ठिता" c

यहाँ विचार गरी हेर्दा फागुनको कृष्ण पक्षतिर संगायनाको काम समाप्त भयो भनी भन्न सकिन्छ ।

(३) त्यस सभामा, अग्रस्थान प्राप्त भएका भगवानका मुख्य मुख्य शिष्यहरू पनि छन् कि ? छैनन् ।

दीप वंशानुसार त्यस सभामा उपस्थित भएका अग्रस्थान d प्राप्त भगवानका प्रमुख शिष्यहरू ९जना भएको देखिन्छ । यथा :–

१) "धुंतगमा अग्रस्थान प्राप्त महाकाश्यप महास्थविर
२) बहुश्रुतमा अग्रस्थान प्राप्त आनन्द महास्थविर
३) विनयमा अग्रस्थान प्राप्त उपालि महास्थविर

---

*a* *पाणिनं अनुकम्पाय, सासनं दीघकालिकं,*
*अकासि धम्म संगाहं, तिष्णं मासानं अच्चये । सम्पते चतुन्थेमासे, दुतिये वस्सूपनायिके । दीप वंश ४–३४*

*b* *साधारण व्यबहारमा भन्दा भाद्र महिनामा भने पनि फरक पर्दैन ।*

*c* *सुमङ्गल विलासिनी पृ. ११, समन्त पासादिका पृ. १०*

*d* *हेर, लेखकको संक्षिप्त बुद्ध जीवनी पृ. १०२*



Downloaded from http://dhamma.digital

४) दिव्यचक्षुमा अग्रस्थान प्राप्त अनुरुद्ध महास्थविर
५) अवबोध हुनुमा (परिभाण) अग्रस्थान प्राप्त वंगीस महास्थविर
६) धर्मोपदेश गर्नुमा अग्रस्थान प्राप्त पूर्ण महास्थविर
७) विचित्र धर्मोपदेश गर्नुमा अग्रस्थान प्राप्त कुमारकाश्यप महास्थविर
८) विभक्त भाषणमा अग्रस्थान प्राप्त कात्यायन महास्थविर
९) प्रतिसम्भिदा* चारमा अग्रस्थान प्राप्त कोष्ठित महास्थविर a।"

अरू महास्थविरहरू सबै चतु प्रतिसम्भिदा लाभी निक्लेशी अरहत्त हुन् । भगवानका मुख्य श्रावकहरू सहित पाँच सय महास्थविरहरू जम्मा भएर संग्रह गरेको धर्मसमूह हुँदा यसलाई थेरवाद भनियो त्यसकारण भनेको छ :–

"थेरेहि कत सँगहो थेर वादोति वुच्चति b

(४) धर्म र विनय संग्रह गऱ्यो भनेको मतलव के ?

विनयलाई छाडेर अरू बाँकिरहेको सम्पूर्ण बुद्ध वचन धर्म हुन् । धर्म भनिएकोलाई छाडेर बाँकिरहेको सम्पूर्ण बुद्धवचन विनय हुन् ।

---

** हेर, लेखको धम्मपदत्थकथा परिशिष्ट ४४*

*a धुतवादानं अग्गोसो कस्सपो जिनसासने*
*बहुस्सुतानं आनन्दो विनय उपालि पण्डितो ॥*
*दिब्बचक्खुम्हि अनुरुद्धो वंगीसो पटिभाणवा*
*पुन्न च धम्म कथिकानं चित्रकथी कुमार कस्सपो ॥*
*बिभज्जनम्हि कच्चानो कोट्ठितो पटिसम्भिदा ।*
*अञ्ञेपत्थि महाथेरा अग्गनिक्खितका बहु ॥ –(द्रीपवंश ४-७-९)*

*b दीपवंश, ४-११*



Downloaded from http://dhamma.digital

विनय भनेको भिक्षु भिक्षणी, उपासक उपासिकाहरूको विषयमा विधान, नियम, उपनियम, चारित्र-वारित्र शील सम्बन्धमा उपदेश गरी राखेको तथागतको उपदेश हो । धर्म भनेको कुशलाकुशलदेखि निर्वाणसम्म अवबोध गर्ने साधन भैराखेको तथागतबाट ,उपदेश गरी राखेको शील समाधि तथा प्रज्ञा ज्ञानको समूह हो ।

संगायनामा किन सर्वप्रथम विनय संग्रह गरेको ?
सबै संघको सम्मतिले ।
कसरी ?

संगायनाको कार्य प्रारम्भ गर्न सर्वप्रथम महाकाश्यप महास्थविरले संघ सभामा "सर्वप्रथम के संग्रह गर्नु पर्ला ?" भनी सोधनी गर्दा "सर्व प्रथम विनय संग्रह गर्नु पर्ला" भनी उत्तर आयो । किनभने विनय नै शासनको आयु सम्झिन्छन् । विनय रहे मात्र शासन रहन्छ, विनय रहेन भने शासन पनि रहन सकिंदैन a । विनय सम्बन्धमा विचारधारा फरक पर्दै आएपछि तथागतको शासनमा अनेक शाखा प्रसाखाको प्रादुर्भाव भयो । कालान्तर पछि सरल विनय सूत्रादि पनि रचना भयो । जुन कारणले गर्दा सम्भवतः चाँडैनै थेरवादले आफ्नो मातृभूमी छाड्नु पऱ्यो । आज सम्म पनि थेरवादले के दियो भनी सारलाई एकातिर पन्छाई बाहिर बाहिरको असार बोक्रामात्र पल्टाई यता उतै छरी दिइने व्यक्तिहरू छन्–

---

*a आवुसो किं पठमं संगायाम धम्मं वा विनयं वाति ? भिक्खु आहंसु भन्ते महाकस्सप, विनयो नाम बुद्ध सासनस्स आयु, विनये ठितं सासनं ठितं होति तस्मा पठमं विनयं संगायामाति- (समन्त पासादिका पृ.७)*



Downloaded from http://dhamma.digital

यो त संसारको स्वभावनै हो । फल फलेका बृक्षमा काम नलाग्ने जस्ता पात बोक्रा आदि पनि हुन्छन् । तैपनि यो जाने देखिएको होरो नभए देखि कामै नलाग्ने हुँदैन ।

त्यसकारण विनय शासनको आयु हो । संगायना गर्नु पर्ने मुख्य उद्योगनै शासन चिरस्थाई गर्नु हो । अतएव सर्वप्रथम विनयको नै संगायना गर्न युक्ति युक्त ठहरायो । सर्व संघको सम्मतिले महाकाश्यप महास्थविरले शासन चिरस्थाइ गर्ने दृष्टिले उपालि महास्थविर संग विनय सम्बन्धि सबै प्रश्न गर्नु भयो । तदनन्तर आनन्द स्थविरसंग धर्म र (सुत्राभिधर्म) सम्बन्धि प्रश्न गर्नु भयो ।

यसरी दुइ नामले मात्र धर्म संगायना गर्नु परेको किन ?

सम्भवतः भगवानले परिनिर्वाण समयमा "आनन्द ! म निर्वाण भइ सके पछि तिमीहरूले हाम्रा शास्ता रहेन भनी शोक गर्नु पर्दैन । मेरो शेष पछि मैले उपदेश गरेर प्रज्ञपित गरी राखेको धर्म र विनय नै तिमीहरूको शास्ता हुनेछ गुरु हुनेछ a भनी भन्नु भएकोले यसो गरेको हुन सक्छ ।

धर्म र विनय भनेको के हो ?

धर्म भनेको सूत्रादि धर्म दुबै हुन् । विनय भनेको विनय पिटक सबै हो । त्यसकारण धर्म र विनयको विभाग गरी देखाइ राखेको ठाउँमा बुद्धघोष अर्थकथाचार्यले अवशेष बुद्ध वचन सबैलाई धर्म भनी राखेको छ । b

---

*a यो खो आनन्द मया धम्मो च विनयो च देसितो पञ्चतो सो वो ममच्चयेन सत्थाति – " महापरिनिब्बाण सुत्त"*

*b कथं धम्मविनय वसेन दुविधं ? सब्बमेवेतं धम्मोच विनयोचाति सं खं गच्छति । तत्थ विनयपिटकं विनयो, अवसेसं बुद्ध बचनं धम्मो समन्तपासादिका, पृ. ९*



Downloaded from http://dhamma.digital

संगायना भइसके पछि आचार्यहरूले धर्म संग्रहमा रहेको विशेष धर्म, परमार्थ धर्म (चित्त चेतसिक) सबै एकत्रित गरी अभिधर्म भनी विभक्त गरे। यसरी धर्म संग्रह भनिएकोमा सूत्र पिटक र अभिधर्म पिटक दुबै अन्तरगत भयो। त्यसकारण समन्त पासादिकामा, संग्रहित सवै धर्म– विनयलाई तीन प्रकारले विभक्त गरी देखाइएकोमा विनय पिटकादि भनी भनेका हुन b। यसको विस्तार पूर्वक कुरा तीन पटकको कुरामा आउनेछ।

ल्हासाको दुल्वा भन्ने सर्वास्तिवादीहरूको विनय पुस्तकको दोस्रो भागमा उपर्युक्त विषयमा यस्तो भनेको छ –धर्मको कुरा आनन्द महास्थविरले भन्नु भयो। विनयको कुरा उपालि महास्थविर ले भन्नु भयो। त्यस्तै मात्रिका (मातिका)– अभिधर्म) को कुरा महाकाश्यप महास्थविरले भन्नु भयो। c

यस विषयमा फाहीयानले उपरोक्त कुरा समान र हुयेन सांगले निम्न लिखित कुरा समान अभिधर्म महाकाश्यप महास्थविर ले संग्रह गऱ्यो भनेका छन् d।

---

b *कथं पिटकवसेन तिविधं ? सब्बम्पिहेतं विनय पिटकं, सुत्तन्त पिटकं, अभिधम्म पिटकंति तिप्पभेदं होति– समन्त पासादिका पृ. १०*

c *Rockhils life of the Buddha (1907)P. 148*

d *Beals Buddhist Records.*



Downloaded from http://dhamma.digital

५. संग्रहित धर्म विनय समुचा कति पिटकमा छन् ?

तीन पिटकमा छन् यथा – (अ) विनय पिटक (आ) सुत्तपिटक तथा (इ) अभिधर्म पिटक ।

(अ) e दुइ सय भन्दा बढी शिक्षापद भएको महाविभंग (पाराजिका पाली) र तीन सय भन्दा बढी शिक्षापद भएको भिक्षुणि विभंग (पाचित्तिय पालि) जम्मा (६४) चौंसट्ठी भाणवार भएको यो उभय विभंग पाराजिका –पाचित्तिय (८०) अस्सी भाणवार र (२२) बाईस खन्धक भएको खन्धक (महावग्ग -चूलवग्ग ) तथा (२५) पच्चीस भाणवार र (१६) सोन्ह परिवार भएको परिवार पालि– यी जम्मा पाँच ग्रन्थलाई "विनय पिटक" भनियो ।

(आ) (३) तीन वर्ग (४४) चौवालीस सूत्त तथा चौंसट्ठी(६४) भाणवार भएको दीर्घनिकाय a; पन्ध्र वर्ग एक सय बाहुन्न (१५२) सूत्र तथा अस्सी भाणवार (८०) भएको मज्झिम निकाय b; सात हज्जार सात सय वासट्ठी (७७६२) सूत्र र एक सय (१००) भाणवार भएको संयुक्त निकाय c फेरी नौ हज्जार पानसय सन्ताउन्न (९५५७) सूत्र र दुइ हज्जार (२०००) भाणवार भएको अंगुत्तर

---

*e* *सुमङ्गल विलासिनी पृ. ९ समन्त पासादिका पृ. १० सारार्थ दीपनी, पृ. ५१*

*a* *चतुत्तिंसेव सुत्तन्ता तिवग्गो यस्स संग हो ।*
*एस दर्घिनिकायोति पठमो अनुलोमिका ॥*

*b* *दियड्ढ सत सुत्तन्ता द्वेच सुत्तानि यत्थ सो ।*
*निकायो मिज्झेमो पञ्चदसवग्ग परिग्गहो ॥*

*c* *सत्तसुत्त सहस्सानि सत्तसुत्त सतानि च ।*
*द्वासट्ठि चेव सुत्तन्ता–एसो संयुत्त संग हो ॥*



Downloaded from http://dhamma.digital

निकाय d; खुद्दकपाठ, धम्मपद, उदान, इतिवुत्तक, सुत्तनिपात, विमानवत्थु, पेतवत्थु, थेरगाथा, थेरीगाथा, जातक, निद्देस, पटिसम्भिदा, अपदान बुद्धवंस तथा चरिया पिटक आदि जम्मा पन्ध्र (१५) ग्रन्थ भएको खुद्दक निकाय e यसरी जम्मा पाँच निकायलाई 'सूत्र पिटक' भनियो ।

(इ) सात (७) विभङ्गले युक्त धम्मसंगिणि, अट्ठार (१८) विभक्तिले युक्त विभंग; चौध(१४) विभागले युक्त धातु कथा, (६) प्रज्ञप्तिले युक्त पुग्गलपञ्ञति, एक हजार (1000) सूत्र भएको कथा वत्थु, दस (१0) यमक भएको यमक तथा चौबीस (२४) प्रत्यय भएको पट्ठान यति सात (७) महाग्रन्थलाई 'अभिधर्म पिटक' भनियो ।

(६) कसरी धर्म र विनयलाई पाँच निकायमा विभक्त गरियो ? दीर्घ निकाय आदि चारंनिकाय छाडेर अर्थात बाहेक अरू बाकि रहेको विनय, अभिधर्म तथा पन्ध्र साना साना ग्रन्थ समेतलाई खुद्दक निकाय अन्तर्गत गरियो ।

---

d *नवसुत्तसहस्सानि पञ्चसुत्त सतानि च ।*
*सत्तपञ्ञास सुत्तानि सखा अंगुत्तरे अयं ॥*
*समन्तपासादिका पृ. १५*

e *सारार्थ दीपनी ५४ पृष्ठमा बुद्धवंस चरियापिटक छाडेर तेन्हौं ग्रन्थ मात्र खुद्दकनिकायमा राखिएको छ ।*



Downloaded from http://dhamma.digital

यसरी सम्पूर्ण धर्म र विनय पाँच निकायमा अन्तगर्त भएको हो। तसर्थ भनेको छ –

> "ठपेत्वा चतुरो पेते निकायो दीघ आदिको
> तदञ्ञं बुद्ध वचनं निकायो खुद्दको मतोति।" a

(७) धर्मस्कन्ध कति छन्?

जम्मा ८४००० चौरासी हजार धर्मस्कन्ध छन्। यसको विस्तार थाहा पाउने इच्छुकले समन्तपासादिका हेर्नु पर्छ। यति धर्मस्कन्ध मध्ये तथागतको तर्फबाट ८२००० बयासी हजार र श्रावकहरूबाट २००० दुइ हजार गरी जम्मा चौरासी धर्मस्कन्ध भयो। तसर्थ भनेको छ –

> "द्वासीति बुद्धतो गन्हि द्वेसहस्सानि भिक्खुतो
> चतुरासीति सहस्सानि येमे धम्मा पवत्तिनो ति। b

*

---

*a समन्तपादिका पृ. १६*
*b समन्तपासादिका पृ. १६*



Downloaded from http://dhamma.digital

# द्वितीय संगीति

## (राजावली)

देवदत्तको कुमन्त्रणा सुनेर अजातशत्रु राजकुमारले पिता राजा विम्बिसारको हत्या निर्दयतापूर्वक गरेर राज्य हस्तगत गरे । 'जस्तो गर्छ उस्तै पाउँछ' भन्ने लोकोक्ति झैं भगवान निर्वाण भएको २४ वर्षपछि सम्म राज्य गरी सकेपछि राजा अजातशत्रुलाई पनि आफ्ना छोरा उदायिभद्र कुमारले प्राण लिए । उदायिभद्रले पितृ हत्या गरेर राज्य लिई १६ वर्ष सम्म राज्य गरे । तिनका अनुरुद्ध र मुण्ड नामका दुई छोरा थिए । यिनीहरूले पनि पितृ हत्या गरेर राज्य लिए । अनुरुद्ध र मुण्डल दुई दाज्यू भाईले आठ वर्ष राज्य गरे । त्यति बेला मुण्ड राजाको छोरा नागदास राजकुमारले आफ्ना पितालाई मारेर राज्य लिए । नागदासले (२४) वर्ष राज्य गरे ।

यसरी वंश परम्परा अनुसार पितृहत्या गरी राज्य गरी आएका राजकुल भएको हुँदा यस कुललाई 'पितृ घाटक वंश' पनि भन्दछन् । नागदास राजाको समयमा जनता र राजकर्मचारीहरूको मनमा निकै असन्तोष वृद्धि भयो । नागदास राजाको प्रति जनताहरूको केही पनि विश्वास तथा भक्ति रहेन । एकदिन नागरिकहरूले नागदासलाई पदच्युत गरेर सुसुनाग नामक गुणवान, बुद्धिमान मन्त्रीलाई राज्यभिषेक दिए । यिनले प्रजावर्गको इच्छानुकूल अट्ठार वर्ष सम्म राज्य गरे । सुसुनाग राजा स्वर्गारोहण भएपछि राजाका छोरा कालाशोक राजकुमारलाई राज्य प्राप्त भयो ।



Downloaded from http://dhamma.digital

कालाशोक राजाले २८ वर्षसम्म राज्य गरे । भगवान बुद्ध परिनिर्वाण भएको एक सय वर्षपछि कालाशोक राजाको समय भयो ।

*

त्यस बखत वैशाली नगरमा निकै धेरै वृजिपुत्रक भिक्षुहरू थिए । तिनीहरूले वैशाली नगरमा निम्न दश कुराहरू प्रचार गरे –

(१) सिंगमा नून हुन्छ; (२) दुइ अंगुल बिते पनि हुन्छ; (३) ग्रामान्तर हुन्छ; (४) आवास हुन्छ; (५) अनुमति हुन्छ; (६) गरी राखेझैं हुन्छ; (७) दहि नजमेको हुन्छ; (८) रक्सी नभएको हुन्छ; (९) संजाप नभएकोमा बस्नु हुन्छ; (१०) असर्फी रूपैञा हुन्छ ।" a

---

*a* *(१) कप्पति सिगिलोन कप्पो, (२) कप्पति द्वंगुल कप्पो,*
*(३) कप्पति गामात्तर कप्पो, (४) कप्पति आवास कप्पो,*
*(५) कप्पति अनुमति कप्पो, (६) कप्पति आचिण्ण कप्पो,*
*(७) कप्पति अमथित कप्पो, (८) कप्पति जलोगिपातुं,*
*(९) कप्पति अदसकं निसीदनं (१०) कप्पति जातरुपरजतं ।*

*– चूलवग्ग*



Downloaded from http://dhamma.digital

त्यसबेला आयुष्मान काकण्डकपुत्र b यश स्थविर वृजिदेशमा भ्रमण गर्दै वैशालीमा पुगेर महावनको कुटागार विहारमा बस्नु भयो। एक दिन उपोसथको दिन a वृजिपुत्रक भिक्षुहरूले उपोशथागारमा b² भिक्षु संघको माझमा पानीले भरिएको काँसको भाँडा राखेर वैशाली निवासी उपासकहरूलाई यसो भने –

"उपासक हो ! संघलाई सुन चाँदी रूपैंया पैसा के दिने इच्छा छ देउ, एक रूपैंया भए पनि देउ, एक मोहर भए पनि देउ, एक सुका भए पनि देउ, संघहरूको परिष्कारादिको निम्ति उपकार हुनेछ।" c वृजिपुत्रक भिक्षुहरूको यो कुरा सुनेर आयुष्मान काकण्डक पुत्र यश भिक्षुले उपस्थित उपासकहरूलाई यसो भने –

उपासक हो ! संघलाई कार्षापण (रूपैंया) नदेउ। श्रमण शाक्यपुत्रहरूलाई रूपैंया पैसा अयोग्य छ। न श्रमण शाक्यपुत्रहरूले रूपैंया पैसा स्वीकार गर्ला, न ग्रहण गर्ला। वहाँहरू सुन चाँदी रूपैंया पैसाको सम्बन्ध सबै छाडी आउनु भएका।" d

---

*b* *आयुष्मान काकण्डकपुत्र यश भिक्षु तथागतको दर्शन प्राप्त आनन्द महास्थविरको शिष्य हुन। त्यसबखत आनन्द महास्थविरका शिष्यहरू यश भिक्षु सहित ६ जना थिए। यथा :– सर्वकामी, साल्हरेवत, खुज्जसोभित, यश, तथा सम्भूत।*
*अनुरुद्ध महास्थविरका शिष्याहरू दुइजना थिए। यथा :– वासभगामिक र सुमन। यिनी आठजना महास्थविरहरू भगवान दर्शन पाएका हुन्। - महावंश ४-५७, ५९*

*a* *हेर्नुस् लेखकको धम्मपदट्ठकथाको, बोधिनी पृ. १३*

*b²* *भिक्षुहरूको विनयकर्म गर्न विशेष विधानपूर्वक बनाई राखेको स्थान*

*c* *देथावुसो संघस्स कहापणाम्पि, अड्ढम्पि, पादम्मि, मासकरूपम्पि भविस्सति संघस्स परिक्खारेन करणीयन्ति। –चूलवग्ग*

*d* *आवुसो अदथ संघस्स कहापणम्पि, अड्ढम्पि, पादम्पि मासकरुपम्पि। न कप्पति समणानं सक्यपुत्तिकानं जातरुपरजतं। नपरिगण्हन्ति समणा सक्यपुत्तिका जातरुपरजतं। निक्खित्त मणिसुवण्णा सक्यपुत्तिका, अपेत जातरुपरजतन्ति – चूलवग्ग*



Downloaded from http://dhamma.digital

यस्तो भनेता पनि वैशाली निवासी कुनै उपासकहरूले सुन दिए । कुनैले रूपैंया दिए, कुनैले पैसा दिए । भोलीपल्ट वृजिपुत्रक भिक्षुहरूले प्राप्त भएको सुन चाँदी रूपैंया पैसा जम्मै भाग लगाएर बाँडी लिए । आयुष्मान काकण्डकपुत्र यश भिक्षुलाई पनि 'आवुसो ! लेउ यो तिम्रो भागमा परेको सुन' भनी दिए । परन्तु वहाँले 'मलाई सुन चाँदी रूपैंया पैसाको आवश्यक छैन, न मैले यस्ता वस्तु ग्रहण नै गर्छु ' भनी स्वीकार गर्नु भएन । आयुष्मान यश भिक्षुको कुरा सुनेर वृजिपुत्रक भिक्षुहरूको मनमा चोट (चीसो) पऱ्यो । अनि तिनीहरूले 'यिनी आयुष्मान यशले श्रद्धा सुप्रसन्न उपासकहरूलाई नचाहिने कुरा सुनाएर अप्रसन्न पारे त्यसकारण हामीहरूले यो भिक्षुलाई प्रतिसारणीय कर्म e (उपासकहरूसंग क्षमा याचना गराउने काम) गर' भनी आयुष्मान यश भिक्षुलाई त्यसो भने । अनि आयुष्मान यस भिक्षुले वृजिपुत्रक भिक्षुहरूलाई यसो भने –

आवुसो ! भगवानले प्रतिसारणीय कर्म याचना गरिरहेको भिक्षुलाई अनुदुत f दिनुपर्छ भनी राखेको छ ; तसर्थ मलाई पनि अनुदुत भिक्षु एकजना देउ ।

---

*e उपासक पक्षको श्रद्धा बिग्रिने काम अथवा कुरा तथा तिनीहरूलाई अप्रसन्न गर्ने भिक्षुलाई भिक्षु संघहरूले, त्यो उपासक पक्षसंग क्षमा माग्न पठाउने विनयकर्मलाई प्रतिसारणीय कर्म = पटिसारणीयकम्म' भन्छन् ।*

*f क्षमा याचना गर्न जाने भिक्षुसंगै अर्को एकजना भिक्षु साथी पठाई दिनुपर्छ । त्यो साथ जाने भिक्षुलाई अनुदूत भन्दछन् ।*



Downloaded from http://dhamma.digital

वृजिपुत्रक भिक्षुहरूले संघ तर्फबाट एकजना भिक्षुलाई सम्मत गरेर अनुदूत दिए। आयुष्मान यश भिक्षु अनुदूत भिक्षुसंगै वैशाली नगरमा गएर त्यहाँका उपासकहरूलाई यसो भने –

"भो उपासक हो ! मैले तपाईंहरूलाई गालि गऱ्यो, तपाईंहरूको श्रद्धा दूषण गऱ्यो, तपाईंहरूलाई अप्रसन्न पाऱ्यो; जुन म अधर्मलाई अधर्म, धर्मलाई धर्म, अविनयलाई अविनय, विनयलाई विनय भन्ने हुँ।" g

त्यहाँ आयुष्मान काकण्डकपुत्र यश भिक्षुले उपासकहरूलाई निम्न कुरा बताए –

उपासक हो ! शाक्यमुनि बुद्ध श्रावस्ती जेतवन विहारमा विहार गर्नु भएको बेलामा एक दिन वहाँले भिक्षुहरूलाई यस्तो आज्ञा गर्नुभयो – भिक्षु हो ! चार कारणले चन्द्र सूर्यको रश्मि, तेज मलिन भएर जान्छ। यथा – बादल, हिउँ, धुँवा, तथा राहु। यस्तै भिक्षु हो ! श्रमण ब्राह्मणहरूको तेज, रश्मि मलिन हुने कारण पनि चार छन्; यथा – सुरापान, मैथुन धर्म , रूपैंया पैसा प्रतिग्रहण तथा मिथ्या जीविका।"

एक समय भगवान बुद्ध राजगृहमा वेलुवन कलन्दक निवासमा विहार गरी रहनु भएको थियो । त्यसबखत राजदरवारमा अनेक राजपुरुषहरू भेला भएर, श्रमण शाक्यपुत्रहरूलाई रूपैंया दिनु हुन्छ , तिनीहरूले रूपैंया पैसा ग्रहण गर्छन्, स्वीकार गर्छन् भनी कुरा गरी रहे। अनि मणिचूड ग्रामणी

---

*g यो हं अधम्मो अधम्मोति वदामि, धम्मी धम्मोति वदामि, अविनयं अविनयोति वदामि, विनयं विनयोति वदामि–चूलवग्ग*



Downloaded from http://dhamma.digital

भन्ने द्वारेले त्यस परिषदलाई यसो भने–"आर्यहरू ! त्यसो नभन्नु होस्, श्रमण शाक्यपुत्रहरूलाई रूपैंया पैसा हुँदैन, न वहाँहरूले रूपैंया पैसा ग्रहण गर्नु हुन्छ, न स्वीकार गर्छन्, वहाँहरूले त्यस्ता सुन, चाँदी, रूपैंया पैसाको सम्बन्ध सबै छाडी सकेको छ ।" यो कुरालाई राजपुरुषहरूले स्वीकार गरे ।

अनि मणिचूड ग्रामणी भगवानकहाँ गई उनलाई वन्दना गरी एक छेउ बसेर आफुले अन्तपुरमा राजकुमारहरूलाई भनेको कुरा सबै बताई यसरी सोधे–

"भन्ते ! के मैले भगवानको उपदेशानुसार कुरा बताएँ ? तपाईहरूको निन्दा हुने किसिमसंग त बताइएन ? अथवा तपाईहरूले नबताउनु भएको, भनेको कुरा बताएँ कि ?"

"ठीक छ मणिचूड तिमीले बताएको कुरा त्यसै हो । यसमा केही दोष छैन । न तिमीले भगवानले नबताएको कुरा बतायौं। ग्रामणी ! न श्रमण शाक्यपुत्रहरूलाई रूपैंया पैसा योग्य छ, न उनीहरूले त्यसलाई ग्रहण गर्ला। ग्रामणी ! जसलाई रूपैंया पैसा योग्य छ त्यसलाई पञ्चकाम गुण पनि योग्य छ h । यो पनि तिमीले जानी लेउ कि जसलाई पञ्चकाम गुण योग्य छ त्यसको अवश्य नै अश्रामाण्य अ शाक्यपुत्रिय हुनेछ । फेरी ग्रामणी ! घाँस चाहिनेले घाँस खोज्नु पर्छ, पुरुष चाहिनेले पुरुष खोज्नु पर्छ, गाडा चाहिनेले गाडा खोज्नु पर्छ भनी भन्छु। परन्तु ग्रामणी ! कुनै किसिमबाट पनि मैले रूपैंया पैसा ग्रहण गर्न योग्य, रूपैंया, पैसा खोज्नु पर्छ भान्दन ।" i

---

*h यस्सखो गामणी जातरुपरजतं कप्पति पञ्चपि कामगुणा कप्पन्ति ।*

*–चूलवग्ग*

*i नेत्वेवाहं गामणी केनचि परियायेन जातरुपरजतं सादितब्बं परियेसितब्बन्ति वदामि ।* *–चूलवग्ग*



Downloaded from http://dhamma.digital

उपासक हो ! यो पनि मलाई थाहा छ कि एक समय भगवान बुद्ध राजगृहमा बस्नु भएको बेलामा उपनन्द शाक्यपुत्रको कारणमा उनी समन्तभद्रले रूपैंया पैसा ग्रहण गर्न नहुने शिक्षापद बनाउनु भयो ।

यस्तो कुरा बताउने म हुँ उपासक हो, जसले उपासकहरूलाई अप्रसन्न पाऱ्यो –जुन धर्मलाई धर्म, अधर्मलाई अधर्म, विनयलाई विनय, अविनयलाई अविनय भन्ने हो ।

आयुष्मान काकण्डकपुत्र यश भिक्षुको यस कुरालाई सुनेर वैशाली निवासी उपासकहरु सबै प्रसन्न भएर यसो भने -

"एक मात्र आर्य काकण्डकपुत्र यश भिक्षु श्रमण शाक्यपुत्र हो; अरू सबै अ-शाक्यपुत्रिय हुन । भन्ते ! तपाईं वैशालीमा बस्नु होस् हामी तपाईंलाई चतुप्रत्यय j द्वारा उपस्थान गर्छौं ।

यस प्रकारले वैशाली निवासी उपासकहरूलाई सम्झाई आयुष्मान काकण्डकपुत्र यश भिक्षु अनुदूत भिक्षुसंगै विहारमा फर्के ।

अनि वृजिपुत्रक भिक्षुहरूले अनुदूत भिक्षुसंग 'यश भिक्षुले उपासकहरूसंग क्षमा माग्यो कि' भनी सोधेपछि अनुदूत भिक्षुले यसो भने–

कहाँ आयुष्मान हो क्षमा माग्ने कुरा । 'झन उपासकहरूले हामी सबैलाई अ-श्रमण अ-शाक्यपुत्रिय तुल्याएर आयुष्मान काकडण्कपुत्र यश भिक्षु एक मात्रलाई श्रमण शाक्यपुत्रिय गरी पठाए ।"

यो कुरा सुनेर वृजिपुत्रक भिक्षुहरूले 'आवुसो ! यो आयुष्मान यश भिक्षुले हाम्रो सम्मति नलिई उपासकहरूलाई उपदेश गऱ्यो तसर्थ हामी यसलाई उपखेपनीय कर्म k गरौं भनी सल्लाह गरी भिक्षुहरू सबै सीमागृहमा भेला भए ।

---

*j हेर्नुस् लेखकको धम्मपदट्ठकथा बोधिनी पृ. १७*

*k संघ सभाबाट बहिष्कार गर्ने विनयलाई उक्खेपनीय कर्म भन्दछन् ।*



Downloaded from http://dhamma.digital

आयुष्मान काकण्डकपुत्र यश भिक्षु आकाशमा उडेर कौशाम्बीमा उपस्थित हुन पुग्यो । त्यहाँ आयुष्मान काकण्डकपुत्र यश भिक्षुले पावामा बस्ने र दक्षिणापथ अवन्तिमा बस्ने भिक्षुहरूलाई यसरी सूचना पठायो–

"अधर्म र अविनय प्रचार हुनु भन्दा अगावै, धर्म र विनयको प्रतिक्षेप हुनु भन्दा अगावै अधर्मवादी र अविनयवादीहरू सबल भएर धर्मवादी तथा विनयवादी दुर्बल हुनु भन्दा अगावै – यो अधिकरण (विवाद-झगडा) समाधान गर्न तपाइँ आयुष्मानहरू आउनु पऱ्यो ।" 1

त्यसबेला आयुष्मान साणवासी सम्भूत स्थविर आहोगंगा पर्वतमा बस्नु भएको हुँदा आयुष्मान यश भिक्षु त्यहाँ गई आयुष्मान सम्भूत स्थविरलाई वन्दना गरी वैशाली निवासी भिक्षुहरूले भनी हिंडेको, गरी हिंडेको कुरा सबैलाई 'अधर्म र अविनय प्रचार हुनु भन्दा अगावै यो अधिकरण हामीहरूले छिन्नुपऱ्यो' भनी निवेदन गरे । आयुष्मान सम्भूतले 'हो' भनी उत्तर दिए ।

---

*1 आगच्छन्तु आयुष्मन्तो, इमं अधिकरणं आदियिस्साम पुरे अधम्मो दिप्पति धम्मो पतिवाहियति, अविनयो दिप्पति विनयो पटिवाहियति, पुरे अधम्मवादिनो बलवन्तो होन्ति धम्मवादिनो दुब्बला होन्ति, अविनयवादिनो बलवन्तो होन्ति, विनयवादिनो दुब्बला होन्ति ।*

*-चूलवग्ग*



Downloaded from http://dhamma.digital

अनि त्यहाँ पावामा बस्ने धुतंगधारीm अरहतहरूn ६० जना र दक्षिणापथ अवन्तिमा बस्ने ८० अरहत्त भिक्षुहरू आइपुगे । निमन्त्रित भिक्षुहरू सबै आइपुगेपछि सबै भेला भई 'यो अधिकरण सारै जोरदार छ अतएव यो अधिकरण छिन्न कसको सहायता लिनु पर्ला ? कसो गर्नु पर्ला ? भन्ने इत्यादि सल्लाह गरे ।

त्यसबखत आयुष्मान रेवत स्थविर सोरेय्यमा बस्नु भएको थियो । रेवत स्थविर त्यसबेला भएका भिक्षुहरू मध्ये एक महान पण्डित, धर्मधर, विनयधर, मातृकाधर, प्रतिसम्भिदालाभी a अरहत हुनुहुन्थ्यो । अतः स्थविरहरूको मनमा रेवत महास्थविरको सहायता लिने विचार उठ्यो । उता सोरेय्यमा बस्ने रेवत महास्थविरले अहोगंगा पर्वतमा बसेर स्थविरहरूले सल्लाह गरीरहेको कुरा दिब्य ध्यानले जानेर 'यो विवाद सार्है चर्को छ, यसमा अल्झिनु ठीक हुँदैन' भन्ने विचार आएपछि वहाँ रेवत महास्थविर सोरेय्यबाट संकाश्य जानु भयो । स्थविर भिक्षुहरू पनि सल्लाह गरी रेवत महास्थविर भेट्न अहोगंगा पर्वतबाट सोरेय्य गए । त्यहाँ उनलाई भेट्न नपाउँदा संकाश्य गए । रेवत महास्थविर त्यहाँबाट कान्यकुब्ज गयो भन्ने समाचार सुनेर तिनीहरू त्यहीँ गए । यसै गरी जाँदा जाँदा स्थविरहरूले रेवत महास्थविरलाई सहजातिमा भेट्टाए । अनि त्यहाँ साणबासी सम्भूत स्थविरले आयुष्मान यश स्थविर लाई यसो भने :–

---

*m हेर्नुस् लेखकको धम्मपदट्ठ कथा बोधिनी पृ. ३२*

*n हेर्नुस् लेखकको धम्मददट्ठ कथा बोधिनी पृ. ४*

*a हेर्नुस् लेखकको धम्मपदट्ठ कथा, बोधिनी पृ. ४४ ।*



Downloaded from http://dhamma.digital

"आयुष्मान ! उनि रेवत महास्थविर बहुश्रुत धर्मधर मातृका धर तथा व्यक्त पण्डित हुनुहुन्छ। यदि हामीले वहाँसंग प्रश्न गऱ्यो भने एउटै प्रश्नलाई रातभर बिताई दिन सक्नु हुन्छ। तसर्थ वहाँको शिष्यलाई पढाउन सिद्धिने बित्तिकै तिमीले त्यो दश बस्तुको विषयमा प्रश्न गर ।"

"हवस् भन्ते ।" भनी आयुष्मान यश स्थविरले सम्भूत स्थविरलाई उत्तर दियो ।

पछि रेवत महास्थविरले आफ्नो शिष्यलाई पढाउन सिद्धिएपछि यश स्थविरले उनलाई वन्दना गरी यसरी प्रश्न गरे–

(१) सिंगमा नून हुन्छ कि भन्ते ?
यो के भनेको आवुसो ?

भन्ते, नून नभएको ठाउँमा सिंगमा नून राखेर लान हुन्छ कि हुन्दैन भनेको ।

हुँदैन आवुसो ।

(२) दुई अंगुल वितेपछि हुन्छ कि भन्ते?
यो के भनेको आवुसो ?

भन्ते ! दुइ अंगुल छायाँ लामो भएपछि मध्यान्ह पछि खान हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

(३) ग्रामान्तर हुन्छ कि भन्ते ?
यो के भनेको आवुसो ?



Downloaded from http://dhamma.digital

भन्ते ! गाउँमा जान्छु भनी भोजन गर्ने भिक्षुले 'पुग्यो' भनी आफूले प्रतिक्षेप गरीसकेको पदार्थ विना उपाय फेरी खान हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

(४) आवास हुन्छ कि भन्ते ?

यो के भनेको आँवुसो ?

भन्ते ! एकमात्र सीमागृह भएको ठाउँमा रहेका विभिन्न आवासिक भिक्षुहरूले अलग अलग उपोसथ b गर्न हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

(५) अनुमति हुन्छ कि भन्ते ?

यो के भनेको आवुसो ?

भन्ते ! पछि आउने भिक्षुहरूले अनुमति लिउँला भन्ने मनमा राखी एक समूह अलग संघहरू जम्मा भएर उपोसथ क्रर्म गर्न हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

(६) गरीराखे झैं हुन्छ कि भन्ते ?

यो के भनेको आवुसो ?

भन्ते ! यो हाम्रो उपाध्यायहरूले गरीराखेको वा गरी आएको भनी आफूले पनि त्यस्तै गर्न हुन्छ कि हुँदैन भनेको ।

कुनै हुन्छ कुनै हुँदैन आवुसो ।

(७) दहि नजमेको हुन्छ कि भन्ते ?

यो के भनेको आवुसो ?

---

*b हेर लेखकको धम्मपदत्थकथा बोधिनी पृ. १३ ।*



Downloaded from http://dhamma.digital

भन्ते ! भोजन गर्नेले जुन दूध 'पुग्यो भनी प्रतिक्षेप गरीसक्यो पछि सोहि दूध दही नजम्दै पिउन हुन्छकि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

(८) रक्सि हुन नपाएको हुन्छ कि भन्ते ?
यो के भनेको आवुसो ?

भन्ते ! रक्सि बनाउन भनी कट् आदी बनाई राखेको, साँचै नै रक्सि हुन नपाएको जाँड आदि तथा अरूपनि फलफूलबाट बनाइराखेको निस्सा भएको पदार्थ पिउन हुन्छ कि हुँदैन भनेको । हुँदैन आवुसो ।

(९) किनारा नभएको हुन्छ कि भन्ते ?
यों के भनेको आवुसो ?

भन्ते ! किनारा (सञ्जाप) नभएको लम्पटमा बस्न हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

(१०) असर्फि रूपैंया हुन्छ कि भन्ते ? a

हुँदैन आवुसो ।

---

*a यो दस कुराको विषयमा ल्हासाको पुस्तकमा यस्तो छ –*

*(१) विस्मय प्रकाश गर्न अहो आदी शब्द घोषणा गर्नु (२) धार्मिक काम कुरोमा हर्षित भएर चिच्याउनु (३) जमिन खनेर खेति गर्नु (४) यावजिवीक समान भएको नून यावकालिक बस्तुसंग खानु (५) एक योजन अथवा अधियोजन गएर ' बाटोमा गइरहेको हौं' भनी*

*कृ. प. उ.*



Downloaded from http://dhamma.digital

भन्ते ! वैशाली निवासी वृजिपुत्रक भिक्षुहरूले उपर्युक्त दश कुरा हुन्छ भनी प्रचार गर्दैछ । अधर्म र अविनय प्रचार हुनु भन्दा अगावै हामीले यो अधिकरण छिन्नु पऱ्यो भन्ते ।

'हो आवुसो' भनी रेवत महास्थविरले आयुष्मान यश स्थविरलाई उत्तर दिए ।

* * *

उता वैशाली निवासी वृजिपुत्तक भिक्षुहरूले आयुष्मान काकण्डकपुत्त यश भिक्षुले यो अधिकरण निश्चय गर्नलाई पक्ष खोजि हिंडेको तथा पक्ष प्राप्त भएको कुरा सुन्यो । उनीहरूले पनि यस्तो मनमा विचार गऱ्यो– "यो अधिकरण सारै चर्को छ । हामीले पनि कुनैको पक्ष प्राप्त गर्नु पर्ला, जसबाट हाम्रो पक्ष सबल हुनेछ ।"

यति मनमा लिई तिनीहरूले यसरी सल्लाह गरे – 'उनि रेवत महास्थविर आज भोलि बडा महान विद्वान हुन् । उनी धर्मधर, विनय धर पनि हुन् तसर्थ यदि हामीले वहाँको पक्ष प्राप्त गर्न सकियो भने हाम्रो पक्ष बलियो हुनेछ ।"

---

*खानु (६) पुग्यो भनी प्रतिक्षेप गरीसकेको बस्तु दुई औंलाले टिपेर खानु (७) जुकाले रगत पिए झैं बिरामी भन्दै रक्सि जाँड पिउनु (८) जति दूध छ उतिनै मोहि मिलाएर विकालमा पिउनु (९) पुरानु लेपत्मा रहेको कपडा तथागतको हातले एक भित्ता जति नलिइ नयाँ लम्पत बनाउने (१०) सुन चाँदी लिनु इत्यादी दश कुरा हुन्छ ।–बौद्ध लमया १३-७*



Downloaded from http://dhamma.digital

यति सल्लाह गरी तिनीहरूले रेवत महास्थविरलाई लोभ देखाउन श्रमणहरूलाई चाहिने चीवरादि अनेक परिस्कार संग्रह गरी रेवत महास्थविर कहाँ जान भनी नाउमा बसी सह जातिमा गए ।

त्यसबेला सहजातिमा महास्थविर बसिरहनु भएको थियो । एकदिन एकान्तमा बसीरहेको बेलामा वहाँले बैशालीमा बस्नेहरूको विवादको कुरा सुनेर 'यिनीहरू मध्ये कुनचाँही धर्मवादी रहेछ' भनी धर्म र विनयको कुरासंग दाँजेर राम्रो संग विचार गरी हेर्दा 'पावामा बस्ने भिक्षुहरू धर्मवादी' हुन भन्ने निश्चय गरे ।

वैशाली निवासी वृजिपुत्तक भिक्षुहरू श्रमण परिष्कार लिई रेवत महास्थविर कहाँ गएर वहाँलाई दण्डवत गरी यसो भने :-

"भन्ते ! लिनु होस् तपाईंलाई आवश्यक भएको परिष्कार चाहे संघाटि चाहे उत्तरा संग ।"

रेवत महास्थविरले ' मसंग सबै कुरा छ आवुसो, मलाई केही चाहिँदैन" भनी कुनै परिष्कार लिनु भएन ।

त्यसबेला रेवत महास्थविरकहाँ वहाँलाई उपस्थान गर्ने उपसम्पदा वर्ष २० भएको भिक्षु एउटा थियो । महास्थविरले कुनै परिष्कार ग्रहण नगरेपछि वृजिपुत्तक भिक्षुहरू आयुष्मान उत्तर कहाँ गएर यसो भने –

"आयुष्मान उत्तर ! तपाईंलाई चाहिने परिष्कार लिनु होस् ।" परन्तु उत्तर स्थविरले पनि केहि नलिए पछि वृजिपुत्तक भिक्षुहरूले यसो भने–



Downloaded from http://dhamma.digital

आयुष्मान ! भगवानको पालामा भगवानलाई कसैले परिष्कार चढाउँदा यदि भगवानले स्वीकार गर्नु भएन भने मानिसहरू आनन्द स्थविरकहाँ गएर "भन्ते यो परिष्कार भगवानलाई भनेर ल्याएको परन्तु वहाँले स्वीकार गरी लिनु भएन, तसर्थ तपाईंले स्वीकार गर्नु हवस् जसबाट भगवानलाई चढाएको जस्तै हुनेछ, तपाईंलाई पनि चढाएको हुनेछ" भनि आनन्द स्थविरलाई चढाउँछन् । त्यसकारण तपाईंले पनि ग्रहण गर्नु होस्, जसबाट हाम्रो मनमा महास्थविरलेनै ग्रहण गर्नु भए झैं हुनेछ" भनी अनेक बार जिद्दि गरे । सारैनै जिद्दि गरेको हुँदा उत्तर स्थविरले उत्तरासंग एउटा लिएर किन ? कुन कारणमा आयौ भनेर सोध्नु भयो । अरू केहि होइन आयुष्मान, महास्थबिर रेवतलाई तपाईंले एक पटक केवल "पूर्व तर्फ तथागतहरू जन्म हुन्छन् तसर्थ पुर्व तर्फका भिक्षुहरू धर्मवादी, पावानिवासी भिक्षुहरू अधर्मवादी हुन भनी भिक्षु संघ सभामा भनीदिनु होस् भनी" यति कुरा सुनाई दिनु होस् । 'हुन्छ' भनी रेवत महास्थविर कहाँ गइ उत्तर स्थविरले त्यसो भने । रेवत महास्थविरले "मलाई यस्तो भन्न आउने ! आफुमात्र अधर्मी भएर पुगेन मलाई पनि अधर्ममा राख्न खोजेको होइन !" भनी आफ्नो शिष्य उत्तर भिक्षुलाई निकाली दियो । वृजिपुत्तक भिक्षुहरूले उत्तर भिक्षुसंग रेवत महास्थविरले के भन्नुभयो भनी सोद्धा आयुष्मान उत्तरले यसो भने –

"धत्तेरी आवुसो तिमीहरू मात्र अधर्मवादी भएर पुगेन मलाई पनि अधर्मवादी गर्न खोजेको ? भनी मलाई रेवत महास्थविरले निकाली दिनु भयो ।"

"होइन आयुष्मान तपाईं उपसम्पदाले २० वर्ष भएको महास्थविर होइन र ?



Downloaded from http://dhamma.digital

"हो तैपनि हामीले गौरबनीय आफ्ना आचार्यहरूको आश्रय छोडेनौं ।"

यति कुरा सुनी वृजिपुत्तक भिक्षुहरू सबै असन्तुष्ट भएर रेवत महास्थविरको पक्ष लिन नसकी निराश भएर वैशालिनै फर्के ।

यसबेला कालाशोक राजाले विशेष गरी वृजिपुत्तक भिक्षुहरूको कुरा सुन्ने थियो । त्यसकारण वृजिपुत्तक भिक्षुहरू पाटलिपुत्र गएर राजालाई यसरी चुक्ली गरे :-

"महाराज ! हामीले रक्षागरी राखेको महावनमा रहेको गन्धकुटी विहार दखल गर्न भनी ग्रामवासी भिक्षुहरू आई रहेको छ । कृपया तिनीहरूलाई रोक्नु होस् ।"

राजाले यो कुरा सुनेर आवश्यक कारवाही गरे । त्यस दिनको रातमा राजाले अति भयंकर सपना देखे । राजा भयभीत भएर उठे । उठी सकेपछि यसरी मनमा विचार गरे–

'यो कस्तो सपना ! मलाई के हुने होला !'

यसबेला राजाकी बहिनी नन्दाथेरी–अरहतनी आएर राजालाई धैर्य दिलाई यसो भने– ⊙

महाराज ! नडराउनु होस्, यो अरू केही होइन कुसंगतको फल हो । तपाईले जुन भिक्षुहरूको पक्ष

---

⊙ *अतिभीतो अहुराजा तमस्सासेतुमागमा ;*

*भगिनी नन्दथेरी तु आकासेन अनासवा ।*

*भरियं ते कतं कम्मं धम्मिकेऽय्य खमापय,*

*पक्खो तेसं भवित्वा त्वं कुन सासन संग्रहं ।-महावंश ४–३९, ४०*



Downloaded from http://dhamma.digital

लिनु भएको थियो ती भिक्षुहरू धर्मवादी विनयवादी होइनन् । तसर्थ धर्मवादी विनयवादी भिक्षुहरूसंग क्षमा याचना गरेर वहाँहरूलाई सहायता दिएर तथागतको शासन रक्षा गर्नु होस् ।"

बहिनी नन्दा अरहतनीको कुरा सुनेर राजाले पछि त्यस्तै गरे ।

*

उता सहजातिमा जम्मा भइरहेका भिक्षुहरू मध्ये जेष्ठ महास्थविरले सबैलाई यस्तो भने :-

"आवुसो ! यदि हामीहरूले यो अधिकरण यहिंबाट छिन्ने र निर्णय गर्‍यौं भने सम्भवत: कारणी भिक्षुहरुले पछि फेरि यो कुरा निकालेर विवाद गर्न सकिन्छ। तसर्थ जुन ठाउँबाट विवाद निस्केको हो सोही ठाउँ वैशालिमा गएर यो कुराको निर्णय गर्नु योग्य छ।"

रेवत महास्थविरको कुरा सुनेर भिक्षुहरू सबै बैशालीमा प्रस्थान गरे । त्यसबेला जम्बुद्विपका सबै भिक्षुहरूमध्ये जेष्ठ, भगवान बुद्ध दर्शन पाएका, धर्मधर विनयधर भएका, उपसम्पदा वर्षनै १२० एकसय बीस वर्ष पुगेका आनन्द महास्थविरका शिष्य सर्वकामी a महास्थवीर वैशालिमा बस्नु भएको थियो । त्यसकारण वैशाली पुगेर आयुष्मान रेवत महास्थविरले आयुष्मान सम्भूत महास्थविरलाई यसो भने-

---

*a सब्बकामी पुथुविया संघत्थेरो तदा अहु, सो वीसं वस्ससतिको तदासि उपसम्पदा । -महावंश ४-५६*



Downloaded from http://dhamma.digital

"आवुसो ! म सर्वकामी महास्थविर बस्नु भएको विहारमा जान्छु । तिमी पनि त्यहाँ यथासमयमा आएर सर्वकामी महास्थविर सँग यी दश कुराको विषयमा प्रश्न गर ।"

"हवस" भनी सम्भूत स्थविरले रेवत महास्थविरलाई उत्तर दिए ।

यति भनेर रेवत महास्थविर सर्वकामी महास्थविर बस्नु भएको बिहारमा गए । सम्भूत स्थविर पनि यथा समयमा सर्वकामी महास्थविर बस्नु भएको बिहारमा गएर वहाँलाई वन्दना गरी वैशालिमा बस्ने वृजिपुत्रक भिक्षुहरूले गरीहिंडेको भनी हिडेको कुरा सबै बताई उनी महास्थविरसंग यस्तो प्रश्न गरे –

"भन्ते ! तपाईंले आनन्द महास्थविरसंग निकै धर्म र विनय सिकेर जान्नु भएको छ । तपाईंले जान्नु भएको धर्म र विनयसंग दाँजेर हेर्दा यी भिक्षुहरू मध्ये कुनचाँही धर्मवादी जस्तो लाग्दछ ?"

"तिमीले पनि आवुसो उपाध्यायसंग निकै सिकेर जानेका छौ । तिम्रो विचारमा कस्तो लाग्छ ?"

"मेरो विचारमा त भन्ते ! पूर्वतिर बस्ने भिक्षुहरू अधर्मवादी, पावामा बस्ने भिक्षुहरू धर्मवादी जस्तो लाग्छ । किन्तु जवसम्म संघ, सभाले सम्मत गरेर मसँग सोधिंदैन तबसम्म मैले विनिश्चय दिन सक्दैन ।"

"मेरो विचारमा पनि त्यस्तै हो आवुसो ! किन्तु जबसम्म संघ सभाले सम्मत गरेर मसंग सोधिंदैन तबसम्म मैले पनि यसको विनिश्चय दिन सक्दैन ।"



Downloaded from http://dhamma.digital

यसरी सर्वकामी महास्थविरसँग कुरा सोधिसकेपछि वैशाली निवासी र अरू ठाउँबाट आएका सबै भिक्षुहरू जम्मा भएर यो विवादको विनिश्चय गर्न छलफल गरे । यस सभामा हजारौं भिक्षुहरू थिए । यस छलफल सभामा कोलाहल शब्द ज्यादा भएको हुँदा कुनै कुरा राम्रोसंग निश्चय हुन नसकेपछि आयुष्मान रेवत महास्थविरले संघसभामा यसरी प्रस्ताव राखे–

"भन्ते संघ ! जुन विवादको विनिश्चय गर्न भनी हामीहरूले यो महासभामा कुरा गऱ्यौं, त्यस विनिश्चय यस महासभामा हुन गाह्रो होला । कोलाहल शब्द ज्यादा भएकोले कसले के भन्यो भन्ने कुरा राम्रोसँग बुझ्न सकिएन । त्यसकारण तपाईं संघहरूको स्वीकृति अनुमति भए, हामीहरूले यो अधिकरणको विनिश्चयलाई उद्बाहिय कर्मद्वारा (Select Commitee) अर्थात प्रवर समितिद्वारा गर्नपऱ्यो । त्यो प्रवर समिति यस्तो हुनुपर्छ :– चार जना पूर्वतर्फको, चारजना पावा तर्फको ।"

यो प्रस्ताव सर्व समितिबाट स्वीकृत भयो । अनि यसरी भिक्षुहरू छानिए–

पूर्वतर्फका भिक्षुहरू चारजनामा क्रमशः– (१) आयुष्मान सर्वकामी महास्थविर, (२) आयुष्मान साल्ह महास्थविर, (३) आयुष्मान खुज्जसोभित महास्थविर, (४) आयुस्मान वासभ गामिक महास्थविर ।

पावा तर्फका भिक्षुहरू चारजना क्रमश :– (१) आयुष्मान रेवत महास्थविर (२)आयुष्मान साणवासी सम्भूत महास्थविर, (३) आयुष्मान काकण्डकपुत्र यश महास्थविर (४) आयुष्मान सुमन महास्थविर ।



Downloaded from http://dhamma.digital

आठ जना भिक्षुहरू छानी सकेपछि आयुष्मान रेवत महास्थविरले सबै संघको सम्मति लिनु भयो । प्रतिनिधिहरूको विषयमा सबैको चित्त बुझेपछि रेवत महास्थविरले संघ सभामा वैधानिक रूपले (कर्मवाचा पढेर) यसरी प्रस्ताव राखे ।

"भन्ते संघ ! यदि तपाईंहरूको अनुमति र स्वीकृति भए पूर्व तर्फ र पावातर्फ बस्ने चार चार जना भिक्षुहरू (जम्मा) आठ जना भिक्षुहरू भेला भएर यो अधिकरणको विनिश्चय गरौं । यसमा जसको चित्त बुझ्छ त्यो चुप लाग्नु होस्, जस्को चित्त बुझेको छैन त्यसले बोल्नु होस ।"– यो ज्ञप्ति भयो ।

यसरी सूचना दिंदा कसैले केही नभनेपछि सर्वसम्मतिबाट प्रस्ताव पास ठहरायो । सबै संघले अधिकरण विनिश्चय गर्ने भार यी आठ जना चुनिएको संघ सभालाई (Select Committee) दियो ।

यति भएपछि वहाँहरूले यो अधिकरणको विनिश्चय कहाँ गर्नु पर्ला भनी विचार गरी वालुकाराम[a] मा घोष आदि कम देखी त्यहाँ सबै भेला हुन गए ।

त्यस सभामा रेवत महास्थविरले सर्वकामी महास्थविर संग विनय सम्बन्धि प्रश्न गर्ने सम्मति लियो ।

अनि आयुष्मान रेवत महास्थविरले सर्वकामी महास्थविर संग यसरी प्रश्न गरे–

(१) भन्ते ! सिंगमा नून हुन्छ ?

सिंगमा नून हुन्छ भनेको के आवुसो ?

---

*a महावंश ४–६३*



Downloaded from http://dhamma.digital

भन्ते ! नून नभएको ठाउँमा खान सिंगमा नून राखेर लान हुन्छकि हुंदैन भनेको ।

हुंदैन आवुसो ।

कहाँ हुँदैन भनी भनेको छ भन्ते ?

श्रावस्तीमा, सूत्रविभङ्गमाa आवुसो ।

के आपत्ति (= दोष) हुन्छ भन्ते ?

सन्निधिकारक भोजने पाचित्तियं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनु भयो –

"सुन्नु होस भन्ते संघ ! प्रथम अधिकरणको विनिश्चय संघले यसरी गऱ्यो – 'सिंगमा नून हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनय युक्त र तथागतको वचनबाट बाहिर भएको हुँदा 'सिंगमा नून हुँदैन' भन्ने निर्णय भयो । यो प्रथम विनिश्चय भयो । यो एक दियालो झिकें ।"

(२) भन्ते ! दुइ अंगुल वितेपछि हुन्छ कि ?

दुइ अंगुल वितेपछि भनेको के आवुसो ?

भन्ते दुइ अंगुल छाया लामो भएपछि मध्यान्ह पछि खान हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनी भनेको छ भन्ते ?

राजगृहमा, सुत्तविभङ्गमा ।

(खायो भने) के हुन्छत भन्ते ?

---

*a प्रातिमोक्ष सूत्तको प्राचिन व्याख्या भएको भिक्षु भिक्षुणी विभङ्ग लाईनै सुत्तविभङ्ग भन्छन् । हेर लेखकको धर्म विनय ।*



Downloaded from http://dhamma.digital

विकाल भोजने पाचित्तियं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनुभयो–

"सुन्नु होस भन्ते संघ ! द्वितीय अधिकरणको विनिश्चय संघले यसरी गऱ्यो–'दुइ अंगुल वितेपछि हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनययुक्त र तथागतको वचनबाट बाहिर भएको हुँदा 'दुइ अंगुल बितेपछि हुँदैन' भन्ने निर्णय भयो । यो दोस्रो विनिश्चय भयो । यो दोस्रो दियालो झिकें ।"

(३) ग्रामन्तर हुन्छकि भन्ते ?

ग्रमन्तर हुन्छकि भनेको के आवुसो ?

गाउँमा जान्छु भनेर भोजन गर्ने भिक्षुले 'पुग्यो' भनी आफूले प्रतिक्षेप गरीसकेको भोजन पदार्थ विना उपायद्वारा फेरी खान हुन्छकि हुँदैन भनेको ।

हुँदैन आवुसो

कहाँ हुँदैन भनी भनेको छ भन्ते ?

श्रावस्तिमा, सुत्तविभङ्गमा ।

(खायो भने) के हुन्छ भन्ते ?

अतिरित्त भोजने पाचित्तियं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनुभयो –



Downloaded from http://dhamma.digital

"सुन्नु होस् भन्ते संघ ! तेस्रो अधिकरणको विनिश्चय संघले यसरी दियो – 'ग्रामान्तर हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनययुक्त र तथागतको वचनबाट बाहिर भएको हुँदा 'ग्रामान्तर हुँदैन' भन्ने निर्णय भयो यो तेस्रो विनिश्चय भयो । यो तेस्रो दियालो झिकें ।"

(४) आवास हुन्छकि भन्ते ?

आवास हुन्छकि भनेको के ?

भन्ते ! एकमात्र सीमा गृह भएको ठाउँमा बस्ने विभिन्न आवासिक भिक्षुहरूले अलग अलग (संघ) उपोसथ गर्न हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनेको छ ?

राजगृहमा, उपोसथ संयुक्तमा ।

(उपोसथ गरे) के आपत्ति हुन्छ ?

विनयातिसारे दुक्कटं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनुभयो ।–

"सुन्नु होस् भन्ते संघ ! चौठो अधिकरणको विनिश्चय संघले यसरी दियो–'आवास हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनययुक्त र तथागतको वचनबाट बाहिर भएको हुँदा 'आवास हुँदैन' भन्ने निर्णय भयो । यो चौथो विनिश्चय भयो । यो चौथो दियालो झिकें ।"



Downloaded from http://dhamma.digital

(५) अनुमति हुन्छ कि भन्ते ?

अनुमति हुन्छ कि भनेको के ?

पछि आउने भिक्षुहरूको अनुमति लिउँला भनेर मनमा राखी अलग्ग एक समूह संघहरू भेला भएर (संघ) उपोसथ गर्न हुन्छ कि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनेको छ भन्ते ?

चाम्पेय्यक विनय वस्तुमा ।

(गऱ्यो भने) के आपत्ति हुन्छ त ?

विनयतिसारे दुक्कतं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनु भयो ।–

"सुन्नु होस् भन्ते संघ ! पाँचौं अधिकरणको विनिश्चय संघले यसरी गऱ्यो –'अनुमति हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनययुक्त र तथागतको वचनबाट बाहिर पर्छ अतएव 'अनुमति हुँदैन' भन्ने निर्णय भयो । यो पाँचौं विनिश्चय भयो । यो पाँचौं दियालो झिकें ।

(६) गरिराखेझैं हुन्छ कि भन्ते ?

गरीराखेझैं हुन्छकि भनेको के ?

भन्ते ! यो हाम्री आचार्यहरूले गरीराखेको, यो हाम्रो उपाध्यायहरूले गरीराखेको वा गरी आएको भनेर आफूले पनि त्यस्तै गर्न हुन्छ कि हुँदैन भनेको ।

कुनै हुन्छ कुनै हुँदैन आवुसो ।



Downloaded from http://dhamma.digital

यसरी सोधीसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनु भयो :–

"सुन्नु होस भन्ते संघ ! छैठो अधिकरणको विनिश्चय संघले यसरी गऱ्यो–'गरीराखे झैं हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनययुक्त र तथागतको वचनबाट बाहिर पर्छ अतएवः गरीराखेझैं कुनै हुन्छ कुनै हुँदैन' भन्ने निर्णय भयो । यो छैठौं विनिश्चय भयो । यो छैठौं दियालो झिकें ।"

(७) दहि नजमेको हुन्छ कि भन्ते ?

दहि नजमेको हुन्छ कि भनेको के ?

भोजन गर्नेले जुन दूध "पुग्यो" भनी प्रतिक्षेप गरी सकेको फेरी सोही दूध दहि नजम्दै पिउन हुन्छ कि हुँदैन भनेको। हुँदैन आवुसो !

कहाँ हुँदैन भनी राखेको छ भन्ते ?

श्रावस्तिमा सुत्तविङ्गमा ।

(पियो भने ) के आपत्ति हुन्छ त ?

अतिरित्त भोजने पाचित्तियं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनु भयो –

"सुन्नु होस् भन्ते संघ ! सातौं अधिकरणको विनिश्चय संघले यसरी गऱ्यो –'दहि नजमेको हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनबाट बाहिर पर्छ; अतएवः 'दहि नजमेको हुँदैन' भन्ने निर्णय भयो । यो सातौं विनिश्चय भयो । यो सातौं दियालो झिकें ।



Downloaded from http://dhamma.digital

(८) रक्सी नभएको हुन्छ कि भन्ते ?

रक्सी नभएको हुन्छ कि भनेको के ?

भन्ते ! रक्सी बनाउन भनेर कट् आदि बनाइ राखेको, साँच्चिकै रक्सी नबनेको जाँड आदि र अन्य फलफूलबाट बनाइएको नशा लाग्ने पदार्थ पिउन हुन्छकि हुँदैन भनेको ।

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनी राखेको छ भन्ते ?

कौशाम्बीमा, सूत्रविभङ्गमा ।

(पियो भने) के आपत्ति हुन्छ ?

सुरामेरय पामे पाचित्तियं भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनु भयो–

"सुन्नु होस् भन्ते संघ ! आठौं अधिकरणको विनिश्चय संघले यसरी दियो–'रक्सी नबनेको हुन्छ' भन्ने कुरा अधर्मयुक्त अविनययुक्त र तथागतको आज्ञाबाट बाहिर पर्छ, अतएव 'रक्सी नभएको पनि हुँदैन' भन्ने निर्णय भयो । यो आठौं विनिश्चय भयो । यो आठौं दियालो झिकें ।

(९) संजाप नभएको (लम्पत) मा बस्नु हुन्छ कि भन्ते ?

हुँदैन आवुसो ।

कहाँ हुँदैन भनी राखेको छ ?

श्रावस्तिमा सूत्र विभङ्गमा ।

(बस्यो भने) के आपत्ति हुन्छ त भन्ते ?

छेदनके पाचित्तियं भन्ने आपत्ति हुन्छ ।



Downloaded from http://dhamma.digital

यसरी सोधिसकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनु भयो –

“सुन्नु होस् भन्ते संघ ! नवौं अधिकरणको विनिश्चय संघले यसरी दियो –‘संजाप नभएको हुन्छ’ भन्ने कुरा अधर्मयुक्त अविनय युक्त र तथागतको वचनबाट बाहिर पर्छ ; अतएव ‘संजाप नभएको हुँदैन’ भन्ने निर्णय भयो । यो नवौं निर्णय भयो । यो नवौं दियालो झिकें ।

(१०) सुन चाँदी (ग्रहण गर्न ) हुन्छ कि भन्ते ?
हुँदैन आवुसो ।
कहाँ हुँदैन भनीराखेको छ त ?
राजगृहमा, सुत्तविभङ्गमा ।
(लियो भने) के आपत्ति हुन्छ त ?

जातरूप रजत पटिग्गहणे पाचित्तियं भन्ने आपत्ति हुन्छ ।

यति सोधी सकेपछि रेवत महास्थविरले संघलाई यसरी विनिश्चय दिनुभयो–

“सुन्नु होस् भन्ते संघ ! दसौं अधिकरणको विनिश्चय संघले यसरी गऱ्यो –‘सुन चाँदी (ग्रहण गर्न) हुन्छ भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनबाट बाहिर पर्छ ; अतएव सुन चाँदी (ग्रहण गर्न) हुँदैन भन्ने निर्णय भयो । यो दसौं विनिश्चय भयो । यो दशौं दियालो झिकें ।

यस प्रकारले प्रत्येक अधिकरणको विनिश्चय भैसकेपछि सकल वैशाली निवासी भिक्षु भिक्षुणी, उपासक उपासिकाहरूलाई पनि यो विनिश्चयको कुरा सुनाउन संघहरूले एक सर्वसाधारण अधिवेशन बोलाई पहिले झैं दश अधिकरणको विषयमा प्रश्न उत्तर सुनाए ।



Downloaded from http://dhamma.digital

अनि ७०० प्रतिसम्भिदा लाभी अर्हतहरू भेला भएर वैशाली☛ को वालुकाराममा कालाशोक राजाको संरक्षणमा प्रथम संगायनामा महाकाश्यप महास्थविरहरूले झैं धर्म संगायना गरे। श्रावण पुर्णिमाका दिन संगायनाको कार्य आरम्भ भयो। आठ महिना भएपछि समाप्त भयो। यस संगायनामा रेवत महास्थविर ले प्रश्न गर्नुभयो। सर्वकामी महास्थवीरले उत्तर दिनु भयो। सातसय भिक्षुहरू भएको हुनाले यस द्वितीय संगायनालाई सत्तसतिक पनि भन्दछन्।

*

## द्वितीय संगीतिपछि

दश वस्तुक विनय सम्बन्धि झगडा छिनेर थेरवादी महास्थविर भिक्षुहरूले संगायना गरेपछि विपक्षी भएका वृजिपुत्रक भिक्षुहरू मूल स्थविरवादी भिक्षु संघबाट अलग्ग भएर निस्के। निस्केर आफ्ना पक्षका भिक्षुहरू सबै भेला गराई प्रत्यन्त देशतिर गए। पछि यो विपक्षी भिक्षुहरूलाई धर्म-विनयको कुरा राम्रोसंग नजान्ने मण्डली भन्ने राजाको सहायता प्राप्त भयो। यही राजाको संरक्षणमा वृजिपुत्रक भिक्षुहरूले धर्म संगायना गरे। अनेक तरहका भिक्षुहरू दश हजार जति एक ठाउँमा भेला भएर संगायना भएकोले यस संगायनालाई महासांघिक अथवा महासंगिक भनी कहलाए।

---

☛ *कुनै ठाउँमा कोशाम्बि छ।*

☛ *सद्धर्म रत्नाकार परिच्छेद १२*



Downloaded from http://dhamma.digital

यस संगायनामा वृजिपुत्रक भिक्षुहरूले तथागतले देशना गर्नुभएको अर्थात त्यस बेलासम्म महास्थविर परम्परा चली आएको त्रिपिटक ग्रन्थलाई उल्टापल्टा गरे । प्रथम संगीतिमा संग्रह गरी राखेको सूत्रहरूमध्ये कुनै कता कुनै कता राखे । कुनै कुरा निकाले कुनै थपे । सूत्रको नाम पनि फेरे वर्गको नाम पनि बदले । विस्तृत गरीराखेको कुरालाई संक्षिप्त पारे, संक्षिप्त पारेको कुरा विस्तृत गरे । पर्य्याय देशित धर्मलाई निष्पर्य्याय देशित पारे, निष्पर्य्याय देशित धर्मलाई पर्य्याय देशित गरे । नीतार्थलाई नेय्यार्य पारे, नेय्यार्यलाई नीतार्थ गरे । त्यसकारण दीपवंश पञ्चम परिच्छेदमा यसो भनेको छ –

"महासंगीतिका भिक्खु विलोमकंसु सासनं ।
भिन्तित्वा मूल संग्रह अञ्ञं अकंसु संगहं ॥
अञ्ञत्र संगहितं सुत्तं अञ्ञत्र अकरिंसुते ।
अत्थं धम्मं च भिन्दिंसु निकायेसु च पञ्चसु ॥
परियाय देशितं चापि अथो निप्परियायदेसितं ।
नीत्थंचेव नेय्यत्थं अजानित्वान भिक्खवो ॥
अञ्ञं सन्धाय भणितं अञ्ञं अत्थं ठपयिंसुते ।
व्यञ्जनच्छाया ते भिक्खु बहुं अत्थं विनासयुं ॥
छड्डेत्वा एकदेसं सुत्तं विनय गम्भिरं ।
पतिरुपं सुत्तविनयं तञ्च अञ्ञं करिंसुते ॥
परिवारं अत्थुद्धारं अभिधम्मं छप्पकरणं ।
पटिसम्भिदञ्च निद्देसं एकदेशञ्च जातकं ॥
एत्तकं विस्सज्जेत्वान अञ्ञानि अकरिंसुते ।



Downloaded from http://dhamma.digital

नामंलिङ्ग परिक्खारं आकप्पकरणीयानि च ॥
पकतिभावं जहेत्वा तञ्च अञ्ञं अकंसुते ॥"

तथागतको परिनिर्वाणदेखि एक सय वर्षसम्म निष्कलङ्क चली आएको निर्मल स्थविरवादी भिक्षु संघमा यसरी आचार्य मतको कारणबाट तथागतको परिनिर्वाणबाट एकसय बर्षपछि भेद निस्क्यो । अतएव बुद्ध वर्ष एकसय वर्षपछि बुद्धधर्ममा दुइ समूह भयो । मूल थेरवादी र त्यसबाट अलग्ग भएर निस्केको महासांघिक ।

यो वृजिपुत्रक भिक्षु संघको बीचमा आचार्यमत निकाल्ने कुनचाहिँ हो भन्ने कुरा पालि साहित्यमा स्पष्ट देखिंदैन । महासंघिकहरूले गरेको संगायनामा को प्रधान भयो भन्ने विषयमा पनि केही थाहा छैन । वसुमित्र महास्थविरको अनुदित चीन भाषाको पुस्तकमा एक कारण देखिन्छ । त्यो यस्तो छ –

कनिष्क अधिराज्यको समयमा भएको वसुमित्र महास्थविरले रचना गरीराखेको 'निकाया वलम्बन शास्त्र' भन्ने ग्रन्थको वर्णन लेख्ने परमार्थ महास्थविरले आफ्नो ग्रन्थमा महासंगीतिको पक्षमा प्रधान भिक्षु महादेव स्थविर हो भनी र उनी स्थविरले 'अवतंसक' र 'प्रज्ञापारमिता' नामक सुत्त पनि रचना गरे जसको कारण मूल स्थविरवादी निकायबाट छुटेर महासांघिक निकाय निस्क्यो भनी भनेको छन् । ☛

---

☛ *भारतीय बौद्धाचार्य, पृ १–बुद्धदत्त महास्थविर*



Downloaded from http://dhamma.digital

यस सम्बन्धमा हुयेनसाँङ्गको यात्रा पुस्तकबाट पनि केही कारण देखिन्छ। त्यसमा यसरी लेखेको छ :–

परिनिर्वाणको एकसय वर्ष पछि महादेव भन्ने स्थविरले अरहत स्थविरहरूले स्वीकृत नगरेको ग्रन्थ रचना गऱ्यो। यसकारण महासंघिक दल निस्के। जापानको किमुरा पण्डितले 'महासांघिक निकायको मूल भिक्षु महादेव स्थविर हो' भनी भन्यो। *

महासांघिक निकाय निस्कन विवादको कारण भएको कुरा महादेव स्थबिरले निम्न पाँच कारण देखाएको छ भनी नलिनाक्षदत्त पण्डितले आफ्नो पुस्तकमा * यसो भनेको छ :–

(१) अरहत भिक्षुले आफुले नजानीकन पनि पापगर्न सक्छ,
(२) अरहत भईसकेपछि पनि आफू अरहत भएको थाहा नपाउन सक्छ,
(३) धर्म सम्बन्धि कुनै कुरामा अरहतहरूको पनि शंका हुन सक्छ,
(४) आचार्यको सहायता नभैकन अरहत हुन सकिदैन,
(५) ध्यान भावना गरीरहँदा 'अहोदुख!' भनी भन्नुपर्छ।"

यी पाँच कारण नलिनाक्षदत्तजीले भव्य, वसुमित्त, विनितदेव आदि पूर्वाचार्यहरूको चीन भाषानुदित पुस्तक उद्धृत गरी लिएको हो। यी पाँच कुरा ई. जे. थोमस् महाशयले अलि फरक गरी लेखेका छन •।

---

* *Early History of the spread of Buddhism and the Buddhist schools P. 229*

• *Origin of Buddhist thought .*



Downloaded from http://dhamma.digital

स्थविरवादी महास्थविरहरूको पालि ग्रन्थमा यो कुरा किन उल्लेख नभएको भन्ने विषयमा नलिनाक्षदत्त पण्डितजीले यसो भनेका छन् – "स्थविरवादी भिक्षुहरू विनयगरूक भएको हुँदा विनय सम्बन्धि निस्केका मतभेद मात्र लिएका होलान, महासांधिक भिक्षुहरू धर्मगरूक भएको हुँदा धर्मसम्बन्धि निस्केका वाद-विवादका कुरा मात्र लिएको हुनसक्छ।" सम्भवतः यी कुरा त्यस्तै हुनसक्छ। परन्तु यी पाँच कुरा चीन भाषाका ग्रन्थमा मात्र देखिन्छ।

ल्हासाको ग्रन्थमा त विनय सम्बन्धि दश वटा देखीएको कुरा माथी उल्लेख भइसकेको छ। चाहे विनय, चाहे धर्म – जुनसुकै सम्बन्धमा मतभेद निस्केको होस्, मतभेद भएर मूल स्थविरवादी संघबाट छुटेर महासांधिकवाद निस्केको कुरा त निर्विवाद सिद्ध छ।

समय बितेपछि उपर्युक्त महासांधिक निकायबाट फेरी अर्को 'गोकुलिक' र 'एकब्बोहारिक' भन्ने दुइ आचार्य मत निस्के।

पुनः कालान्तरमा गोकुलिक दलबाट 'पञ्ञत्तिवाद' र 'वाहुलिक' भन्ने दुइ दल निस्के। बाहुलिक अथवा बहुस्सुतिक दलबाट पुनः चेतियवाद' भन्ने मत निस्क्यो। यसरी भगवान परि निर्वाणको दुइसय वर्षको बिचमा महासांधिक निकायबाट पाँच दल निस्के।

यही दुइसय वर्षको बिचमा थेरवादी भिक्षु संघबाट 'महिंसासक' र वज्जिपुत्तक' भन्ने दुइ मत निस्के।



Downloaded from http://dhamma.digital

पुनः वज्जिपुत्तक दलबाट 'धम्मुत्तरिय', 'भद्दयानिक', छन्नगरिक (छन्नागारिक)' र 'सम्मित्तीय' भन्ने चारथरी निस्के ।

महिंसासक तर्फबाट 'सब्बत्थिवादी' र 'धम्मगुत्तिक' भन्ने दुइ थरी निस्के ।

फेरी सब्बत्थिवादीको तर्फबाट 'कस्सपिक' र 'संकन्तिक' भन्ने दुइ थरी निस्के ।

संकन्तिक तर्फबाट 'सुत्रवादी' भन्ने एक थरी निस्के ।

यस प्रकार दुइ सय वर्षको बीचमा मूल थेरवादीको तर्फबाट एघार थरी भएर निस्के ।

(१) महिंसासक (२) वज्जिपुत्तक (३) सब्बत्थिवादी
(४) धम्मगुत्तिक (५) धम्मुत्तरिय (६) भद्दयानिक
(७) छन्नागरिक (८) सम्मित्तिय (९) कस्सपिक
(१०) संकन्तिक (११) सुत्तवादी

महासांघिक तर्फको पाँच :-

(१) गोकुलिक (२) एकब्बोहारिक (३) पञ्ञत्तिवादी
(४) चेतियवादी (५) बहुस्सुतिक ।

एघार र पाँच गरी १६ तथा मूल थेरवादी र महासांघिक गरी दुइ समेत जम्मा १८ निकाय भयो । यति निकाय तृतीय संगायना अगावै भैसकेको थियो । यति मध्ये १७ छुटेर गएका वाद भए एक नछुटेका मूल वाद भयो । तसर्थ दीपवंशमा भनेको छ –

"सत्तरस भिन्नवादा एकवादो अभिन्नको,
सब्बेवट्ठारस होन्ति भिन्न वादेन ते सह ।
निग्रोधाव महारुक्खो थेरवादानमुत्तमो ॥"



Downloaded from http://dhamma.digital

यी अठार निकायको विषयमा वसुमित्र स्थविर (ई. १००) को "निकायवलम्बन शास्त्रमा" यस्तो भनेको छ :–

महासांघिकको तर्फबाट भेद भएको आठ निकाय यस्तो छ –

(१) एक व्यवहारिक (२) लोकोत्तरवादी (३) कौकुटिक
(४) बहुश्रुतिय (५) प्रज्ञप्तिवादी (६) चैत्यशैल
(७) अपर शैल (८) उत्तर शैल

स्थविर तर्फबाट भेद भएर निस्केको एघार निकाय यस प्रकार छन् –

(१) सर्वास्तिवादी (२) उत्तरिया अर्थात् संक्रान्तिवादी
(३) विभध्यवादी (४) हेतुवादी (५) वात्सीपुत्तीय
(६) धर्मोत्तरिय (७) भद्रवानीय (८) सम्मितीय
(९) महिंसासक (१०) धर्मगुप्तिक (११) काश्यपीय अर्थात् सधर्म वर्षक * ।

ल्हासामा ई. १२९० –१३६४ को बीचमा भएको युडोन् रिम्पोछे स्थविरले रचना गरी राखेको "भिक्षु वर्षाग्रपुच्छा" भन्ने ग्रन्थको अनुसार अठार निकाय यस प्रकारको छ –

महासांघिक निकायको शाखा :–

(१) पूर्वशैल (२) अपरशैल (३) हेमवत
(४) लोकोत्तरवादी (५) प्रज्ञप्तिवादी ।

---

** भारतीय बौद्धाचार्य पृ. ४०*



Downloaded from http://dhamma.digital

सर्वास्ति निकायको शाखा :–

(१) मूल सर्वास्तिवादी (२) काश्यपीय
(३) महिंसासक (४) धर्मगुप्त (५) बहुश्रुतिय
(६) ताम्रसाटीय (७) विभज्यवादी ।

सम्मितीय महानिकायको शाखा :–

(१) कौन कुल्लुक (२) आवन्तिक (३) वात्सीपुत्रीय ।

स्थविरिय महानिकायको शाखा :–

(१) महाविहारवासी (२) अभयगिरिवासी
(३) जेतवनवासी । ●

*

● *भारतीय बौद्धाचार्य पृ. २०६*



Downloaded from http://dhamma.digital

# तृतीय संगीति

## राजावली

कालाशोक राजाले अट्ठाइस (२८) वर्षसम्म राज्य चलाई सकेपछि उनका दसजना छोराहरूले A २२ वर्षसम्म राज्य गरे। त्यसपछि नौजना B नन्द राजालेहरूले क्रमशः २२ वर्ष राज्य गरे। यसबेला मगध देशका नन्दवंशीय राजाहरूको शक्ति क्रमशः हीन हुँदै गयो। पञ्जाब तर्फ ग्रीक जाति अलेक्जेण्डरले पेल्दै गयो। यही मौकामा मौर्यराज्य स्थापक-शाक्यवंशीय चन्द्रगुप्त राजाले चाणक्य ब्राह्मणको उपदेश मुताविक नन्दवंशका अन्तिम राजा धननन्दलाई मारेर मगधराज्य लियो। पछि ग्रीक शक्ति सबै म्हासेर पठाई दिए। वैदेशिक शत्रुलाई इन्दूतर्फ धपाई ख्याति प्राप्त गरेर चौतिस (३४) वर्षसम्म चन्द्रगुप्त राजाले राज्य चलाये। राजा स्वर्गवास भएपछि उहाँको छोरा विन्दुसार राजालाई राज्य प्राप्त भयो। यो राजाले अट्ठाइस (२८) वर्षसम्म राज्य गऱ्यो।

---

*A भद्दसेनो, कोरण्डवण्णो, मंकुरो, सब्बञ्जहो, जालिको, उभयको, सञ्जयो, कोरब्बो नन्दिवड्ढन्तो तथा पञ्चको यति कालाशोक राजाका छोराहरू। –सारत्थ दीपनी, पृ. १३४*

*B नौ नन्दवंशी राजाहरू – उग्गसेननन्दो, पण्डकनन्दो, पण्डगतिनन्दो, भूतपालनन्दो, रट्ठपालनन्दो, गोविसाननन्दो, सविन्धकनन्दो, केवट्टक नन्दो तथा धननन्दो। –सारत्थदीपनी, पृ. १३४*



Downloaded from http://dhamma.digital

# विन्दुसारको छोराहरू

विन्दुसार राजाका एकसय एक (१०१) छोराहरू थिए a। यिनीहरू मध्ये अशोककुमार र तिष्यकुमार दुवै एउटै आमाका छोराहरू b। अरू ९९ राजकुमार सबै विभिन्न आमाहरूबाट पाएका छोराहरू थिए। यिनीहरू मध्ये अशोककुमार जेठो थियो। अशोककी आमा मौर्यवंशकी धर्मदेवी नामकी महारानी थिइन् c। राजधानी पाटलिपुत्र अर्थात वर्तमान पटना थियो।

राज्य निकै विशाल थियो। विन्दुसार राजाले राजकुमार हरूलाई विविध कार्यमा नियुक्त गरे, अशोककुमारलाई युवराज पद दिएर अवन्ति राज्यमा उज्जैन d नगरमै राखी छोडे।

# महेन्द्रको जन्म

एक दिन अशोक युवराज पाटलिपुत्रमा विन्दुसार राजाको चाकरीमा गए। त्यसबखत विन्दुसार राजाले युवराज अशोकलाई उज्जैन नगरमा नै बसेर त्यहाँको राजकाज राम्रोसंग चलाउन भनी आज्ञा गरे। पिताको वचन सुनेर अशोक युवराज अवन्तिमा ने फर्के।

---

*a समन्त पासादिका–पृ. २४, महावंश– पृ. ५१९, सारत्थदीपनी– पृ. १०३*

*b सारत्थदीपनी, पृ.१०७*

*c सारत्थदीपनी, पृ. १२९*

*d वर्तमान मध्य भारतमा ग्वालियर देशमा, पूर्व समयमा अवन्ति राजधानी।*



Downloaded from http://dhamma.digital

फर्कंदा बाटोमा बेदिए (वेदिए) गिरि A भन्ने नगरमा देव (वेटिए) भन्ने सेठको घरमा बास बसेछ।

त्यहाँ सेठको अति सुन्दरी वेटिस गिरि अथवा वेटिस नामकी एक छोरी रहिछ। अशोककुमार तिनी कुमारीसंग आसक्त भयो। पछि तिनका आमाबाबुसंग भनेर विवाह गरे। अनि पछि गर्भ रहेपछि उज्जैन नगरमै लगे। त्यहाँ पुत्र जन्मे जसको नाम महेन्द्र रह्यो। महेन्द्र जन्मंदा भगवान परिनिर्वाण भएर दुइ सय चार (२०४) वर्ष भएको थियो b। यसको दुइ वर्षपछि अशोकलाई एउटी छोरी प्राप्त भयो, जसकी नाम संघमित्रा थिए।

## अशोकको हिंसा

महेन्द्रकुमार १० दस वर्ष हुँदा पाटलिपुत्रमा विन्दुसार राजा सिकिस्त विरामी भयो।

राजाले आफ्नो जेठो छोरा अशोक युवराजलाई समाचार पठाए। युवराज अशोक पनि पिता शिकिस्त छ भन्ने समाचार सुन्ने बित्तिकै छोराछोरी जहानहरू वेटिस गिरिमा नै छोडेर आफू एकलै तुरन्त पाटलिपुत्र पुगे। युवराज अशोक आएर केही दिनमै विन्दुसार राजा स्वर्गवास भयो। युवराज अशोकले आवश्यक क्रियाकाण्ड सबै गरे।

---

*A वर्तमान भोपालदेखि २६ माइल जति पूर्वतिर रहेको भिलसा।*

*B दीपवंश, ६/२१*



Downloaded from http://dhamma.digital

अनि ज्यानको माया नगरेर आएका सुमन c राजकुमार प्रमुख विभिन्न आमाका तर्फबाट जन्मेका उन्नान्सय (९९) राजकुमारहरूलाई मारेर निष्कण्टक युवराज अशोकले पिता विन्दुसार राजाको राज्य प्राप्त गरे a।

अशोक राजाको राज्यले कारणले गर्दा आफ्नो यौवनावस्थामा अति भयङ्कर रूपले हिंसा गरे। आफ्नो शक्ति दरिलो तुल्याउन धेरै नै युद्ध गरे। जुन निर्दयको कारणले अशोक राजालाई 'चण्डाशोक' पनि भने b। यतिले तृप्ति नभई अशोक राजाले त्यसबखतको एक प्रवल राज्य भइरहेको कलिङ्गतिर पनि आक्रमण गरे। कलिङ्ग जित्न अशोकलाई उति सजिलो भएन। कलिङ्ग युद्धमा दुवै थरीको असंख्य जनकाय विनाश भयो। जुन प्राणीघाततलाई देखेर अशोक राजाको चित्त युद्धबाट विमुख भयो। 'हुनत अशोक राजाले पहिलेदेखि नै बुद्धधर्मको कुरा श्रवण गरी नराखेको होइन, तर यो भीषण हत्या नदेखुञ्जेल अशोकले बुद्ध धर्मलाई राम्रोसंग बुझ्न सकेन।

यो घटना देखेपछि अशोकको चित्त कसरी परिवर्तन भयो भने युद्धबलको ठाउँमा धर्मबल बढाउनतिर दृष्टि राखे। युद्धबाट पूर्णरूपले हटे c। कलिङ्ग युद्धमा जय प्राप्त भएपछि अशोकले जहाँ पनि धर्मकै प्रचार गरेको कुरा मात्र अनेक शिलालेख द्वारा प्रमाणित भएको छ।

---

c *सुमन भन्ने विन्दुसार राजाको विभिन्न रानीहरूको तर्फबाट जन्मेका उन्नान्सय राजकुमारहरू मध्ये जेठो राजकुमार।*

a *वेमातिके भातरे सो हन्त्वा एकून सतं। सकले जम्बुद्धीपस्मिं एकरज्जमपापूणि॥ महावंश, ५/१०, सारत्थदीपनी पृ. १३०*

b *"चण्डासोकोति ञायित्थ पुरे पापेन कम्मुना" – महावंश, ५/१९०*

c *अठवषा भिषितषा देवानपियष प्रियदषिने लाजिने कलिग्या विजिता दियढमिते पानषतषहशे यो तफा अप बुढे शतषहष भित्ते तत हते*

(कृ. उ. प.)



Downloaded from http://dhamma.digital

# अशोकको राज्याभिषेक

त्यसबखतको भारतको विभिन्न राज्यलाई एकसूत्रमा बाँधी अशोक राजाले राज्याभिषेक विना चारवर्ष सम्म चलायो। त्यसपछि बुद्ध परिनिर्वाणपछि दुइ सय अठार (२१८) वर्ष हुँदा सम्पूर्ण भारतमा एकच्छत्र गरी राज्याभिषेक लिए a। यस बखत महेन्द्रकुमार चौध वर्ष भएको थियो b। अभिषेकको समयमा अशोक राजाको अग्रमहारानी असन्धिमित्रा भएको थियो c। असन्धिमित्रा महारानी स्वर्गवास भएको चार वर्षपछि अशोक राजाले तिश्यरक्षा नामक कुमारी विवाह गरे। जसले बुद्धगयामा रहेको बोधिवृक्ष विनाश गरे d। आफूले राज्याभिषेक प्राप्त गरी सकेपछि अशोक राजाले आफ्नो साक्खै भाई तिश्यराजकुमारलाई युवराज पदमा राखे e।

---

*हते वहुतावतके वा मते ततोपछा अधुना लधष कलिग्येषु तिवे धमवाये धंमकामता धंमानुषथि चा देवानं पियषा षे अथि अनुषये देवानं प्रियषा विजिनितु कलिग्यानि। अविजितं हि विजिनमने एतता बध वा मलने वा अपवहे वा जनषा वाढष वेदनियमुते गुलुमुते चा देवान पियषा। –* Corpus Inscripionum Indicarum, Vol. I, P, 43-44। *प्रज्ञा कीर्ति स्थविरको आगमा हा समाज पृ. ११५*

*a समन्तपासादिका –पृ. २४; महावंश–५/२१; दीपवंश ६/१*

*b दीपवंश, ६/२३*

*c समन्तपासादिका, पृ. २४*

*d महावंश २०/२–५*

*e "राजाभिसित्तो सोसो को कुमारं तिस्ससन्हयं।*
*कणिट्ठं संसोदरियं उपरज्जे भिसेचयि" – महावंश, ५/३५*



Downloaded from http://dhamma.digital

# अशोकको समय

यद्यपि अशोकको समयमा भिक्षु संघमा धर्म विनय दर्शन तथा आचार्यमत आदिका कारणले मूल थेरवादी बाहेक सत्र १७ शाखा-प्रशाखा भइसकेको थियो । तथापि यसबेला सम्म पनि थेरवादी शासनको प्रतिष्ठा र प्रचार यथेष्ठ थियो ।

सर्वस्ति आदि अन्य निकायको प्रचार भएपछि यसको प्रतिस्था भएको थिएन । यति मात्र होइन अशोकको राज्यकालमा बुद्ध शासनमा अनेक उपद्रव तथा कलङ्क निस्की रहे । जसको कारणमा पछि तृतीय संगीति गर्नुपऱ्यो ।

सम्राट अशोकको चित्त दिनपर दिन धर्मतिर आकर्षित हुँदै गए । सदाचार र परस्पर कर्तव्य पालन गर्नु विषयमा ध्यान दिन थाले । जीवनको महत्व बुझेर सत्य धर्मको गवेषण गर्नथाले । सम्राट अशोकका बाजे बुबाहरू बौद्ध थिएनन् । चन्द्रगुप्त राजाका उपदेशक ब्राह्मण भएको हुँदा तीर्थिकादि तपस्वीहरूलाई माने । अशोक राजाले पहिल्यै देखि बौद्धहरूको संगत अलि अलि गरी राखेको हुँदा निग्रोध श्रामणेर भेटिसकेपछि खुल्लम खुल्ला बौद्धधर्म स्वीकार गरे *।

---

** Neither Chadragupta nor his son bindusara were Buddhist; but third of the race, Piyadasi, best known under the name of Ashoka ( in Pali Asoka) openly adopted the now popular creed Buddhism.*

*[Buddhism, P. 221 - Rhys David]*



Downloaded from http://dhamma.digital

त्यसपछि सकेसम्म देश विदेशमा धर्म प्रचार गर्न पठाए ★ । यो धर्म प्रचार कार्यले गर्दा अशोकको नाउँ त्यसबेला मात्र होइन, अहिलेसम्म पनि समुद्रपार सम्म प्रचार हुँदैन छ ✱ । समन्तपासादिका अनुसार अशोक राजाका पिताहरूले चलाई राखेको साठी हजार ब्राह्मण पासण्डहरूलाई दिइने भोजनदान अशोकले पनि केही कालसम्म दिए ।

---

★ *अयि च मुखमुत विजये देवानंप्रियस यो धुम विजयो सो च पुन लधो देवनंप्रियस इह भवेषु च अंतेषु अषषु पियोजनशतेयु यत्त अंतियोको नम यो नरज परं च तेन अतियोकेन चतेरे रजति तुरमये नम अंतिकिनि नम मक नम अलिकसुदरो नम निच चोड पड अव तंव पंणिय एवमेव हिद रजविषवस्पि योनकं योयेषु तभकन भितिन भोजपितिनिकेषु अंधु पलिदेषु सवत्र दैवेन प्रियस धुमनशस्ति अबुवटंति - Corpus Inscriptionum Indicarum Vol. I, P. 66-67 (आगम हा समाज पृ. १२१)*

✱ *His (अशोक) names is honourd wherever the teachings of the Buddha have spread, and is reverenced from the Volga to Japan, from Ceylon and Siam to the borders of Mongolia and Siberia . If a man's fame; say Aoppen, can be measured by the number of hearts who rever his memory , by the number of lips who have mentioned and still mention him with honour, Ashoka is more famous than Charlemagne or Caeser ? - [Buddhism P.221-222, Rhys David].*

✱



Downloaded from http://dhamma.digital

# अशोक र निग्रोध श्रामणेर

एक दिन अशोक राजाले मन्त्रीहरूलाई आफ्ना आफ्ना साधुफकीरहरू मध्ये ठूला ठूला साधु महात्मालाई निमन्त्रणा गरी ल्याउ भनी आज्ञा दिए। उनीहरूले पासाण्डादि ब्राह्मण तपस्वीहरूलाई बोलाएर ल्याए। राजाले तिनीहरुलाई आफू आफूलाई योग्य आसनमा बस्न हवस् भनी निवेदन गरे तिनीहरू मध्ये कोही राम्रा खाटमा बसे, कोही फलेकमा बसे। यिनीहरूको आचरण देख्ने बित्तिकै अशोक राजाले "यिनीहरूसंग केही सार छ जस्तो लाग्दैन " भन्ने मनमा थानी तदनुसार भोजन गराई विदा दिई पठाए। अशोक राजाले यसरी अनेक साधु सन्तहरूलाई बोलाई बोलाई धर्मको गवेषण र चर्चा गरे।

एक दिन राजप्रसादको ठूलो झ्यालमा बसिरहेका अशोक राजाले दर वारको अगाडिबाट गइरहेको हिसिले युक्त, बालक भए पनि बालकपन नभएको, हात गोडा आँखा चञ्चल नभएको अत्यन्त इन्द्रिय संयम भएको, साँचिकै भिक्षुको स्वभावले युक्त भएको, जन्मले सात बर्ष मात्र भए तापनि गम्भीरपन भएको, हात्ती लीलाले भिक्षा माग्दै गइरहेको निग्रोध श्रामणेरलाई देखे। देख्ने बित्तिकै मानौं चुम्बकले खिचे झैं राजाको चित्त निग्रोध श्रामणेरको बाहिरिक शीलाचारले आकर्षित गऱ्यो। श्रामणेरको गमनलीला देख्ने बित्तिकै राजाले यस्तो मनमा लियो कि "यिनी भद्रमुखी श्रमणसंग अवश्य नै सारधर्म ज्ञान हुन सक्छ, नत्र यत्ति सानो उमेरको बालक यति गम्भीर यति संयमितेन्द्रिय भएर हिंड्न सक्ला र' !☛ राजा निग्रोध श्रामणेरको आचरणमा अति प्रसन्न भयो तथा श्रामणेर देखेपछि, राजाको चित्तमा एक अद्भुत स्नेह पनि उत्पन्न भयो।

☛*अयंजनो सब्बोपि विक्खित्तचित्तो भन्तमिग पटिभोग, अयंपन दारको अविक्खितो अति विय आलोकित विलोकितं .................. सोभित। अद्धा एतस्सब्भन्तरे लोकुत्तर धम्मी भविस्सतीति।*

*–समन्तपासादिक, पृ. २६*



Downloaded from http://dhamma.digital

यद्यपि कुनै ग्रन्थमा पनि अशोक राजाको वैसको विषयमा केही कुरा प्रकाश गरी राखेको देखिँदैन । तथापि वहाँको चिन्तनादि स्वभाव हेरेर हामी अनुमान गर्न सक्छौं कि यसबेला अशोक राजा कमसे कम मध्य वैंसको भयो होला । निग्रोध श्रामणेर देख्ने बित्तिकै राजाको चित्त किन उनको प्रति यत्तिको आकर्षित भयो होला भन्ने विषयमा हामी यसो भन्न सक्छौं कि राजाहरू विशेष गरी कौतुहलिक हुनसक्छ तसर्थ त्यति सानो उमेरको श्रामणेर देख्ने बित्तिकै वहाँको चित्त त्यसतर्फ आकर्षित हुनुभयो होला । राजा त के जुनसुकै पनि आकर्षित हुनसक्छ । धर्म शास्त्रानुसार विचार गर्दा पूर्वजन्ममा पनि सम्बन्ध भएको फेरी यस जन्ममा पनि सम्बन्ध भयो भने मनमा अकस्मात स्नेह उन्पन्न हुने कुरा त्रिपिटकमा अनेक निदर्शन छ । निग्रोध श्रामणेरको विषयमा पनि यस्तो कुराबाट मुक्त छैन । पूर्वजन्मको कुरा जस्तै भए पनि वर्तमान कुरा संझेर हेर्दा पनि अशोकको मनमा स्नेह उत्पन्न हुन केही न केही कारण छ । तथा विन्दुसार राजा स्वर्गवास भएपछि अशोक राजाले राज्यको लागी आफ्ना उन्नान्सय दाज्यूभाईहरूलाई मारेको कुरा पाठक-पाठिकाहरूले थाहा नपाएको होइन । अशोकले दाज्यूभाइहरू हत्या गर्दा सुमन कुमारको जहान सुमना भन्ने रानीको गर्भ रहेको थियो । तसर्थ ती रानी त्यही रातमा आफ्नो प्राण रक्षाको निम्ति गुप्तभेषले नगर बाहिर गई एक चाण्डालको आधारमा वहरको वृक्षमुनि बसेर जीविका गरिन् । पछि सुमना रानीले पुत्र जन्माइन् । वहर वृक्षलाई पालि भाषामा 'निग्रोध' भन्छन् । निग्रोध वृक्षमुनि जन्मेको बालक हुँदा त्यस कुमारलाई 'निग्रोध' भनी भने । क्रमशः बालक सात बर्ष लाग्यो ।



Downloaded from http://dhamma.digital

एकदिन महावरुण नामक अरहत महास्थविरले निग्रोध कुमारको पुण्य संस्कार देखी 'यो बालकलाई प्रव्रजित गर्‍यो भने शासनको ठूलो सेवा हुनेछ' भनी विचार गरी सुमना रानीलाई भनेर सात वर्षीय निग्रोध राजकुमारलाई आफुले भार लिई श्रामणेर गरे । निग्रोध कुमार श्रामणेर भएकै दिन आश्रय क्षय भई अरहत भए ।

एकदिन निग्रोध श्रामणेर गुरुहरूलाई गर्नु पर्ने सेवा टहल गरी सकेपछि आमा बसी राखेको ठाउँमा जाने विचारले राम्रोसंग चीवर पहिरी विहारबाट निस्के । आमाकहाँ जान भनेर नगरको दक्षिण द्वारबाट पसेर दरवारको अगाडिबाट गई नगरको पश्चिम द्वारबाट निस्कनु पर्‍थ्यो । यसरी गइरहेको बेलामा अशोक राजाले उनी श्रामणेरलाई देखे । अतः निग्रोध श्रामणेर अशोक राजाका भतिजा थियो । पूर्वजन्ममा पनि यिनीहरू दाज्यूभाई भई आएको कुरा सारत्थ दीपनि ☞ मा मह-व्यापारीको कुरामा देखिन्छ। इत्यादि कारणले अशोकको मनमा श्रामणेर देख्ने बित्तिकै स्नेह उत्पन्न भयो । तसर्थ भनेको छ :-

"पुब्बेव सन्निवसेन पच्चुप्पन्न हितेन वा ।
एवंतं जायते पेमं उप्पलंव यथोदके ।"

*

# अशोकको बौद्ध धर्ममा दीक्षा

अनि राजाले तुरून्त श्रामणेरलाई दरवारमा लिएर आउ भनी दूत पठाए । चाँडै नआएको हुँदा हतारी मानी राजाले दुइ तीन पटक दूत पठाए ।

☞ *पृ. १०८; महावंशमा पनि ५/५१–६६*



Downloaded from http://dhamma.digital

श्रामणेर राजाले बोलायो भनी हतपत गरी नआई आफ्नो भिक्षुलीला अनुसार आए । दरवार भित्रिएपछि श्रामणेरलाई राजाले 'तपाईंलाई योग्य आसनमा बस्नु हवस्' भनी भने । श्रामणेरले आफुले आदर गर्नपर्ने अरू कोही नदेखी सरासर नडराई राजाको सेतो छत्रले ओढाई राखेको सिंहासनमा गए । आफ्नो हातको पात्र राजालाई दिउँ कि जस्तो ढाँचा गरी देखाए । राजाले लिए । श्रामणेर राजसिंहासनको अगाडितर्फ आउँदा नै अशोक राजाले 'आज यिनी श्रामणेर यस घरको मालिक हुनेछ * भनी मनमा चिताए । श्रामणेर पनि राजाको हातमा पात्र दिएर सुशोभितलीलाले राजसिंहासनमा बसे । राजाले श्रामणेरलाई आफ्नो निम्ति तयार गरी राखेको विविध व्यञ्जन सहित प्रणीत भोजन अर्पण गरे । श्रामणेरले मात्रानुसार भोजन गर्नुभयो । भोजन कार्य समाप्त भएपछि राजाले श्रामणेरलाई यसरी निवेदन गरे–

"भन्ते ! तपाईलाई शास्ताले दिइराख्नु भएको उपदेश थाहा छ कि ?

"आँशिक रूपले थाहा छ, महाराज !"

त्यसो भए मलाई आज्ञा गर्नु हवस् ।"

"हुन्छ महाराज !" भनी श्रामणेरले राजालाई योग्य धम्मपद अप्पमाद वग्गको श्लोक पढेर अनुमोदन धर्मोपदेश गरे ☞ ।

---

* *"तस्मि पल्लङ्कमासन्ते राजा इति विचिन्तयि ।*
*ये अज्जायं सामणेरो घरे हेस्सति सामिको ।"*

*-महावंश ५/६६, समन्तपासादिका पृ. २७*

☞ *श्लोक नं. २१*



Downloaded from http://dhamma.digital

"अप्रमादि हुनु नै निर्वाण मार्ग हो; प्रमादी हुनु नै मृत्युको मार्ग हो ।" भन्ने श्लोकको प्रथम पदको अर्थ सुन्ने बित्तिकै अशोक राजाले श्रामणेरलाई "बुझें भन्ते ! समाप्त गर्नु हवस" भनी भने । अनुमोदन धर्मोपदेश सुनी सकेपछि राजाले यसो भने –"भन्ते ! तपाईलाई मैले आजदेखि आठ भाग भोजन चढाउँछु ।"

"त्यसो भए महाराज ! यो भोजन मैले मेरो उपाध्यायलाई चढाउँछु । "

"उपाध्याय भन्ने को हो भन्ते ?"

"ठूलो अथवा सानो दोष देखेर सम्झाउने, भन्ने, दोष रहित गरिदिनेलाई उपाध्याय भन्छन्, महाराज !"

"साधु भन्ते ! अर्को आठ भाग भोजन चढाउँछु ।"

"महाराज ! यो भोजन मैले आचार्यलाई चढाउँछु ।"

भन्ते ! आचार्य भन्ने को हो ?"

"महाराज ! जसले यो शासनमा मलाई जान्नु बुझ्नु पर्ने सिकाई बुझाई 'यसो गर्ने त्यसो गर्ने' भनी आचरण विद्या सिकाई दियो, उनी मेरो आचार्य हुन् ।"

"साधु भन्ते ! अर्को आठ भाग भोजन चढाउँछु ।"
महाराज ! यो भोजन मैले संघलाई चढाउँछु ।"
"भन्ते ! संघ भनेको को हुन् ?"

"महाराज ! जुन संघको कारणले मेरा आचार्य उपाध्यायहरूको र मेरो प्रव्रज्या तथा उपसम्पदा सम्पन्न भयो, भनी तथागतको श्रावक भिक्षुहरू 'संघ' हुन् ।"



Downloaded from http://dhamma.digital

श्रामणेरको कुरा सुनेर राजा सारै खुसि भयो । राजाले फेरी अर्को पनि आठ भाग भोजन चढाए । श्रामणेरले यसलाई स्वीकार गरे । भोलिपल्ट निग्रोध श्रामणेर सहित बत्तीस (३२) जना भिक्षुहरू आएर राजदरवारमा भोजन गरे ।

यसरी निग्रोध श्रामणेर सपरिवार अशोक राजालाई बौद्ध धर्ममा दीक्षित गरेर त्रिशरण सहित पञ्चशील दिएर बुद्ध-धर्म तथा संघ प्रति पृथग्जन अचल श्रद्धा * भएको उपासक तुल्यायो । यो समय राजालाई राज्याभिषेक प्राप्त भई तीन वर्ष नाघेर चार वर्ष लागेको थियो । अशोक राजाले प्रकट रूपमा बौद्धधर्म ग्रहण गरेर साँचैको बुद्धोपासक भएपछि फेरी एक पटक मगधराज्यमा भिक्षुहरूको प्रचार बढ्यो । विशेष गरी थेरवादी पक्षको शासन शक्ति सम्पन्न भयो । जनता पनि क्रमशः बुद्धधर्ममा दीक्षित भयो । पाटलिपुत्रमा सैकडौं हजारौं भिक्षुहरूको केन्द्र स्थापित भयो । निग्रोध श्रामणेरको कारणबाट अशोक राजाको श्रद्धा दिनपर दिन बढ्दै गएपछि
राजदरवारमा भोजन गर्ने भिक्षुहरूको संख्या पनि बढे । अघि विन्दुसार राजाको पालामा दिइराखेको साठी हजार (६००००) ब्राह्मण पासण्डहरूको नित्यदान अहिले साठी हजार भिक्षुहरूलाई हुन गयो ।

अभिषिक्त भएर तीन वर्षसम्म मात्र अशोक राजाले बुद्ध शासन भन्दा बाहिर दान प्रदान गरेa । चार वर्ष लागेपछि बुद्ध शासनमा दान प्रदान गरे b ।

---

** हेर्नुस् लेखकको धम्मपद्वकथा बोधिनी, पृ. १३*

a *"पिता सट्ठी सहस्सानि ब्राह्मणे ब्रह्म पक्खिके । भोजेसि सोपि ते येव तीनि वस्सानि भोजये ॥"–महावंश ५/३६*

b *राजाकिर अभिसेकं पापुणित्वा तीनीयेव संवच्छरानि बाहिरक पासण्डं परिगण्हि, चतुत्थे संवच्छरे बुद्ध सासने पसीदि ।*

*–समन्तपासादिका*



Downloaded from http://dhamma.digital

# अशोकको परित्याग

एक दिन अशोक राजाले हजारौं भिक्षुहरूलाई भोजन गराई सकेपछि भिक्षु संघसित यसरी प्रश्न गरे–"भन्ते ! भगवानले देशना गरी राख्नु भएको धर्म कति छ ?"

"महाराज ! अंगको हिसाबले ९ (नौ) c छ । स्कन्धको हिसाबले ८४००० (चौरासी हजार) छ d !"

संघको यो कुरा सुनेर राजाले एक एक धर्मस्कन्धलाई एक एक विहार बनाई पूजा गर्ने मनमा राखे । एक दिन राजाले ९६0000000 (छ्रयानब्बे करोड) धन पर सारी मन्त्रीहरूलाई आज्ञा दिनु भयो कि ८४ हजार नगरमा विहार तयार गर । यति आज्ञा दिएर अशोक राजाले स्वयं पाटलिपुत्रमा अशोकाराम महाविहार बनाउन शुरू गरे । विहार बनाउने कार्यभार संघकोतर्फबाट महान ऋद्धिबान इन्द्रगुप्त क्षीणास्रव महास्थविरलाई दिए । उनी महास्थविरले आवश्यक ठाउँमा आफ्नो ऋद्धि द्वारा पनि काम चलाए ।

---

c *हेर्नुस लेखकको धम्मपदत्थकथा, बोधिनि पृ. ३५*

d *चौरासी धर्मस्कन्ध मध्ये अभिधर्म पिटकमा (४२०००), धर्म स्कन्ध सूत्र पिटकमा (२१०००), धर्मस्कन्ध र विनय पिटकमा (२१०००), धर्मस्कन्ध छन् ।– त्रिपिटक परिक्षा पृ. १०*



Downloaded from http://dhamma.digital

तीन वर्षपछि सबै ठाउँमा 'विहार सम्पन्न भयो' भनी एकैचोटी पत्र आए। मन्त्रीले यो समाचार राजाकहाँ बिन्ति चढाए। राजा प्रसन्न भएर "त्यसो भए आजको आठ दिनमा सबै ठाउँमा विहारोत्सव हुनेछ। नगरको भित्र र बाहिर बसेका सम्पूर्ण जनताहरूले अष्टशील ग्रहण गरी भव्य रूपले उत्सव गर्नुपर्छ a भनी झ्यालि पिटाउ" भनी आज्ञा गरे। आठौं दिनमा दिव्य लोक जस्तै सजाई राखेको पाटलिपुत्र नगरमा अष्टशील धारण गरेका जनताहरू सबै अशोकाराम विहारमा जम्मा भए। भिक्षुहरू पनि लाखौं जम्मा भए। क्षीणास्रव भिक्षुहरू मात्र पनि एकलाख लगभग उपस्थित थिए b। अशोक राजा पनि राजपरिवार सहित चतुरंगिनी सेना c लिएर अशोकाराममा प्रस्थान गरे।

यस महासम्मेलन देखेर भिक्षु संघको मनमा यस्तो भयो "यदि यसबेला अशोक राजाले आफुले गरेको महान कार्य देख्न पाए राजा बुद्ध शासनमा अति प्रसन्न हुनेछ।" भन्ने विचार गरेर "लोकविवरण" d

---

*a सब्बे अट्ठसीलंगानि समादियित्वा अन्तो नगरे च बहि नगरे च विहार मह पटिपादे-तूति।– समन्तपासादिका पृ. २८*

*b तत्थ खीणासव भिक्खू येव सतसहस्स संखा अहेसु।*

*–समन्तपासादिका, पृ. १७*

*c हेर्नुस् लेखकको धम्मपदट्ठकथा, बोधिनी पृ. १७*

*d सम्पूर्ण भूमि समान रूपले फैलिएर देखिने ऋद्धि।*

*–सारत्थदीपनी, पृ. ११२*



Downloaded from http://dhamma.digital

भन्ने प्रातिहार्य देखाई दिए । अशोकाराममा बसेका राजाले सम्पूर्ण जम्बूद्वीपका चैत्य गुणस्मारक पूजनीय विषद, कुनै मुर्ति नभएको, धानको थुप्रोको आकार र घण्टाको आकार भएको चैत्य सहित मनपराउँदो किसिमको चौरासी हजार (८४०००) भिक्षुहरू बस्ने विहार देखे । सबै ठाउँमा उत्सव भइरहेको पनि देखे । यो अद्‌भुत दृश्यलाई देखेर राजा साँचिकै खुशि भए । कतिसम्म खुशि भए भने बुद्ध शासनको कारण मैले जस्तो विशाल धन सम्पत्ति परित्याग अरू कसले गऱ्यो होला भन्ने समेत विचार गरे । अनि राजाले संघमा प्रश्न गरे "भन्ते ! के हाम्रो तथागतको शासनमा यसरी धन परि त्याग गर्ने अरू कोही छ कि ?"

यो प्रश्नको उत्तर दिने अभिभार त्यसबखत हजारौं संघको नेता वयोवृद्ध हुनु भएका, प्रतिसम्भिदा लाभि, महाक्षीणास्रव मोदगलिपुत्र तिष्य "मोग्गलिपुत्र तिस्स" महास्थविरलाई दिए । मोद्‌गलिपुत्र तिष्य महास्थविरको शिष्य परम्परादेखि आएको विनयधर शिष्य हुन् । वहाँको उपाध्याय सिग्गव महास्थविर, आचार्य चन्दबज्जित महास्थविर हुनुहुन्छ । उपालि महास्थविरको परम्पराबाट आएका आचार्यहरू यसप्रकार हुन्–

भगवानको शिष्य उपालि महास्थविर, उपालि महास्थविर को शिष्य दासक महास्थविर, दासक महास्थविरको शिष्य सोनक महास्थविर, सोनक महास्थविरको शिष्य सिग्गव र चन्दवज्जि महास्थविर, सिग्गव महास्थविरको शिष्य मोग्गलिपुत्त तिस्स महास्थविर । तसर्थ भनेको छ–

'उपालि दासको चेव सोनको सिग्गवो तथा ।
तिस्सो मोग्गलिपुत्तो च पञ्चेते विजि ताविनो' ।



Downloaded from http://dhamma.digital

परम्परा विनयं दीपे जम्बु सिरिव्हये ।
आच्छिज्जमानं आनेसुं ततियो याव संग हो A ।

संघको अनुमति प्राप्त भएपछि मौद्गलिपुत्र तिष्य महास्थविरले अशोकराजालाई यसो भने– "महाराज ! यथार्थमा बुद्ध शासनको निम्ति तपाईले जस्तो धनपरित्याग बुद्धकालमा पनि कसैले गरेको थिएन ।" महास्थविरको यो उत्तर सुनेर राजा अति प्रसन्न भयो । साथै मनमा यस्तो विचार गरे– मैले जस्तो शासनको निम्ति धन परित्याग अरू कसैले गरेको रहेनछ । मेरो परित्याग महान छ । मेरो महान परित्याग द्वारा शासन चिरस्थाई हुने छन् । तसर्थ म बुद्धको शासनको अंश्याहारी (= दायाद प्राप्त गर्नु) हुं, अर्थात बुद्ध शासनको नजीकको साखै आफन्त हुं ।"

यति विचार गरीसकेपछि अशोक राजाले आफ्नो मनको शंका निवारणार्थ भिक्षु संघमा प्रश्न गरे– "भन्ते संघ ! यस्तो भएपछि म शासनको अंश्याहारी भएन त ? " B

"महाराज ! यथार्थमा भनौं भने यत्तिले तपाईं शासनको अंश्याहारी भएको छैन तपाईले केवल एक प्रत्यय दायक मात्र हुनु हुन्छ । यति त के पृथ्वीदेखि ब्रह्मलोक सम्म प्रत्यय (दान द्रव्य) भनेर परित्याग गरे पनि शासनको अंश्याहारी हुँदैन ।

यो कुरा सुनेर राजाको मन खिन्न भयो अनि राजाले सोधे "त्यसो भए कसो गरेदेखि शासनको अंश्याहारी हुन पाउँला त ?"

---

*A समन्तपासादिका पृ. १८*

*B "भवोमि नुखो अहं भन्ते सासनस्स दायादोति"–समन्तपासादिका पृ. २८*



Downloaded from http://dhamma.digital

"महाराज ! जसले आफ्नो औरस पुत्रलाई शासनमा प्रव्रजित गर्ला, त्यो व्यक्ति चाहे गरीव होस चाहे धनी शासनको अंश्याहारी हुनेछ ★। किनभने संघपरम्परा नै मात्र तथागतको शासन चिर स्थाई हुन्छ सिवाय अन्यथा हुन सकिंदैन, महाराज ! अतएव यस्तो व्यक्तिलाईनै मात्र शासनको साक्खै आफन्त पनि भन्छन् अंश्याहारी पनि भन्छन् ।

* *

# महेन्द्र र संघमित्राको प्रव्रज्या

मौद्गलिपुत्र तिष्य महास्थविरको कुरा सुनेर अशोक राजाले विचार गरेकि अव मैले कसलाई प्रव्रजित गरेर शासनको अंश्याहारी हुन सकुंला । यति विचार गरेर सभामा हेर्दा महेन्द्र राजकुमार देखेर त्यसलाई प्रव्रजित गर्ने विचार गरे । फेरी प्रश्न आयो कि तिष्य युवराज आफ्नो भाई हजारौं महाजनहरूको साथै प्रव्रजित भएपछि महेन्द्र कुमारलाई युवराज पददिने मनमा निश्चय गरी राखेको । राजा एक घण्टा जति घुरेर अन्तमा प्रियपुत्र महेन्द्र राजकुमारलाई युवराज पदमा राख्नु भन्दा भिक्षु भावमा राख्नुमा श्रेष्ठता देखे । फेरी महेन्द्रको अनुमति पनि वाञ्छनीय भएको हुँदा राजाले पहिले सभामध्यमा आफ्ना सन्मुख बसी रहेका भद्रमुखी राजकुमार संग यसरी सोधे–

"प्रिय पुत्र ! के तिमी प्रव्रजित हुन सक्छौं ?"

महेन्द्र कुमार बालकै देखि अहिंसक तथा सदाचार प्रेमी । अशोकको हिंसादि कुर कार्य देखेर राज्यभोगमा उत्तिको आशा थिएन ।

---

*★यो हि कोचि महाराज अड्ढो वा दलिद्दो वा अन्ततो ओरसं पुत्त पब्बाजेति, अयं वुच्चति महाराज दायको सासनस्सति ।*

*–समन्तपासादिका पृ. २९*



Downloaded from http://dhamma.digital

फेरी काका तिष्य युवराज प्रव्रजित भएदेखि आफुपनि प्रव्रजित हुने ईच्छा गरी राखेका। अतएव पिता अशोकराजाको प्रश्न त त्यसलाई भोकाएको व्यक्तिलाई खाना जस्तै भयो । अनि के चाहियो महेन्द्रको मनमा कमल फुल्यो । पितालाई यसरी उत्तर दियो–"किन नसक्नु महाराज ! सक्छु ; यदि हजुरको राजी भए म आजै प्रव्रजित हुन्छु । मलाई प्रव्रजित गरेर हजुर शासनको अंश्याहारी हुनु हवस ।"

राजालाई यो कुरा "ढुंगा खोज्दा द्यौता" पाएभैं भयो । त्यसबेला संघमित्राको स्वामी अग्नि ब्राह्मण नामक अशोक राजाका जुवाइं पनि तिश्य युवराज संगै नै प्रव्रजित भइसकेको थियो a अशोक राजाले आफ्नो सन्मुख बसेकी संघमित्रालाई पनि "प्रव्रजित हुने इच्छा छ कि" भनी सोधे । संघमित्राले पनि इच्छा छ भने । संघमित्राको सुमन नामको एक पुत्र थियो जुन पछि प्रव्रजित भएर महेन्द्र महास्थविर संगै धर्मप्रचार गर्न लङ्कामा गए b ।

छोरा छोरी दुवै जनाबाट सन्तोषजनक उत्तर सुनेर पछि राजा खुसि भएर संघमा यसरी निवेदन गरेः– भन्ते संघ ! करूणापूर्वक यी राजकुमार र राजकुमारीहरूलाई प्रव्रज्या गरेर मलाई शासनको अंश्याहारी तुल्याई दिनु हवस ।"

---

*a अशोक अभिषेकले चौथो वर्षमा तिष्य युवराज प्रव्रजित भएका थियो । –महावंश ५/१७३, समन्तपासादिका पृ. ३२*

*b समन्तपासादिका पृ. २९, ३२; महावंश ५/१७०–७२*



Downloaded from http://dhamma.digital

संघ सभाले राजाको प्रार्थना स्वीकार गरेर मोग्गलिपुत्र तिष्य महास्थविरको उपाध्यायत्वमा र महादेव महास्थविरको आचार्यत्वमा महेन्द्र राजकुमारलाई प्रव्रजित गरे । तदनन्तर मज्झन्तक महास्थविरको आचार्यत्वमा उपसम्पदा गरे a । यसबेला महेन्द्र बीस (२०) वर्ष पुगेको थियो b । महेन्द्र स्थविर उपसम्पदा भएको ठाउँमै प्रतिसम्भिदा सहित अरहत भए c । संघमित्रालाई पनि आयुपाली "महास्थविरनीको उपाध्यायत्वमा र धम्मपाली महास्थविरको आचार्यत्वमा प्रव्रजित गरे । यसवेला संघमित्रा अठार (१८) वर्ष पुगेको थियो d । महेन्द्र र संघमित्राहरू प्रव्रजित हुँदा अशोक र ाजालाई राज्याभिषेक प्राप्त भएर ६ वर्ष पूरा भएको थियो e ।

उपसम्पदा भइसकेपछि महेन्द्र स्थवरिले तीन वर्ष सम्म आफ्ना उपाध्याय मोग्गलिपुत्त तिस्स महास्थविर कहाँ बसेर दुवै संगीतिमा संग्रह गरी राखेका अर्थकथा (= भाष्य) सहित त्रिपिटक धर्म राम्रोसंग अध्ययन गरे । तीन वर्ष भित्र त्रिपिटक धर्म सवै अध्ययन गरेर पछि अनि स्थविर उपाध्यायका एक हजार शिष्यहरूका प्रधानाचार्य पनि भए । यसबेला अशोक राजाको अभिषेक नौ (९) वर्ष भएको थियो f ।

---

*a* *ततो महिन्दो पब्बजितो मोग्गलिपुत्तस्स सन्ति के, पब्बाजेसि महादेवो मज्झन्तो उपसम्पदा ॥* — *दीपवंश ७/२५*

*b* *महावग्ग ५/२५*

*c* *सो तस्मिं येव उपसम्पदा मण्डले सहपटि सम्भिदाहि अरहन्त पापुणि । समन्तपासादिका पृ. २९*

*d* *महावंश ५/२०१; समन्तपासादिका पृ. २९*

*e* *महावंश ५/२११/ समन्तपासादिका पृ. २९*

*f* *समन्तपासादिका पृ. ३०*

* *



Downloaded from http://dhamma.digital

# शासनमा अर्बुद (कलंक भेद)

अशोक राजाको अभिषेकबाट ८ वर्ष हुँदा पाटलिपुत्रमा कुन्तयुत्ततिस्स नामक एक स्थविर विरामी भएर उपचार गर्न एक मुट्ठि घिउ भिक्षा प्राप्त नहुँदा पछि आकाशमा चढेर परिनिर्वाण भयो ●। यो कुरा सुनेर राजालाई ठूलो दुःख लाग्यो। अहो! यत्रो विशाल मेरो राज्यमा एक मुट्ठि घिउ भिक्षा प्राप्त भएन। परिनिर्वाण हुने भिक्षुलाई आवश्यकतानुसार सत्कार गरेर पछि यही कारणमा अशोक राजाले 'मेरो देशमा कसैलाई पनि औषधि गर्न चाहिने घिउ आदि पदार्थ दुर्लभ नहोस्' भनी नगरको चारै द्वारमा चतुमधु आदि अनेक औषधि द्रव्य परिपूर्ण गरी राखी दिए। यथार्थमा भनौं भने इतिहासमा सर्वप्रथम मानिसहरूको निम्ति र पशुहरूको निम्ति चिकित्सालय (= अस्पताल) स्थापना गर्ने अशोक राजा नै हुन् ❁।

त्यसबखत अशोक राजाले बुद्ध, धर्म तथा संघको विषयमा दिनको पाँच लाख धन खर्च गरे। बुद्ध शासनमा महान–लाभ सत्कार प्राप्त भएको देखेर तीर्थिकहरूले सहन सकेन। लाभ सत्कारको लोभले तिनीहरू भकाभक भिक्षु संघमा प्रवेश भए।

---

● *समन्तपासादिका पृ. ३० ; महावंश ५/२१३–२२९*

❁ *He (अशोक) also established gardens and hospitals for man and beast, and published edicts throuhout his empire, enjoining on all his subjects morality and justice.* *-[Buddhism P. 222, Rhys David]*



Downloaded from http://dhamma.digital

प्रव्रज्या प्राप्त नभएका कुनैले आफैले चीवर धारण गरी आए। भिक्षु संघमा प्रवेश भयो भन्दैमा तिनीहरूले आफ्नो लब्धि छोडेन। झन आफ्ना आफ्ना लब्धि बुद्धधर्मको मुकुण्डो लगाएर प्रचार गरे।

भिक्षु संघका उपोसथादि विनय कर्म आदिमा पनि सहभागी हुन गए। वास्तविक भिक्षुहरूले यी तिर्थिकहरूसंग विनय कर्म गरेनन्। गर्नु पनि कसो ? दृष्टि नै नमिलेपछि। यसकारण भिक्षु संघमा क्रमशः कलंक बढ्दै आयो। एकदिन मौद्गलिपुत्र तिष्य महास्थविर "अव यहाँ बसेर भएन, संघमा कलंक बढेर आयो, यो कलंक झन झन बढ्ने छन्, शान्त गर्न कठिन हुनेछ" भनी आफ्ना शिष्य समूह सबै महेन्द्र स्थविरलाई भार दिएर आफू यथासुख एकान्तवास गर्ने अभिप्राय लिई अहोगंगा नामक पहाडतर्फ जानु भयो। त्यहाँ उनी (७) सात वर्षसम्म बस्नु भयो *। तसर्थ महावंशमा भनेको छ :-

"पहीण लाभ सक्कारा तित्थिया लाभकारणा।
सयं कासायमादाय वसिंसु सह भिक्खुहि॥
यथा सकञ्च ते वादं बुद्धवादी ति दीपयुं।
यथा सकच्च किरिया अकरिंसु यथारूचि॥
ततो मोग्गलि पुत्तो सो थेरो थिरगुणोदयो।
सासनब्बुदमुप्पन्नं दिस्वा तमति कक्खलं॥
तस्सोपसमने कालं दीघदस्सी अवेक्खिय।
दत्वा महिन्द्र थेरस्स महाभिक्खुगणं सकं॥

---

** समन्तपासादिका, पृ. ३०*



Downloaded from http://dhamma.digital

उद्धं गंगाय एको व अहो गंगाम्हि पब्बते ।
विहासि सत्तवस्सानि विवेक मनुब्रूहयं ॥" A

तीर्थिकादि मिथ्यादृष्टिकहरूको कारणले शासनमा मतभेद बढ्यो । मिथ्यादृष्टिकहरूको संख्या वृद्धि हुँदै आएपछि दुर्वच, अनुशासनहीन, अविनीत तथा धर्माधर्म नजान्ने भिक्षुहरू निकै बढे । तिनीहरूले धर्मधर विनयधरहरूको कुरा वास्ता नराखी आफुले पहिले गरी आएको छाँटले कसैले सूर्य पूजा गरे, कसैले होम गरे, कसैले पञ्चाग्नि तपस्या गरे, कसैले बुद्ध शासन नै नाश गर्न खोजे B । यसरी भिक्षु भावमा बसेर तीर्थिकहरूले अनेक उपद्रव मचाए । दमन गर्दा पनि दमन गर्न सकिएन । उपदेश ओवाद गरेर केही फाइदा भएन । यसो भएको हुँदा निर्मल भिक्षु संघले पवारणादि उपोसथ कर्म गर्न छाडे । सात वर्षसम्म प्रातिमोक्ष C उद्देशणा पनि भएन जुन कि शासनको लागि हानिकारक सम्झन आवश्यक थियो । तसर्थ भनेको –

"तित्थियानं बहुत्ताच दुब्बचत्ता च भिक्खवो ।
तेसं कातुं नसक्खिसु धम्मेन पटिसेधनं ॥
तेनेव जम्बुदीपम्हि सब्बारामेसु भिक्खवो ।
सत्तवस्सानि नाकंसु उपोसथ पवारणं ॥" D

---

*A ५/२३०–३५*

*B केचि अग्नि परिचन्ति, केचि आदिच्चं अनुपरिवत्तन्ति*
*केचि धम्मं च विनयं च वोभिन्दिस्सामाति पग्गण्हिसु ।*

*–समन्तपासादिका पृ. १३*

*C हेर्नुस लेखकको धम्मपदट्ठकथा बोधिनी पृ. ३०*

*D महावंश ५/२३५–३७; समन्तपासादिका पृ. १३*



Downloaded from http://dhamma.digital

एक दिन अशोक राजाले सात वर्षदेखि भिक्षु संघहरूको उपोसथादि विनय कर्म भएको छैन भन्ने विषयमा गम्भीर चर्चा गरेर एकजना मन्त्रीलाई डाकेर यसरी आज्ञा दियो –"जाउ भणे विहारमा गएर भिक्षुहरू एकत्र गरी झगडा छिनेर भिक्षुहरूलाई मिलाई उपोसथ गराउ । "

"कसरी झगडा छिनेर उपोसथ गराउने ?" भनी सोध्न लाज मानी 'हवस्' भनी मन्त्री राजाको खोपीबाट निस्केर अरू भारदारहरू संग राजाको आज्ञा सम्बन्धमा सल्लाह गरे । सल्लाहमा यही निश्चय भयो कि जसरी प्रत्यन्त गाउँमा झगडा छिन्दा विपक्षीहरूलाई मारेर कलह शान्त गर्ने हो यो पनि त्यसै त होला । यति निश्चय गरी मन्त्री अशोकाराममा गई विहारमा भएका सबै भिक्षुहरू जम्मा गरी 'मलाई उपोसथ नगर्ने भिक्षुहरूलाई उपोसथ गराउ" भनी आज्ञा दिएर पठाएको छ तसर्थ तपाईंहरूले 'उपोसथ गर्नु हवस्" भनी भने ।

* *



Downloaded from http://dhamma.digital

# तृतीय संगीति

विनयधर भिक्षुहरूले 'संघ शुद्ध छैन तसर्थ यी तीर्थिकहरू संग उपोसथ गर्न सकिदैन' भनी उत्तर दिए। मन्त्रीले दुइ तीन पटकसम्म नगरी हुँदैन भनेर भने किन्तु भिक्षुहरूले यस कुरालाई मानेन। अनि त्यो मुर्ख मन्त्रीले माथिदेखि नमान्ने भिक्षुहरूको शिर छुट्याउन शुरू गरे। मन्त्रीको यो भयङ्कर कार्यलाई देखेर संघको बीचमा बसिरहेका क्षीणास्रव तिष्य महास्थविरले 'अवश्यमेव राजाले भिक्षुहरूलाई मारेर अधिकरण साम्य गर भनी आज्ञा दिइ पठाएको होइन होला यो कार्य यही दुर्बुद्धि मन्त्रीको विचारले गरेको होला' भन्ने सम्झी बसिरहेको आसनबाट उठेर मन्त्रीको अगाडी नै परेको लाइनमा बस्न गयो। उनी भने राजाको साखै भाई तिष्य युवराज थियो। अरू जस्ता साधारण भिक्षु थिएन। मन्त्रीले तिष्य स्थविरलाई चिनेर उनी उपर एकै चोटी प्रहार गर्न नसकी दौडेर राजाकहाँ गएर यसरी बिन्ति गरे–

"महाराज! उपोसथ गर्दैन भन्ने भिक्षुहरूलाई मैले यस्तो गरें किन्तु हाम्रा तिष्य युवराजलाई के गर्ने?"

मन्त्रीको कुरा सुन्ने बित्तिकै राजालाई जिउभरी तातो पानी खन्याए झैं भयो।

"अरे मूर्ख! तिमीले यो के गरेको?" भनेर उतिनिखेरी राजा अशोकाराममा गएर आफुले मन्त्रीलाई भनी पठाएको कुरा बताई संघमा क्षमा प्रार्थना गरे। राजाको त्रसित भावलाई देखेर भिक्षुसंघले उनलाई धैर्य दिलाए। तर राजाको मनमा "अब यो पाप कसलाई लाग्ने होला"।



Downloaded from http://dhamma.digital

भन्ने मात्र विचार आएर चित्तमा अशान्ति भएकोले संघहरूसंग यसरी सोधे–"भन्ते ! अव अर्को कुरा के भनौं, यो पाप कसलाई लाग्ला ?"

यसमा कसैले "महाराज ! तपाईंको आज्ञाले गरेको हुँदा तपाईंलाई नै लाग्छ ।" भने कसैले "महाराज ! तपाईंको मनमा नमिलेको भिक्षुहरूलाई मारोस् भन्ने विचार थियो कि ? " छैन भन्ते !" "त्यसो भए यसको पाप तपाईंलाई लाग्दैन भने । कसैले दुवैलाई लाग्छ भने । निश्चयात्मक रूपले उत्तर सुन्न नपाउँदा राजाको मनमा शान्ति भएन ।
अनि वहाँले यसो भने –

"भन्ते ! मेरो मनको यो शंकालाई यथार्थ रूपले निवारण गरी दिन सक्ने कुनै भिक्षु छैन कि कसो ?"

"छ महाराज !"✿

"को हुनुहुन्छ भन्ते ?"

"मौदगलिपुत्र तिष्य महास्थविर हुनुहुन्छ ।"

---

✿ *सब्बं पवत्तिं तं सुत्वा जात दाहो महीपति ।*
*सीघं गन्त्वा भिक्खु संघं पुच्छि उब्बिग्ग मानसो ॥*
*एवं कतेन कम्मेन कस्स पापं सिया इति ।*
*तेसं अपण्डिता केचि पापं तुह्यन्ति केचितु*
*उभिन्न चाति आहंसु अन्थि तुह्यन्ति पण्डिता ॥*
*तं सुत्वा महाराजा समत्थो अत्थि भिक्खु नु ॥*
*विमति मे विनोदेत्वा कातुं सासन पग्गहं ।*
*अत्थि मोग्गलिपुत्तो सो तिस्सत्थेरो रथे सभा ॥*
*– महावंश ५२४४–४७*



Downloaded from http://dhamma.digital

"उनी महास्थविर कहाँ हुनुहुन्छ ?"
"अहोगंगा नामक पर्वतमा ।"
"बोलाउन पठाए आउनु होला कि भन्ते ?"
"आउनु हुन्छ महाराज ! "

यति कुरा सुनेर राजाले सोहि दिन चारजना धर्म कथिक भिक्षुहरू र चारजना भारदारहरूसंग धेरै नै भिक्षुहरू र सिपाहींहरू पठाएर मोदगलिपुत्र तिष्य महास्थविरलाई बोलाउन पठाए। दूतहरू गएर "राजाले तपाईलाई बोलाउनु भएको छ" भनी भने। महास्थविर आउनु भएन। फेरी अर्को दूतहरू पठाए। तैपनि आउनु भएन। तीन पटकसम्म पनि दूत पठाए । महास्थविर आउनु भएन । तीन पटकसम्म दूत पठाउँदा पनि महास्थविर नआउनु भएकोले राजा अशोकराममा गएर "भन्ते ! महास्थविर किन नआउनु भएको होला ?" भनी संघसंग सोधे। संघहरूले के भनेर बोलाउन पठाउनु भएको महाराज !" भनी सोधेपछि राजाले वृत्तान्त कुरा बताए । "त्यसरी बोलाउनु पठाएर आउनु हुन्न शासनमा अर्बुद्ध भइरहेको छ तसर्थ शासनमल पखाली शासन शोधन गर्नु पर्‍यो आउनु हवस् भनी बोलाउनु पठाउनु भयो भने आउन सक्छ" भनी उत्तर दिए। राजाले त्यस्तै खबर पठाए । उनी महास्थविर आफू बस्नु भएको आसन (चर्म) एउटा समेटेर सैन्यहरूसंगै आउनु भयो ।

उनी महास्थविर गंगापार एक पर्वतमा बसी रहनु भएको छ । तसर्थ उनलाई ल्याउन राजाले आवश्यक सबै संबिधान गरे । महास्थविर आइपुग्यो भन्ने समाचार आएपछि सपरिवार राजा गङ्गामा गएर डुङ्गामा बसेर आउनु भएको महास्थविरलाई स्वागत गर्न घुँडासम्म पानीमा गए ।



Downloaded from http://dhamma.digital

गङ्गाको तीरमा पुगेपछि डुङ्गाबाट ओर्लनु भएको महास्थविरलाई राजाले आफ्नो हात दिए । महास्थविर राजाको हात समातेर झर्नुभयो। राजाको हात समातेको देखेर अङ्गरक्षक सिपाहीं एकजनाले महास्थविरको हत्या गर्न तलवार निकाले । राजाले छायाँबाट यसको आशय बुझेर "अरे निर्बुद्धि नर ! जुन अपराधको कारणमा आज यिनी महास्थविरलाई निमन्त्रणा गरी रहेछु अहिले फेरी वहाँ उपर नै यस्तो कर्म गर्न आँटेको ?" भनी रोके ।

महास्थविरलाई राजाले जनसमूहको साथ आफ्ना राजदर बारको भित्री उद्यानमा लगे । उद्यानको बाहिर तीन चक्का सैन्य राखेर रक्षा गरे। उद्यानमा पुगेर राजाले महास्थविरको पाउ पखालेर तेल लगाए । गमन पीडा शान्त गरी सकेपछि 'उत्पन्न भइरहेको संघ भेद आदि कलंक मेटेर शासन शुद्धि गरेर मेरो मनमा रहेको शंका निवारण गर्न सक्ला के' भन्ने विचार लिई महास्थविरलाई परीक्षा गर्ने विचारले राजाले सर्वप्रथम यसरी निवेदन गरे–

"भन्ते ! मलाई एक प्रातिहार्य हेर्ने इच्छा भइरहेको छ । "

"कस्तो प्रातिहार्य महाराज ?"

"पृथ्वी कम्प हुने भन्ते ।"

"महाराज ! सम्पुर्ण पृथ्वी कम्प हुने कि प्रादेशिक कम्प हुने ?"

"यिनमा कुनचाहीं गाहारो छ ?"

"महाराज ! एउटा बाटामा पानि राखेर त्यसमा भएको सबै पानी चलाउन गाहारो छ कि एक खण्ड भाग पानी चलाउन गाहारो छ ?"



Downloaded from http://dhamma.digital

" एक भागमात्र चलाउन गाह्रारो छ भन्ते !"

"त्यस्तै महाराज ! प्रादेशिक कम्प गर्नु गाह्रारो छ ।"

"त्यसो भए भन्ते ! प्रादेशिक कम्प हुने प्रातिहार्य हेर्छु ।"

"महाराज ! त्यसो भए पूर्व दिशातिर एक योजन पर सीमानाको भित्र बाहिर पारेर एक रथ राख्न लगाउनु हवस् । दक्षिण दिशातर्फ पनि सीमानाको भित्र बाहिर पारेर एउटा घोडा उभ्याउनु हवस् । पश्चिम दिशातर्फ पनि सीमानाको भित्र बाहिर पारेर एक गोडाले टेकाएर एक जना मानिस राख्नु हवस् । उत्तर दिशातिर पनि सीमाना भित्र बाहिर पर्ने गरी एउटा बाटामा पानी हालेर राख्नु हवस् ।"

राजाले त्यस्तै गराए । महास्थविरले अभिज्ञापादक चतुर्थध्यान गरेर "पृथ्वी कम्प हवस्' भनी अधिष्ठान गर्नुभयो । पूर्वतिर सीमानाको भित्र पर्ने रथको चक्का कम्प भयो । बाहिरी भाग चलेन । पानी भाँडाको पानी पनि आधि कम्प भयो । आधि चलेन । यो अद्भुत प्रातिहार्य देखेर "यहाँले शासन परिशुद्ध गर्नु सक्नेछ भन्ने थानेर अशोक राजाले मौद्गलिपुत्र तिष्य महास्थविरसंग पहिले आफ्नो मनको शंका निवारण गर्न यसो भने–

"भन्ते ! मैले एकजना मन्त्रीलाई विहारमा गएर झगडा छिनेर भिक्षु संघलाई उपोसथ गराउ' भनी अह्राई विहारमा पठाएँ किन्तु त्यो मन्त्रीले यस्तो गऱ्यो । अब यसको पाप कसलाई लाग्ला ?"

"महाराज ! यसरी पठाउँदा तपाईको मनमा विहारमा गएर नमिलेका भिक्षुहरूलाई काट्नु पर्छ' भन्ने विचार थियो कि ?"

"छैन भन्ते ।"



Downloaded from http://dhamma.digital

"यदि महाराज ! तपाईको मनमा यस्तो चेतना विचार नियत, चित्त थिएन भने तपाईँलाई यसको पाप लाग्दैन ।"

यति भनेर महास्थविरले 'चेतना हं भिक्खवे कम्मं वदामि, चेतयित्वा कम्मं करोति कायेन वाचाय मनसाति A " भन्ने बुद्ध भाषित सूत्र द्वारा अशोक राजालाई राम्रोसंग अववोध गराउनु भयो .

यो सूत्रको निदर्शन रूपमा तित्तिर जातकको कुरा पनि बताउनु भयो । B

महास्थविरको–अभिधर्मानुसार चित्त चेतसिक र कुशलाकुशलादिको हिसाबले राम्रोसंग देशना गर्नुभएको उपदेश शिक्षा द्वारा राजाको शंका निवारण भयो । साथसाथै बुद्धधर्मको तत्त्व पनि राम्रोसंग बुझे ।

मौद्गलिपुत्र तिष्य महास्थविरले राजालाई राजोद्यानमा नै रहेर सातदिनसम्म अभिधर्मादि अनेक सूत्र सहित बौद्धधर्म अध्ययन गराए त्यसकारण भनेको छ–

"वसन्तो तत्थ सत्ताहं राजुद्यानं मनोरमे ।
सिक्खापेसि महापालं सम्बुद्ध समयं सुभ ।" C

* *

# धर्म संगीति

धर्म अध्ययन गरेर सातौं दिनका धर्माशोक राजाले सम्पूर्ण नगरमा भएका सबै भिक्षु संघहरूलाई भेला गराउन दूत पठाए । दूत गएर सम्पूर्ण नगरमा बसी रहेको भिक्षुहरूलाई जम्मा गरी ल्याए ।

---

*A "मनले सङ्कल्प गरेर काय वाक चित्तले काम गर्ने हुँदा भिक्षु हो ! मैले चेतना र (सङ्कल्पविचार) लाई कर्म भनें ।"*

*B "थेरो बोधेसि राजानं वत्वातित्तिर जातकं" –महावंश, ५/२६६*

*C महावंश, ५/२६६–६७*



Downloaded from http://dhamma.digital

सम्पूर्ण जम्बुद्वीपका भिक्षुहरू जम्मा हुन आए। सातौं दिनमा राजा स्वयं अशोकाराममा गएर त्यहाँका भिक्षुहरू सबै भेला गराए a। आफ्ना आफ्ना दृष्टि (मत) मिल्ने भिक्षुहरू अलग अलग समूह गराए। राजा सहित मौद्गलिपुत्र तिष्य महास्थविर पर्दा भित्र बसेर एक एक दृष्टि भएका एक एक समूह भिक्षुहरू बोलाए। 'सम्यकसम्बुद्ध के वादी हुनु हुन्छ' भनी प्रश्न गरे। तिनीहरूले आफ्ना आफ्ना दृष्टि अनुसार कसैले तथागतलाई "सास्वत वादी" भने b" कसैले 'अन्तानन्तिक' भने, कसैले 'क्षमरा विक्षेप' इत्यादि इत्यादि भने c। राजाले मौद्गलिपुत्र तिष्य महास्थविर संग पहिलेनै आफ्नो समयको विषयमा राम्रो संग अध्ययन गरी सकेको हुंदा तीर्थिकहरूको उत्तर सुनेर 'यिनीहरू भगवानका यथार्थ श्रावक संघहरू होइनन्, यिनीहरू मिथ्यादृष्टिक तीर्थिकहरू हुन' भनी जानेर तिनीहरूलाई भकाभक चीवर छुट्राई सेतो वस्त्र पहिराई भिक्षु संघबाट निकाली दिए d।

---

*a* *पेसेत्वा महियं भिक्खु असेसे सन्निपातयि सत्त मे दिवसे गन्त्वा सकाराम मनोरमं कारेसि भिक्खु संघस्स सन्निपात मसेसतो।* —*महावंश, ५/२६८-५९*

*b* *'एकेक लद्धि के भिक्खु पक्कोसित्वान सन्तिकं 'किं वादि सुगतो भन्ते' इति पुच्छि महीपती ते सस्सतादिकं दिट्ठिं व्याकरिंसु यथासकं।"* —*महावंश ५/२७०-७*

*c* *विभिन्न दृष्टिको विषयमा हेर्नुस्, दीघ निकाय ब्रह्मजाल सूत्र।*

*d* *राजा पठम मेव सकसमयस्स उग्गहितत्ता न इमे भिक्खु अञ्ञ तत्थिया इमेति ञत्वा तेसं सेतकानि वत्थानि दत्वा उपब्बाजेसि। "तेमिच्छा दिट्ठिके सब्बे राजाउप्पब्बजापयि।" —समन्तपासादिका पृ. ३५ महावंश, ५/२७१*



Downloaded from http://dhamma.digital

यसरी भिक्षु संघबाट निकालिएका अन्य लब्धिकहरू जम्मा साठी हजार (६०००० ) थिए *। त्यसपछि अरू भिक्षुहरू डाकेर 'तथागत के वादको हुनु हुन्छ' भनी सोधे। तिनीहरूले 'महाराज ! तथागत विभज्जवादी" भनी उत्तर दिए। राजाले महास्थविर संग यसरी सोधे – "भन्ते ! तथागत विभज्जवादी हो ?" "हो महाराज✸ ।

अनि राजाले अब भने संघ परिशुद्ध भयो भनी मौद्गलिपुत्र तिष्य महास्थविर संग यस्तो निवेदन गरे–

"भन्ते ! संघ परिशुद्ध भयो होइन त ?"

"भयो महाराज !"

"त्यसो भए भन्ते ! संघहरू एकत्रित भएर उपोसथ गर्न हवस"

यति भनेर संघलाई चाहिने सबै व्यवस्था गराई अशोक राजा नगरमा प्रवेश गरे। संघहरूपनि सबै जम्मा भएर एक गोल भई उपोसथादि विनय कर्म गरे। यसरी सात वर्षपछि पुनः भिक्षुहरूको मेल भयो। कलंक मेटियो। सवै संघ एक मत भए।

त्यस बेला त्यहां हजारौं भन्दा बढी भिक्षुहरू जम्मा भइरहेका थिए।

---

* *सब्बे सट्ठि सहस्सानि आसं उप्पब्बजापिता"–महावंश, ५/२७२*

✸ *"अपुच्छि धम्मिके भिक्खु 'किं वादि सुगतो इति।*
*विभज्जवादिताहंसु, तं थेरं पुच्छि भूपति॥*
*विभज्जवादि सम्बुद्धो होति भन्ते ति आह सो।*
*थेरो आमा' ति सुत्वा राजा तुट्ठमनो तदा॥"*

*–महावंश, ५/२७२-७४; समन्तपासादिका, पृ. ३५*



Downloaded from http://dhamma.digital

अनि शासन चिरस्थाइ गर्ने इच्छा भएको संघनायक हुनु भएको मौद्गलिपुत्र तिष्य महास्थविरले शासन शुद्धि गरेर धर्म संगायना गर्ने विषयमा सबै भिक्षुहरूलाई उत्साहित गरेर सबैको अनुमति तथा राय मिलेपछि यथाविधि ज्ञप्ति आदि राखेर पहिले पहिलेका महास्थविरहरूले झैं षडमिज्ञ र प्रतिसम्भिदा लाभि क्षीणास्रव भिक्षुहरू एक हजार (१०००) छान्नु भयो। छानी सकेपछि एक हजार भिक्षुहरू सबै धर्माशोक राजाको संविधानत्वमा अशोकाराम महाविहारमा पहिलेको महाकाश्यप र यश महास्थविरले झैं धर्म र विनय सम्बन्धी प्रश्नोत्तर गरेर शासन शोधन गरेर धर्म संगायना गरे। त्यसैले भनेको छ :–

"अरहन्तानं सहस्सं उच्चिनित्वान नायको
वरं वरं गहेत्वान अकासि धम्मं संगहं।
असोकाराम विहारम्हि धम्मराजेन कारिते।"❀

यसबेला मौद्गलिपुत्र तिष्य महास्थविरले त्यसबखत निक्लीरहेका अनेक वादविवाद र मत मतान्तरलाई खण्डन गरेर बुद्ध वचनानुसार सूत्र धर्म मिलाई विशाल प्रकरणभाषण गर्नु भयो * जसलाई 'कथावस्तु प्रकरण' भनियो।

यस प्रकरणलाई संगायना महास्थविरहरूले सर्वसम्मति लिएर त्रिपिटकको अभिधर्म पिटकान्तर्गत गरीदियो।

---

❀ *दीपवंश, ७/५७, महावंश, ५/२७७–७८*

* *"यथाते धम्म संगीति तिस्सथेरोपि तं तथा। कथावत्थुप्पकरण परवादत्पमद्दने। अभासि तिस्सथेरो च तस्मिं संगीति मण्डले"*

*–महावंश, ५/२७९–८०; समन्तपासादिकामा यस प्रकरण संगायना गर्न भन्दा अगावै भाषण गऱ्यो भनेको छ। पृ. ३५*



Downloaded from http://dhamma.digital

यो संगायना मौदगलिपुत्र तिष्य महास्थविरको प्रधानतामा भयो । संगायनाको काम नौं महिनामा सम्पूर्ण भयो a। यस बेला धर्माशोक राजा अभिषेक वर्षदेखि सत्र (१७) बर्ष पूर्ण भएको थियो । मौद्गलिपुत्र तिष्य महास्थविर उपसम्पदा वर्षदेखि (७२) बहत्तर वर्ष पुगेको थियो b । महापवारणा c को दिन संगायनाको काम सर्व सम्पूर्ण भयो । शासनको निम्ति महान सेवा गरेको हुनाले अशोकराजालाई पछि 'धर्माशोक' भने d। एक हजार त्रिपिटक धारी क्षीणास्रव भिक्षुहरू भेला भएर गरेका संगायना भएको हुँदा यो संगीतिलाई सहश्रिक' पनि भने । पहिले पनि दुइ संगीति भैसकेको हुँदा यसलाई 'तृतिय संगीति' भने तसर्थ भनेको छः–

"कता भिक्खु सहस्सेन तस्मा सहस्सिका ति च ।
पुरिमा द्वे उपादाय ततियंति च वुच्चतीति e।

★

---

*a* *अयं नवहिं मासेहि धम्म संगीति निट्ठिता ।*
*रञ्ञो सत्तरसे बस्से द्वासत्ततिसमो इति ।*
*महापवारणायंसो संगीति संसमापयि ।*
*साधुकार ददन्तिव सासनट्ठिति कारण ।*
*पुरिमा द्वे उपादाय ततियंति च वुच्चतीति ।*

*–महावंश, ५/२८१-८२; दीपवंश, नं. ७/५९*

*b* *दीपवंश, ७/२५ को हिसाबले (७६) वर्ष हुन आउँछ ।*

*c* *हेर्नुस्, लेखकको धम्मपदट्ठकथा बोधिनी, पृ. ४२*

*d* *"धम्मासोकोतिञ्ञयित्थ पच्छा पुञ्ञेन कम्मुना ।"*

*–महाव्रंश , ५/१९१*

*e* *समन्तपासादिका, पृ. ३५*

*



Downloaded from http://dhamma.digital

# नामावली


## अ

अंगुत्तर निकाय ३१

अजातशत्रु ४, लाई १९, ३३,

को संरक्षणमा ८, राजकुमारले

३३, राजालाई २३, राजाले २३

अग्नि ब्राह्मण ८६

अनुरुद्ध ३३, महास्थविर २६

महास्थविरका शिष्यहरू ३४

अपदान ३१

अपरशैल ६६

अप्पमादवग्गको ७८

अम्बलट्ठिकको राजागारमै १०

अभयगिरिवासी ६१

अभिधर्मपिटक २९, ३०, ३१

अभिधानप्पदीपिका २१

अलेक्जेण्डरले ६८

अवतंसक ६२

अवन्ति ६९, मा ४०, ६९, मा बस्ने ४१

अवन्तिक ६७

अशोक ७१, ८०, लाई ७०, ले ७१

७४, को राज्यकालमा ७३,

कुमार ६९, ७० कुमारलाई ६९

युवराज ६९, को चित्त ७१, को

समयमा ७३, को मनमा ७६

अशोक राजा ७६, ८८, को ८८, को

चित्त ७१, का ७४, का जुवाई ८६

का भतिजा ७७, को ७६,

को श्रद्धा ८०, लाई ८४, ८७,

९७, १०१, ले ७१, ७२, ७३,

७५, ७६, ७७, ७८, ८१, ८२

८४, ८५, ८८, ९१

अशोकाराम ८२, मा ८२, ८३, ९२,

९४, ९८, महाविहार ८१, १००

असन्धिमित्रा ७२, महारानी ७२

अहोगंगा ८९, ९४, पर्वतमा ४०, ४१

पर्वतबाट ४१

आगम हा समाज ७२

आनन्द ४, १०, ११, १४, १५, १६,


Downloaded from http://dhamma.digital

२८, को ८, लाई ४, भिक्षु ४,
स्थविर १, ६, ८, १६, २५,
स्थविर कहाँ ४६, ४७, स्थविरका
३४, स्थविरका शिष्य ३४, ४९,
स्थविरले ६, ७, ९, ११, २९
स्थविरलाई १६, २३, २४, ४७,
स्थविरसंग ९, १०, २८, ५०
आयुपाली ८७
इतिवुत्तक ३१
इन्दुगुप्त ८२
इन्दूतर्फ ६८
उग्गसेन नन्दो ६८
उज्जैन ६९, ७०
उत्तर ४६, ले ४७, भिक्षुलाई ४७
भिक्षुसंग ४७, स्थविरले ४७
उत्तरशैल ६६
उत्तरिय ६६
उदान ३१
उदायिभद्र ३३, ले ३३
उदेन राजाले १६
उपनन्द शाक्यपुत्रको कारणमा ३९
उपालि ९
उपालि महास्थविर २५, ८३, ले ८,
२८, २९, परम्पराबाट आएका
८३
उपोसथ संयुक्तमा ५५
उभयको ६८
एक व्यवहारिक ६६
एकब्बोहारिक ६४, ६५

क

कणिष्क ६२
कथावत्थु ३१
कलिङ्ग ७१, युद्धमा ७१
कस्सपिक ६५
काकण्डकपुत्र ३४, यश महास्थविर ५२
काकण्डकपुत्र यश भिक्षु ३९, ४०, को
३९ लाई ३६, ले ३५, ३७, ४०
कात्यायन महास्थविर २६
कान्यकुब्ज ४१
क्याम्बोडिया १८
कालाशोक ३३, ६८, राजाले ३३, ४८,
६८,राजकुमारलाई ३३, राजाको
समय ३४, राजाको संरक्षणमा
६०



Downloaded from http://dhamma.digital

कालिङ्ग ७१, तिर ७१
काश्यपीय ६६, ६७
किमुरा पण्डितले ६३
कुन्तयुत्ततिस्स ८८
कुमार काश्यप महास्थविर २६
कुशीनगर २, ३, मा १, तिरबाट २
कूटागार बिहारमा ३५
केवट्टक नन्दो ६८
कोष्ठित महास्थविर २६
कोरण्डवण्णो ६८
कोरब्बो ६८
कोशम्बी ६०, नगरमा १६
कोशम्बीमा ४०, ५७
कौकटिक ६६
कौनकुल्लुक ६७

## ख

खुज्जसीभिन ३४, महास्थविर ५१
खुद्दकनिकाय ३१, मा ३१
खुद्दकपाठ ३१

## ग, घ,

गन्धकुटीमा ७
गन्धकुटी बिहार ४८
ग्वालियर ६९
ग्रीक ६८
गोकुलिक ६४, ६५
गोबिसान नन्दो ६८
गौतमले १२
घोषितारामा १६

## च, छ

चण्डाशोक ७१
चन्दवज्जि महास्थविर ८३
चन्द्रगुप्त ६८, ७१, राजाले ६८
चरियापिटक ३१
चाणक्य ब्राह्मणको उपदेश ६८
चाम्पेय्यक विनयवस्तुमा ५६
चूलवग्ग १२, १३, १४, ३०, ३४, ३५, ३७, ३८, ४०
चेतियवाद ६४
चेतियवादी ६५
चैत्यशैल ६६
छन्न भिक्षु १६, लाई १६
छन्न गारिक - ६५



Downloaded from http://dhamma.digital

ज

जातक ३१

जापानिहरूले १८

जालिको ६८

जेतवन विहारमा ३७

जेतवनवासी ६७

त

तथागत १,२,८, ११ बाट २७, ले १४, १५, १६, के वादको हुनु हुन्छ ९९, संम १६

तथागतको २, उपदेश ३, दर्शन ३४, 'तर्कबाट ३२, धर्म-विनय १५, वचनबाट ५३, ५९, परिनिर्वाण-देखि ६२, परिनिर्वाणबाट ६२, शासन ४९, शासनमा २७, परिनिर्वाणपछि १७

ताम्रसाटीय ६७

तित्तिर जातकको कुरा ९७

त्रिपिटक ६१, परिक्षा ८१

तिब्बतमा १८

तिश्यरक्षा ७२

तिष्य ८६, कुमार ६९, युवराज ८५ ८६, ९२, राजकुमारलाई ७२, महास्थविर ९२

थ

स्थविरवादको तरफबाट ६६

स्थविरवादी ६४, भिक्षुहरू ६४ निकायबाट ६२

स्थविरिय महानिकायको शाखा ६७

थाइलैण्ड १८

थेरीगाथा ३१

थेरवादी ६२, ६५, ७३, भिक्षुसंघबाट ६४

थेरीगाथा ३१

थोमस् ६४

द

दक्षिणापथ ४०

दासक महास्थविर ८३

दीघनिकाय २१, ३०, ३१ अर्थकथाको २१, अर्थकथामा २०

दीपवंश २६, ७०, ७२, ८७, १०१, १०१, मा १९, ६५



Downloaded from http://dhamma.digital

दीपवंशानुसार २५
दुल्वा १६, २९
देवदत्तको कुमन्त्रणा ३३


ध

धननन्दो ६८
धननन्दलाई ६८
धन्नुत्तरिय ६५
धम्मपद ३१, ७८
धम्मपदट्ठकथा २६,३९, ४१, ४३
८०, ९०, १०१
धर्मगुप्त ६७
धर्मगुप्तिक ६६
धम्मगुत्तिक ६५
धर्मदेवी ६९
धम्मपाली ८७
धम्मसंगणी ३१
धर्माशोक राजा १०१, ले ९७,
को संविधानत्वमा १००
धम्मुत्तरिय ६५
धर्मोत्तरिय ६६
धातुकथा ३१


न

नन्द ६८, वंशीय ६८
नन्दाथेरी ४८
नन्दा अरहत्नीको ४९
नन्दिवड्ढन्तो ६८
नलिनाक्षदत्त ६४, पण्डितले ६३
नागदास ३३ लाई ३३ ले ३३
नालन्दाको बीच १०
निकायावलम्बन शास्त्र ६२, मा ६६
निग्रोध ७६, कुमारको ७७, कुमारलाई
७७, श्रामणेर ७३, ७६, ७७,
श्रामणेरको ७५, ७६, श्रामणेर-
लाई ७५
निद्देस ३१


प,फ

पञ्ञत्तिवाद ६४
पञ्ञत्तिवाद ६५
पञ्चको ६८
पञ्जाब ६८
पटना ६९




Downloaded from http://dhamma.digital

पटिसम्भिदा ३१
पट्ठान ३१
पण्डक नन्दो ६८
पण्डगति नन्दो ६८
परमार्थ महास्थविरले ६२
परिवारपालि ३०
पाचित्तिय पालि ३०
पाटलिपुत्र ४८, ६९, मा ६९, ७०
८१, ८८, नगरमा ८२
पाराजिक पालि ३०
पावा ५१, वाट २, मा बस्ने ४१, ४६
५०, निवासी ४७, मा ४०
पुग्गलपञ्ञत्ति ३१,
पूर्ण महास्थविर २६
पूर्वशैल ६६
पेतवत्थु ३१
प्रजापति गौतमीलाई १५
प्रज्ञप्तिवादी ६६
प्रज्ञाकीर्ति ७२
प्रज्ञापारमिता ६२
फाहियानले १७, २९

ब

बर्मा १८
ब्रह्मजाल सूत्र १०
ब्रह्मदत्त माणवको १०
बहुलिक ६४
बहुश्रुतिक ६६, ६७
बहुस्सुतिक ६४, ६५
बिम्बिसार राजा १९
बिम्बिसारको हत्या ३३
बिन्दुसार ६८, ६९, राजा ७६, राजाले
६९, राजाको ७१, राजाको
पालामा ८०
बुद्धगयामा ७२
बुद्धघोष २८
बुद्धद्वारा प्रज्ञप्त १४
बुद्धदत्त महास्थविर ६२
बुद्धवंश ३१
बोधिवृक्ष ७२
बौद्धलमया ४५

भ

भगवान् ६, १७, १९, २०, बुद्ध ३७



Downloaded from http://dhamma.digital

३९, ४९, का २५ को ७, ३८
को पालामा ४६, लाई ४७
भन्दा १९, ले ११, १३, १६, २८
३६, ले नबताएको कुरा ३८
भद्दयानिक ६५
भद्दसेनो ६८
भद्रवानीय ६६
भव्य ६३
भारत १८, मा ७२
भारतीय बौद्धाचार्य ६२, ६७
भिलसा ७०
भिक्षु उर्षाग्रपुच्छ्रा ६६
भिक्षुणी विभङ्ग ३०
भूतपाल नन्दो ६८
भोपालदेखि ७०

**म**

मगधदेशका ६८
मगधराज्य ६८
मज्झन्तक ८७
मज्झिमनिकाय ३०
मण्डली ६०
मणिचूड ३८, गामणी ३८
मणिचूड ग्रामणी ३७
मल्लहरूको साल वनमा २
महाकारुणिक ६
महाकाश्यप ३, ११, १००
महाकाश्यप महास्थविर २, ३, ५, ८,
२५, ले ४, ८, ९, १०, १२, १३,
१४,२०, २७, २८,२९, ६०,
महादेव स्थविर ६२, ६३,ले ६३, को
८६
महापरिनिब्बाणसुत्त २८
महापरिनिर्वाण सूत्र ११
महावग्ग ७७, ८७,
महावनमा ४८
महाविभंग ३०
महाविहारवासी ६७
महावंश १७, १९, २२, २३, ३४,
४८, ४९, ५२, ६९, ७१, ७२,
७७, ७८, ८१, ८५, ८८, ८९,
९३, ९७, ९८, ९९, १००, १०१
महासंगिक ६१



Downloaded from http://dhamma.digital

महासंघिक ६१, ६२ ६३, ६५ भिक्षु
हरू ६४, भिक्षुहरूले ६२, को
तरफबाट ६६ वाद ६४
महासंघिक निकाय ६२, ६३, ६४,
बाट ६४, को शाखा ६६
महिंसासक ६४, ६५, ६६, ६७
महेन्द्र ८५, ८७, ७०, कुमार ७०,७२
को ८५, कुमारलाई ५५,

राजकुमार ८५, स्थविरले ८७, महा
स्थविर ८६ स्थविरलाई ८९, को
मनमा ८६
मुण्ड ३३
मूलसर्वास्तिवादी ६७
मोग्गलिपुत्ततिस्स ८३, ८७, महास्थ-
विर ८३
मौद्गलिपुत्र तिष्य ८३, ८४, ८५,८६
८९, ९३, ९४, ९७, ९८, ९९,
१००, १०१
मंकुरो ६८

य

यमक ३१
यश स्थविर ३४, लाई ४५, ले ४२
यश भिक्षु ३४, ३७, ४० लाई३६, ले
३६, ३९, ४५, को कुरा ३६
यश महास्थविरले १००
युडोन् रिम्पोछे ६६

र

रट्ठपाल नन्दो ६८
राज-राजगृह ४, १०, २०, मा
४, ५, ७,
८, ९, १७, २२, ३७, ३९, ५४,
५५, ५९
रेवत ३४, ४१, ४९, लाई ४७
रेवत महास्थविर ४१, ४२, ४५, ४६,
५०, ५१, कहाँ ४७ को ४८, को
सहायता ४१, लाई ४६, ५०, ले
४१, ४२, ४७, ४९, ५१, ५२,
५३, ५५, ५६, ५८, ५९, ६०

ल

लंका १८, मा ८६
फ्लीट् महाशयको १८
लोकोत्तरवादी ६६



Downloaded from http://dhamma.digital

व

वज्जिपुत्तक ६४, ६५

वसुमित्त ६३

वसुमित्र ६२, स्थविर ६६, महास्थ-

विरले ६२

वालुकाराम ५२, ६०

वासभगामिक ३४, महास्थविर ५१

वात्सिपुत्रीय ६७

वात्सिपुत्तीय ६६

विनय पिटक ३०

विनयत्थमञ्जुसा २०

विनितदेव ६३

विभंग ३१

वभज्यवादी ६६, ६७

विमानवत्थु

विलियम् गाइगर १७

वेद ७०

वेदिस ७०, गिरि ७०

वेब्भार पर्वतको ८

वेलुवन कलन्दक निवापमा ३७

वैशाली ३५, ४८, ६०, मा ३५, ३९

४६, ४९, ५०, नगरमा ३४, ३७

निवासी ३६, ३९, ४०, ४५,

४६, ५१, निवासी भिक्षु ६०

वंगीस महास्थविर २६

वृजिदेशमा ३४

वृजिपुत्रक ६२, भिक्षुहरूका ३६, ४८

भिक्षुहरू ३४, ४६, ४८, ६०,

भिक्षुहरूलाई ३६, भिक्षुहरूले

३५, ३६, ३७, ३९, ४५, ४६,

४७, ५०, ६०, ६१

श

शाक्यमुनि बुद्ध ३७

शाक्यमुनिन्द्र १

३१ शासनवंशमा १८

श्रावस्ती ६, ३७, नगर ६, मा ६,

५३, ५४, ५६, ५९

स

सञ्जयो ६८

सप्तपर्णी गुफामा ८, १७

सत्तसतिक ६०




Downloaded from http://dhamma.digital

सद्धर्मरत्नाकर ६१
सद्धर्मवर्षक ६६
सब्बञ्जहो ६८
सब्बत्थिवादी ६५
सम्भूत ३४, ४० महास्थविर ५१,
महास्थविरलाई ४२, ४९
समन्तपासादिका १८, १९, २०, २५
२७, २९, ३०, ३१, ३२, ६९,
७२, ७४, ७५, ७८, ८१, ८२
८४, ८५, ८६, ८७, ८८, ८९
९०, ९८, ९९, १००, १०१, मा
२१, २३
सम्यक्बुद्ध ९८
सम्राट अशोकका ७१
सम्राट अशोकको चित्त ७३
सम्मितीय ६५, ६६, महानिकायको
शाखा ६७
सर्वकामी ३४
सर्वकामी महास्थविर ४९,५०,५१
ले ६०, संग ५०, ५१, ५२
सर्वास्ति निकायको शाखा ६७
सर्वास्तिवादी १८, ६६, हरूको विनय
२९
सविन्धक नन्दो ६८
सहजातिमा ४१, ४६, ४९
सहश्रिक १०१
सुत्तपिटक ३०
सुत्तवादी ६५
सुत्तनिपात ३१
सुत्तविभङ्गमा ५४, ५६, ५९
सुदिन्न कलन्दक पुत्रको ९
सुप्रिय परिब्राजक १०
सुभद्र भिक्षुद्वारा २०
सुभद्र भिक्षुले ३
सुमङ्गल विलासिनी २०, २१, २५
३०
सुमन ३४, ७६, ८६, महास्थविर ५२
सुमना ७६, रानीलाई ७७,रानीले ७६,
सुसुनाग ३३, राजा ३३,
सूत्रपिटक २९, ३१
सूत्रवादी ६५
सूत्रविभङ्गमा ५३, ५८, ५९



Downloaded from http://dhamma.digital

साणवासी सम्भूत स्थविर ४०
सारत्थदीपनी ३०, ३१, ६८, ६९
७१, ७७, ८२
साल्ह ३४, महास्थविर ५१
सिग्गव ८३, महास्थविर ८३
सोनक महास्थविर ८३
सोरेय्य ४१
संकान्तिक ६५
संकाश्य ४१
संक्रान्तिकवादी ६६
संघमित्रा ७०, ८७, लाई ८६, ८७, ले
८६
संयुक्तनिकाय ३१
संक्षिप्त बुद्धजीवनी २५
ह
ल्हासामा ६६
ल्हासाको पुस्तकमा ४४
हुयेनसाँगले २९
हुयेनसाँगको यात्रा ६३
हेतुवादी ६६
हेमवत ६६

# गाथा–सूचि

अञ्ञे पत्थि महाथेरा २६
अञ्ञत्र संगहितं सुत्तं ६१
अञ्ञं सन्धाय भणितं ६१
अयं नवहि मासेहि १०१
अति भीतो अह्यु राजा ४८
अपुच्छि धम्मिके भिक्खु ९९
अरहन्तानं सहस्सं १००
कता भिक्खु सहस्सेन १०१
अशोकाराम विहारम्हि १००
उद्धं गंगाय एको व ९०
उपालि दासको चेव ८३
उभिन्न चाति अहंसु ९३
एत्तकं विस्सज्जेत्वान ६२
एवं कतेन कम्मेन ९३
एकेक लद्धिके भिक्खु ९८
पाणिनं अनुकम्पाय २५



Downloaded from http://dhamma.digital

कारेसि भिक्खु संघस्स ९८
केचि अग्गि परिचन्ति ९०
चण्डासोकोति ञायित्थ ७१
चतुत्तिंसेव सुत्तन्ता ३०६
छड्डेत्वा एकदेसं ६१
ठपेत्वा चतुरोपेते ३२
ततो मोग्गलिपुत्तो सो ८९
ततो महिन्दो पब्बजितो ८७
तस्मिं पल्लङ्कमासन्ते ७८
तस्सोपसमने कालं ८९
तित्थियानं बहुत्ताच ९०
ते सस्सतादिकं दिट्ठिं ९८
तेनेव जम्बुदीपम्हि ९०
थेरेहि कतसंगहो २६
थेरो बोधेसि राजानं ९७
द्वासीति बुद्धतो गण्हिं ३२
दियड्ढ सत्त सुत्तन्ता ३०
दिब्बचक्खुम्हि अनुरुद्धो २६
धम्मासोकोति ञायित्थ १०१
धुतवादानं अग्गो सो २६
नवसुत्तसहस्सानि ३१
पकतिभावं जहेत्वा ६२
परियाय देसितं चापि ६१
परिवारं अत्थुद्धारं ६२
पहीणलाभसक्कारा ८९
परम्परा विनयं दीपे ८३
पिता सट्ठीसहस्सानि ८१
पुन्ना च धम्मकथिकानं २६
पुब्बेव सन्निवासेन ७७
पुरिमा द्वे उपादाय १०१
पेसेत्वा महियं भिक्खु ९८
भारियं तं कतं कम्मं ४८
महापवारणायं सो १०१
महासंगीतिका भिक्खु ६१
यथा सकञ्च ते वादं ८९
यथा ते धम्मसंगीति १००
राजाभिसित्तो सो सोको ७२
वसन्तो तत्थ सत्ताहं ९७
वस्मानं दुतिये मासे २३
बहुस्सुतानं आनन्दो २६
विभज्जवादी सब्बुद्धो ९९
विभज्जनम्हि कच्चानो २६
विमति मे विनोदेत्वा ९३
वेमातके भातरे सो ७१
सत्तमासेहि निट्ठासि २५
सत्तरस भिन्नवादा ६५
सत्तसुत्तसहस्सानि ३१
सब्बकामी पुथुविया ४९
सब्बं पवत्तिं तं सुत्वा ९३
सब्बे सट्ठिसहस्सानि ९९
सम्पत्ते चतुत्थे मासे २५



Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाल भाषा)

१. महासतिपट्ठान सूत्र
२. बुद्धया झिंनिगू विपाक
३. अभिधर्म (भाग - १)
४. ऋद्धि प्रातिहार्य
५. वासेट्ठी थेरी
६. यःम्ह म्हयाय्
७. पञ्चनीवरण
८. भावना
९. एकताया ताःचा
१०. प्रेमं छु ज्वी
११. त्रिरत्न गुण स्मरण
१२. बुद्ध पुजा विधि (प्र.सं.)
१३. मैत्री भावना
१४. कर्तव्य (प्र.सं.)
१५. मिखा
१६. परित्राण
१७. हृदय परिवर्तन
१८. बुद्धया अन्तिम यात्रा (भाग -१)
१९. बुद्धया अन्तिम यात्रा (भाग - २)
२०. कर्म
२१. बाखं (भाग - १)
२२. बौद्ध ध्यान (भाग-१)
२३. बोधिसत्व
२४. शाक्यमुनि बुद्ध
२५. अनत्तलक्खण सुत्त
२६. मत्ति भिंसा गति भिनि
२७. अहिंसाया बिजय
२८. बाखं (भाग-३)
२९. महास्वप्न जातक (प्र.सं.)
३०. लक्ष्मी द्यो
३१. अभिधर्म (भाग-२)
३२. बाखंया फल (भाग-१)
३३. बाखंया फल (भाग-२)
३४. क्षान्ति व मैत्री
३५. प्रार्थना संग्रह
३६. बाखं (भाग-२) (द्वि.सं.)
३७. प्रौढ बौद्ध कक्षा
३८. मूर्खम्ह पासा मज्यू
३९. बुद्धया अर्थनीति
४०. श्रमण नारद
४१. उखानया बाखं पुचः
४२. पालिभाषा अवतरण (भाग-१)
४३. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
४४. पालि प्रवेश (भाग-१)
४५. पालि प्रवेश (भाग-२)
४६. चमत्कार
४७. बाखं (भाग-४)
४८. राहुल यात उपदेश
४९. अभिधर्म
(चित्तकाण्ड छगुया संक्षिप्त परिचय)
५०. मणिचूड जातक
५१. महाजनक जातक
५२. गृही विनय (तृ.सं.)
५३. चरित्र पुचः (भाग-१)
५४. बौद्ध ध्यान (भाग-२)
५५. शान्तिया त्वाथः
५६. बुद्ध व शिक्षा (ख)
५७. विश्व धर्म प्रचार देशना (भाग-२)
५८. जातक माला (भाग -१)
५९. त्रिरत्न वन्दना व सूत्र पुचः
६०. चरित्र पुचः (भाग-२)
६१. त्रिरत्न वन्दना व पञ्चशीलया फलाफल
६२. लुम्बिनी बिपस्सना
६३. विश्व धर्म प्रचार देशना (भाग-१)
६४. योगीया चिट्ठी
६५. संक्षिप्त बुद्ध जीवनी
६६. बुद्ध धर्म
६७. जातक बाखं
६८. जातक माला (भाग-२)
६९. सर्वज्ञ (भाग-१)
७०. पालि प्रवेश (भाग-१,२)
७१. किशा गौतमी
७२. जप पाठ व ध्यान
७३. धर्म मसीनि
७४. तेमिय जातक
७५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायके (प्र.सं.)

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाल भाषा)

७६. धम्मपद (श्लोकवद्ध)
७७. बाखँ (भाग-५)
७८. सप्तरत्न धन
७९. सर्वज्ञ (भाग-२)
८०. दान
८१. वम्मिक सुत्त
८२. मध्यम मार्ग
८३. महासिहनाद सुत्त
८४. भिंम्ह काय् व म्हयाय्
८५. भिक्षु जीवन
८६. समथं व विपश्यना संक्षिप्त भावना विधि
८७. महानारद जातक
८८. भिंम्ह मचा
८९. विवेक बुद्धि
९०. भंग लाइम्ह लाखे
९१. बुद्धपूजा विधि (द्वि.सं.)
९२. स्वास्थ्य लाभ
९३. शिक्षा (भाग-१)
९४. शिक्षा (भाग-२)
९५. दृष्टि व तृष्णा
९६. विपश्यना ध्यान
९७. सतिपट्ठान भावना
९८. बाखँ (भाग-६)
९९. धम्मचक्कप्पवत्तन सुत्तं (प्र.सं.)
१००. गौतम बुद्ध
१०१. नेपालय् २५ दँ जिगु लुमन्ति
१०२. बुद्ध व शिक्षा (क)
१०३. शिक्षा (भाग-३)
१०४. शिक्षा (भाग-४)
१०५. महा स्वप्न जातक (द्वि.सं.)
१०६. धम्मपद ब्याख्या (भाग-१)
१०७. धम्मपदया बाखँ
१०८. अभिधर्म (भाग-२) (द्वि.सं.)
१०९. संसारया स्वापू
११०. धम्मपद (मुल पालि सहित नेपाल भाषाय् अनुवाद) (पाँ.सं.)
१११. आदर्श बौद्ध महिलापिं
११२. बौद्ध नैतिक शिक्षा (भाग-१)
११३. वेस्सन्तर जातक
११४. निर्वाण (रचना संग्रह)
११५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (द्वि.सं.)
११६. पालिभाषा अवतरण (भाग-२)
११७. दीर्घायु ज्वीमा
११८. न्हृगु त्रिरत्न वन्दना व धम्मपद
११९. मनूतय्गु पहः
१२०. संस्कृति
१२१. कर्तव्य (द्वि.सं.)
१२२. विशेषं म्ह मफैवले पाठ यायेगु परित्राण
१२३. बुद्धया करूणा व ब्रह्मदण्ड
१२४. विरकुशया बाखँ
१२५. त्रिरत्न वन्दना व परित्राण
१२६. धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१२७. पट्ठानपालि
१२८. कर्म व कर्मफल
१२९. शिक्षा (भाग-५)
१३०. धर्मया ज्ञान (भाग-२)
१३१. संक्षिप्त बुद्ध वंश (भाग-१)
१३२. संक्षिप्त बुद्ध वंश (भाग-२)
१३३. अभिधर्म द्वि.सं. (भाग-२)
१३४. अभिर्धम पालि
१३५. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
१३६. अनन्तलक्खण सुत्त (द्वि.सं.)
१३७. बुद्धपूजा, धम्मपद व ज्ञानमाला (प्र.सं.)
१३८. त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१३९. धम्मचक्कप्पवत्तन सुत्त
१४०. बुद्ध वन्दना विधि व बुद्धया भिंनिगू विपाक
१४१. मनूतय्गुपह (द्वि. सं.)
१४२. प्रौढ बौद्ध कक्षा (द्वि. सं.)
१४३. न्हापाँयाम्ह गुरु सु ? व अमूल्यगु धन
१४४. बौद्ध स्तुती पुचः
१४५. तिरत्न बन्दना परित्त सुत्त
१४६. त्रिरत्न वन्दना व परित्राण
१४७. सूत्र पुचः (प्र. सं.)
१४८. शाक्यमुनि बुद्ध (द्वि.सं.)
१४९. तृष्णा

मुद्रक : नील मरस्वती छापाखाना, लाजिम्पाट, फोन नं.. ४४३३०५४

Downloaded from http://dhamma.digital